# अध्याय एक

# शोध परिचय

## १.१ शोधको परिचय

किरात जातिलाई नेपालको अति नै प्राचीन, मूलवासी वा आदिवासीका रुपमा चिनिन्छन् । जुन जातिलाई नेपालको मात्र नभएर एशिया महादेशकै रैथाने जातिका रुपमा मानिन्छ । जुन कुरोलाई उनीहरुले *सूतूलूङ दोप्माक* पूजा गर्दा सोह्रश्राद्ध, पितृ वा पितृपूजाको समयमा, चुलो पुजारी, होमे, कुविमी, नाक्छुङ, नागीरेले आफ्नै दोदूमी भाषामा न्वागी दोप्माका गर्दा  वा (नागदेऊ) र (चमाङ्ग दोप्माक) कुलपितृ पूजामा सूँवाचा) तर्पणपानी र पिण्डहरु दिँदा र उधौली र उभौलीमा नाग नागेनीको पूजा गरिँदा, नेपालको हिमालय खण्डहरुदेखि लिएर भारतीय उपमहाद्विपको गंगा नदीको किनार हुँदै, मुखद्विपमा पुगी पुन गंगा मैदान हुँदै फेरी नेपालकै सप्ताकोशीको बाटो हुँदै हिमालयको काखहरुमा घुमफिर गरी जिवन निर्वाह गरेको किरात पूर्वजहरुले भोगेका घटना क्रमका कैरनहरु वा दोदूमी भाषा (दच्चीखँ) मन्त्रहरुमा उल्लेख गरेबाट पुष्टि हुन्छ । हाल किरात चै धर्मको र राई चै जातिका रुपमा चिनारी र पहिचान दिने गरेका छन् । यी किरात राईहरुका मुख्य बसोबास क्षेत्रहरु नेपालका पूर्वाञ्चल क्षेत्रलाई मानिन्छ जसलाई ओल्लो किरात, माझ किरात र पल्लो किरात प्रदेश भनी चिनिने गर्दछ (Grierson, 1967, page 316) । नेपाली समाजमा विविध विषमताको फरक-फरक विशेषताहरु भएता पनि अन्तर्राष्ट्रिय जगतका दृष्टिकोणको हेराईले नेपाली समाजलाई शान्तिप्रिय समाजका रुपमा स्वीकारेका छन् । समयको परिवर्तन कालखण्डहरुका अन्तरालका चुनौतीहरुका सामु, नेपालको संविधान २०६३ र वि.सं. २०५८ नेपाल सरकार राष्ट्रिय जनगणनाको प्रतिवेदन अनुसार एकसय छब्बिस ओटा जात जातिहरु र एकसय बाईस भन्दा बढी फरक-फरक विशेषताहरु भएका भाषा भाषीहरुबाट बोलीचाली गर्ने जात जातिहरु सूचिकृत भइसकेका छन् । अतः एकसय

छब्बिस जात जातिहरु मध्ये, ५९ ओटा जनजाति वा आदिवासीमा सूचिकृत भइसकेको छ राज्यको तर्फबाट । (स्टाटिक्स इयर बुक सन् २००३) यसैगरी वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार नेपालमा रहेका किरात राईहरुका जनसंख्या ६,२०,००४ रहेको छ । जो राष्ट्रको कुल जनसंख्याको आधारमा २.३% रहेको छ । किरात धर्मको आधारमा ८,०७३६९ रहेको छ । राष्ट्रको कुल जनसंख्याको आधारमा ३.५% रहेको छ । (स्टाटिक्स इयर बुक सन् २०११)

यी किरात राई समुदाय भित्र २८/२९ घरका राई जातिहरु पर्दछन् । यी थरीका राई जातिहरु मध्ये किरात साम्पाङ् राई जाति पनि एक प्रमुख शाखाका रुपमा रहेका छन् । जसका आफ्नै पनको विशेष विशेषताहरु बोकेका साम्पाङ थरका राई समुदाय पर्दछन् । जुन साम्पाङ जातिका जनसंख्या (मदरटङ्गका आधारमा १८,२७० रहेको छ, तर किरात साम्पाङ राई जुम्लेखा केन्द्रीय कार्यालय वैदेशिक विभागअनुसार साम्पाङ भाषी बोल्ने र नबोल्ने गरी जम्मा ५०,००० को हाराहारीमा रहेको दावी गर्दछ । यस किरात साम्पाङ राईहरु भित्र पनि करीब ७५ भन्दा बढी पाछा र उपपाछाहरु विभाजित भइसकेका छन् । (मुकारुङ, वि.सं. २०६६, पृ. ९०) पाछा र उपपाछाहरु जतिसुकै विभाजित हुँदै गए पनि भाषा, संस्कार, संस्कृति चै एकै हुन्छ ।

किरात साम्पाङ राई समुदायका पूर्वज वंश उत्पन्न भएको थात थलो पत्ता लगाउने वा खोज्ने सूत्र (सामेई, सामे र सामेइ) हुन्छ  उदाहरणको लागि साम्पाङ पुरुषको सामे = बुँःङाछापा जसको अर्थ फूलबारीको मालिक र साम्पाङ स्त्रीका सामे = वुँःङाछामा, जसको अर्थ, फूलबारीकी मालिक्नी भन्ने हुन्छ । यहिबाट वंश, शाखा सन्तानहरु निर्माण हुँदै जाने परम्परा रहेको छ । किरात साम्पाङ राई समुदायमा पाछाहरु छुट्टिँदै जाने दुईओटा विधिहरु रहेका छन् । एकमा पवित्र विधि जुन किरात मुद्रदूम अनुसार पवित्र विधि जो पंचभलाद्मीका सामु पाँच थरका राईहरु आपसी भेला भई धर्म फराक गरी ७, १२, ७, १२, १४, २२ पुस्ता पछि पाछाहरु छुट्टिने परम्परा रहेको हुन्छ भने अर्कोतर्फ अपवित्र विधि जो हाडनाता र दूधनातालाई तोडर मूद्दूम

विपरित र समाज कुल वंशको अपच्य विवाह गरेमा त्यस्तालाई हाँगा मर्काई वा ढाँड भाँची जातच्यूत गरी  पाछा उपपाचाहरु छुट्याई दिने परम्परा किरात राई जातिहरुमा रहेको छ । यो परम्परा अन्य थरीका राई जातिहरुमा पनि लागू हुने गर्दछ ।

यसैगरी किरात साम्पाङ राई समुदायका परापूर्व कालबाटै उनीहरुका पिना, पूर्खा, पूर्वजहरुले (सूतूलूङ दोप्माक पूजा गर्ने परम्परा रहेको छ । जुन परम्पराले किरात साम्पाङ राई जातिका जीवन संचालन गर्ने एउटा शासन धिकारीका रुपमा वा कसरी नियन्त्रण गर्ने क्षमताका बारेमा स्वीकार्दछन् । सूतूलुङमा, शिरोपर राखी पूजा गर्दछन् । यसैगरी *सूतूलूङ दोप्माक* पूजाको महत्व, औचित्य, *सूतूलूङ दोप्माक* विधि विधानहरु, *सूतूलूङ पूजा* गर्दा के के सामग्रीहरु जुटाउनु पर्छ आदिको बारेमा खोज हुनुपर्ने थियो । तर आजसम्म खोज भएन *सूतूलूङ पूजा* किरात साम्पाङ राई जातिहरुका पूर्वजन्म देखि लिएर मृत्युपर्यन्तसम्म धर्म संस्कार संस्कृति अति नै घनिष्ट सम्बन्ध रहेको हुन्छ । यही पूजाले किरात साम्पाङ समुदाय लगायत अन्य थर, पाछाका राई जातिहरुमा पनि उत्तिकै आवश्यक रहेकै हुन्छ । यसकारण *सूतूलूङ दोप्माक* पूजाको बारेमा आजसम्म पनि खोज नभएको हुनाले यो शीर्षक शोधको लागि रोजेको हुँ ।

*सूतूलूङ दोप्माक* पूजाका कार्य विधि विधानलाई खास गरी दुई अवस्थामा गरिने प्रक्रियालाई बढी जोड दिएको छ । जस्तैः (१) किरात साम्पाङ राईहरु सर्वप्रथम त सूतूलूङलाई सम्बोधन गरी सूतूलूङलाई नै भोग वलि दिने र पूजाका सामग्रीहरुका केही अंशहरु सूतूलूङ नै पाती प्रसादको रुपमा तर्पण गरी विदा मागिने प्रचलन छ र दोस्रोमा कुनै पनि संस्कार र संस्कृतिका पूजाहरु गर्नुभन्दा अगाडि सर्वप्रथम सूतूलूङलाई शिरोधार्य मानि म, अथवा हामी आज यी खालका पूजाआजा गर्दैछौं है भनेर आज्ञा आदेश मानेर मात्र उक्त चिनाइएका पूजाहरु गरिन्छ । यसो गरिएन भने उक्त गरिएको धर्म र कर्म, विटुलो, अशुद्धि, अपवित्र भै ठानी कार्य सिद्धि प्राप्त नहुने कुविमी (होमे, विजूवाले बताउने गर्दछन् । तेस्रोमा सुङसाका सार्वजनिक पूजा आराधनाहरुमा सूतूलूङमा सम्बोधन गर्ने परम्परा रहेको छैन । यिनै, विषय वस्तुहरुलाई मुख्य आधार

स्तम्भ मानी, सीमाभित्र रही शोध गरिएको छ । जसमा सूतूलूङ दोप्मा पूजाको महत्व विधि विधानहरु, पूजा गरिनुका लागि आवश्यक सर सामग्रीहरु जुटाउने र शोध गरिएको भौगोलिक क्षेत्र भोजपुर र खोटाङ जिल्लाका विविध भूखण्डहरुलाई आधार लिएको छु ।

## १.२ समस्या कथन

किरात साम्पाङ राई जातिहरुले आ-आफ्ना घरभित्र (*सूतूलूङ दोप्माक*) चूलो पूजा गर्ने परम्परा रहेको छ । यो परम्परा किरात साम्पाङ राइहरुका पिता, पूर्खा पूर्वजहरुले अनादिकालदेखि नै गरिल्याएका पुस्तौपुस्ताका हस्तान्तरित हुँदै आएको पाइन्छ । सूतूलूङ दोप्माक पूजा किरात साम्पाङ राई समुदायका पितृपूजा कुल देवताहरु र प्राकृतिक पूजाहरुप्रति बढमि बढी समाहित रहेको हुन्छ । फलस्वरुप सम्पूर्ण किरात राई जातिहरुलाई प्राकृतिक वादी वा पूजकका रुपमा चिनिन्छन् । यसरी सूतूलूङ दोप्माक पूजा गरिने प्रचलन किरात राई जातिहरुमा मात्र रहेको छ । सूतूलूङ दोप्माक पूजा अनादिकालदेखि नै किरात पूर्वजहरुले गरी ल्याएका मातृ वा पितृ स्मरण पूजाका रुपमा मान्दै आएता पनि यस सूतूलूङ दोप्माक शीर्षक बारेमा गहिरो खोज अनुसन्धान आजसम्म नहुनु र अर्कोतर्फ समयको परिवर्तनशील कालखण्डहरुका कालान्तरमा किरात समुदाय सुखभोगी, शहरवासी, बसाईसराई, विदेशी सपना बोकी धर्म परिवर्तनका कारण र अन्तरजातीय विवाह प्रथालाई राज्यबाटै स्वीकृति दिनाले सूतूलूङ दोप्माक पूजा प्रतको मूल्य, मान्यता, आस्था र विश्वासहरु गिर्दो र लोप हुने अवस्थामा पुग्नु नै यसको प्मुख समस्या हो । किरात साम्पाङ राई समुदायले अज्ञातकालबाटै सूतूलूङ दोप्माक परम्परा रहेता पनि यस विषयमा गहिरो तरिकाले खोज नभएको हुँदा यस खोजका लागि निम्न समस्याहरुको पहिचान गरिएको छ ।

किरात साम्पाङ राइहरुले अनादिकालबाट सूतूलूङ दोप्माक पूजा गर्ने परम्परा प्रचलनमा रहेता पनि यस विषयमा गहिरो खोज नभएको हुँदा यस शोधका लागि निम्न समस्याको पहिचान गरिएको छ ।

(१) किरात समुदाय अन्तर्गत पर्ने किरात साम्पाङ राई जातिको विस्तृत साँस्कृतिक परिचय हालसम्म प्रकाशमा आउन नसक्नु,

(२) किरात साम्पाङ राई समुदायमा प्रचलित सूतूलूङ दोप्माक पूजाको बारेमा यथार्थ विवरण प्रकाशमा आउन नसक्नु,

(३) सूतूलूङ दोप्माक पूजाको वास्तविक विधि विधान र पूजा सामग्रीहरु हालसम्म प्रकाशमा आउन नसक्नु ।

## १.३ अध्ययनको उद्देश्य

प्राचीन किरात समुदाय अन्तर्गत किरात साम्पाङ राई जातिहरुले, आदिम, अनादिकाल देखि नै सूतूलूङ दोप्माक पूजा सनातन धर्म साँस्कृतिकै रुपमा आत्मसाथ गरी आएका छन् । हिजो चलिआएको आज छँदैछ । भोलिका अनन्त कालसम्म जीवन्त भैराखोस् भन्ने प्रमुख उद्देश्य रहेको छ । सूतूलूङ दोप्माक पूजा प्रति मूल्य, मान्यता, मान, सम्मान, महिमा, आस्था, विश्वास आदिमा एक रतिभर कमी नहोस् भन्ने विश्वास गरिएको छ । शोधको लागि निम्न प्रकारका उद्देश्यहरु निर्धारण गरिएको छ ।

(१) किरात राई समुदाय अन्तर्गत पर्ने किरात साम्पाङ जातिको विस्तृत साँस्कृतिक परिचय प्रकाशमा ल्याउनु,

(२) सूतूलूङ दोप्माक पूजाको वास्तविक परिचय प्रकाशमा ल्याउनु,

(३) सूतूलूङ दोप्माक पूजाको विधिविधान र पूजा सामग्रीको यथार्थ विवरण खोजी गरी प्रकाशमा ल्याउनु ।

## १.४ अध्ययनको महत्व

किरात साम्पाङ् राई जातिहरुले अनादिकालदेखि नै पुजी ल्याएको सूतूलूङ दोप्माक पूजाको क्रियाकलापहरु भित्र रहस्यगत रुपमा लुकेर छिपेर रहेका शब्द, बोली,

भाषा, अर्थ, परिभाषा, उपदेश, कहानी, मन्त्र, रोषिय, दोदूमी भाषा आदि सन्देशहरुलाई उजागर गरियो । खोज अध्ययन र अनुसन्धान कार्यहरुले जसलाई खोतली, उत्खनन गरी उक्त रहस्यगत तत्वहरुलाई रौंचीरा गरी केलाई छनोट गरी सही र स्पष्ट रुपमा ज्ञानहरु प्राप्त गर्नु नै अध्ययन र अनुसन्धानको महत्वपूर्ण भूमिका रहन जान्छ । जुन सूतूलूङ दोप्माक पूजाले किरात साम्पाङ थरका राई समुदायहरुको मौलिक विशेषताहरुका बारेमा उजागर गर्न ठूलो सहयोग पुऱ्याएकै हुन्छ । सूतूलूङ दोप्माक पूजाको महत्व, किरात साम्पाङ राइहरु बाहेक अन्य सम्पूर्ण फरक-फरक थरहरुका किरात राईहरुमा पनि उत्तिकै आवश्यक, उपयोग, महत्व र औचित्य रहिराखेकै हुन्छ । अध्ययनको महत्व यस प्रकार रहेका छन् :

सूतूलूङ दोप्माक पूजाले सम्पूर्ण किरात साम्पाङ राई जातिहरुको सामाजिक पक्षका अवयवहरुलाई स्वीकार्दछन् ।

(क) सूतूलूङ दोप्माक पूजाको विधि र सामग्रीहरुका बारेमा उपलब्ध गराउँछ ।

(ख) सूतूलूङ दोप्माक पूजा अर्थ विधि पद्धति, सामाग्री साथै पूजा गर्नुको महत्वको बारेमा जानकारी दिनु ।

(ग) किरात साम्पाङ थरका राई जातिको सूतूलूङ दोप्माकसँग संस्कार र संस्कृति सम्बन्धी लिपिवद्ध गरी अभिलेख गर्नु हो ।

## १.५ पूर्व साहित्य समीक्षा

नेपाल र नेपाली समाजमा अनेकौं फरक फरक जातजातिहरुका आ-आफ्नै मौलिक विशेषताहरुको आधार अनुसार स्वतन्त्र र स्वावलम्बी भै जीवन्त हुन रमाउँछन् । नेपाली समाजका विविध मानवीय जातिहरुले अपनाउँदै आएका विविध संस्कार र सांस्कृतिकहरुका जीवन शैलीहरुमा रहस्यमय गुणहरु, अर्थहरु, प्रकृतिहरुका विशेषताहरु लुकी राखेकै हुन्छन् । जुन अनादिकालदेखि जरो गाडिदै, वर्तमान कालका दैनिक

मानवीय जीवन शैलीहरुले विविध घटनाक्रमका आपत, विपत चुनौतीहरुका सामानहरु गर्दै संघर्षरत भोगाइहरुबाट आर्जित अनुभव, ज्ञानगुण, बुद्धि, विवेक, मूल्य, मान्यताहरुलाई मानवशास्त्र, समाजशास्त्र, नैतिक शास्त्र र संस्कार साँस्कृतिक शास्त्रहरुसँग अपरिहार्य र रहस्यगत रुपमा सम्बन्ध रहिराखेकै हुन्छ । जुन रहस्यगत गुणहरु गहिरो वा सुसुप्त र अज्ञात रुपमा रहेका तत्व, गुदी अर्थ र विशेषताहरुलाई विधिगत रुपमा बाहिर ल्याउनको लागि शोध अध्ययन हुनु अति नै आवश्यक हुन्छ । अनुसन्धानले अध्ययनको बारेमा अर्थ, परिभाषा, विशेषता, आवश्यकता, उपयोग, प्रयोग विश्लेषण, महत्व र औचित्यलाई समेत प्रकाश पारेको हुनुपर्छ । जुन समष्टिगत पक्षहरुलाई पूर्व साहित्य समीक्षाले स्पष्ट रुपमा सही, सत्य र प्रमाणित गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेकै हुन्छ । शोधको क्रममा पूर्व साहित्य समीक्षाले प्रक्रियागत अवस्थाका वाधा र अड्चनहरु कठिनाइहरु, समस्याहरु र अन्योलहरु के कति कसरी, कहाँ आइपरेका छन् । त्यसलाई कण-कणका रुपमा रेशा-रेशाको रुपमा, केस्रा-केस्रा गरी रौचिराको रुपमा सत्य र तत्थयका कारणहरु पत्ता लगाई मूल तत्वहरुलाई केलाई, छुट्याई समाधानको बाटो खोजी किटानका साथ, निर्देशन दिने काममा ठूलो सहयोग पुर्‍याएकै हुन्छ । शोध शीर्षक विषयवस्तुमा के, कति, क्षेत्र र पक्षहरुमा शोध भइसकेका छन् र के कति क्षेत्र र पक्षहरुमा शोध खोज हुन बाँकी रहिरहेको छ, आदिका बारेमा गहन तरिकाले पुनः शोधखोज अध्ययन अनुसन्धान गर्ने अवसरहरु पाउने र शोधलाई परिमार्जित, विश्लेषण, परिस्कृत गरी खारिएको अवस्थामा पुर्‍याइ, तिखूर र चम्किलो बनाउनको लागि, ठूलो मौका दिने गर्दछ । ज्ञान र बुद्धि विवेकलाई अज्ञानले ढाकेको हुन्छ जसलाई खोज गरेर पत्ता लगाउन नै पूर्व साहित्य समीक्षाले महत्वपूर्ण भूमिका खेलेकै हुन्छ । पूर्व साहित्य समीक्षाले शोधलाई सहज तरिकाले बुझ्न उद्देश्य पूरा गर्नमा ठूलो सहयोग पुर्‍याएको हुन्छ । साथै अध्ययनको कार्यथलो क्षेत्र, कुन ठाउँलाई बनाएको हो, सो किटान गर्न र समयावधि सीमा परिधी आदिका बारेमा समेत किटान गरी सहजको वातावरण र अनुकूल बनाई दिएको हुन्छ । पूर्व साहित्य समीक्षाले वर्तमान र भविष्यका शोधकर्ताहरुलाई शोध खोजका बारेमा पूर्व

जानकारीको लागि एक महत्वपूर्ण स्रोत वा भण्डारकै रुपमा उपलब्ध भैदिनुपर्छ । साथै पूर्व साहित्य समीक्षा शोधको लागि पकिल्पनाका साथै मार्गदर्शनको रुपमा अति नै आवश्यकीय महत्वपूर्ण अङ्गकै पक्षहरुमा उभिएको हुन्छ । शोधको विषयमा किरात राई जातिहरु भित्र किरात साम्पाङ राइहरुले अनादिकालबाटै मान्ने गरेका सूतूलूङ दोप्माक पूजाको विधि र सरसामाग्रीहरुद्वारा पूजा गर्ने परम्परा नै सीमा मानेको छ र भौगोलिक क्षेत्रहरुको हकमा भोजपुर र खोटाङ जिल्लाका भूभागहरुमा बसोबास क्षेत्रलाई लिएको छु । अन्य क्षेत्रलाई लिएको छैन । आजको भौतिक परिवर्तन र दुनियाँका सामु आधुनिक युगका प्रभावले हरेक क्षण असहज र वेभेलको अवस्थाहरु आए पनि, पत्थर युगदेखि पुजिँदै आएको *सूतूलूङ पूजा*को महत्व विशेषता र औचित्यलाई आजसम्म पनि उत्तिकै आत्मिय महत्वका रुपमा स्वीकारी राखेकै छन् सही किरात समाजले । सत्य र तथ्यका रहस्यहरुलाई केलाउँदै, अर्थपूर्ण र परिभाषाका साथै यथार्थगत रुपमा उजागरको लागि अध्ययन हुनु अति नै जरुरी परिराखेको थियो । जसको सही उत्तरहरु किरात साम्पाङ राई जातिहरुका *सूतूलूङ पूजा*मा मात्र सीमित नभै अन्य थरहरुका किरात राई जातिहरुले पूज्ने गरेका *सूतूलूङ पूजा* गर्ने राई जातिहरुबाट पनि उत्तिकै उत्तरहरु प्राप्त हुन अति नै आवश्यक थियो । वास्तवमा किरात राईहरु किन सूतूलूङमा पूजा गर्छन् भन्ने प्रश्नहरुका उत्तरहरु सिलसिलाबद्ध तरिकाले खोजिएको खण्डमा अनि मात्र *सूतूलूङ पूजा*को आवश्यक उपयोग, उद्देश्य, महत्व, किरात साम्पाङ राइहरुको पहिचान र चिनारीका साथै, औचित्यका बारेमा समेत ऐना झैं छर्लङ्ग भै प्रष्टाइएको छ । तर हालसम्म *सूतूलूङ पूजा*को शीर्षकमा शोध नहुनु*सूतूलूङ पूजा* सम्बन्धी उपुक्त र सरोकार राख्ने खालका लेख रचनाहरु पनि कम हुनु ।

**भिम विक्रम लिम्बु** - (वि.सं. २०५१) किरात याक्थुङ्ग सामाजिक, प्रेम सिंह सेन, लिमबु, सिलगुडी भारत ।

भिम विक्रम लिम्बुले, खम्बु किरात राईहरुका (हुलुङ्ग) भनेर (मिउयोक ट्याक्नी ओक्टवाक सुम-सुम ओक्खाक) भनेर तीन ओटा ढुँगाहरु गाडेर सामको (माटो भूईमा) हुल्लुङमा राखी साम्खा आवाहान प्रत्येक वर्षका सोह्रश्राद्ध औंशीको तिथी मितिको समयमा चूला ढुँगामा वा सूतूलूङमा आ-आफ्ना कुलपितृहरुको सम्झनामा (साम्देन) नामहरु बोलाई पिण्ड तर्पणपानी दिने गर्दछन् । कुलपितृ देवताहरु बोलाउँदा (हुल्लुङ दम्मे रुसुलुङ्ग, रुमालुङ्ग, सप्तलुङ्ग, तारामा, साङगेलुङ, पाखोलुङ, साम्वेलुङ, साम्खा, ताङपा, ताङमा भनी बोलाउँदै हुल्लुङ्ग (चुलामा पिण्ड तर्पणपानी) दिने गर्दछन् । अन्य जातिहरुलाई चुला छुन दिँदैनन् । यदि छोएमा, चुला चोख्याउने प्रचलन छँदैछ । सुजातकी बुहारी घरभित्र भित्र्याउँदा र सुजातमा नै आफ्नो छोरी चेली सुजातको कुटुम्बमा दिँदा चुलालाई साक्षी राख्ने परम्परा रहेको हुन्छ । तर कुजातका छोरी चेली बुहारी भै अमाएमा र आफ्ना छोरी चेलीहरु कुजातको कुटुम्बमा गएमा चुला वा सूतूलूङलाई साक्षी राख्ने परम्परा हुँदैन । सुङसाको रुपमा मानिन्छ । लिम्बुले चुलापूजाका बारेमा यतिका बिबेचना गरेता पनि, वास्तविक विधिविधान र आवश्यक सामग्रीहरुका बारेमा उल्लेख नगरेको र जस्तो देखियो उस्तै लेखियो तर मित्री रहस्यगत विशेषताहरुलाई उजागर गर्ने प्रयास गरिएको छैन । मात्रै अनैपचारिक हिसाबले टिप्पणीका रुपमा मात्रै वर्णन गरेको पाइयो । मैले गर्न खोजेको शोधमा सहयोगी सामाग्रीहरु स्रोतहरु अप्राप्त नै छन् ।

**खड्ग विक्रम राई** - (वि.सं. २०५३) सुम्निमा “किराती लोककथा” प्रकाशक किरात समाज ललितपुर, बागबजार ।

खड्ग विक्रम राईका अनुसार सृष्टिकालमा किरात तुईङवा किरातको पहिलो पूर्वज पूर्खा) ले (सुम्निमा र पारुहाङको प्रतिक स्वरुप सम्झी दुई ढुँगाहरु गाडेर चूलोको अवधारणा गरी पूजा) गर्ने बानी बसाए । समयको काल खण्डहरु वित्दै गएको अवस्थामा, किरातहरुका दर सन्तानहरु फैलिँदै गएको अवस्थामा पहिले सुम्निमा र पारुहाङ प्रतिक वा सिम्बोलिक दुई चुला ढुंगाहरुमा पुन तेस्रो ढुँगा जो घरमुलीको

प्रतिक स्वरुप गाडी तीनओटा ढुँगाहरु गाडी एक चुलोको स्थापना गरी घरको पितृपूजा गर्ने परम्परा बसेको परम्परालाई स्वीकारेका छन् । जुन परम्परा हरेक उधौली र उभौलीको समयमा नयाँ अन्नबाली, फलफूल, कन्दमूल पाकेपछि चोखो केही अंशहरु छुट्याई मृतक, पूर्वजहरु मातृ वा पितृहरुका नाम पुकारी तीन ढुँगाहरु गाडी एक चुलोमा चढाएर मात्र आफूहरुले खान हुने परम्परा बसेको उल्लेख गरेका छन् । तर पूजा गर्ने विधिविधान, आवश्यक सर सामग्रीहरु र को को द्वारा पूजा गरिन्छ ? के का लागि पूजा गरिएको हो आदिको बारेमा केही वर्णन गरिएको छैन र मेरो शोधको लागि सहयोग अप्राप्तै रहेको छ ।

**प्रेम राई परदेशी** (वि.सं. २०६४) किरात दुमी वंशावली, प्रकाशकः किरात दुमी राईचू परिवार, दमक ११ झापा ।

राई परदेशीले चुलोपूजा र साकेला पूजाको उत्पत्तिको बारेमा र त्यसको महत्व र महिमाको विषयलाई बढीमा बढी जोड दिएर उजागर गर्न खोजेका छन् । किरात राई जातिहरुले अति ने प्राचीन कालदेखि नै चुलोपूजा पैतृक कुलदेवताको पूजा गर्दै आएको प्रचलनलाई विवेचना गरेका छन् । उनले चुलोको उत्पत्ति किन, कसरी भयो ? चुलामा पिण्ड तर्पणपानी दिने काम कसरी भयो ? जसलाई आवश्यक र उपयोग युगलाई स्मरण गनु उचित होला जस्ता तर्कहरु उठाएका छन् । उनको तर्क जब आगोको गुणलाई बुझि काँचो वस्तुहरुलाई पोल्ने, तताउने, पकाउने कार्य गर्दा दाउरा ठूटाहरु डडी जाने, माटाका डल्लाहरु फुटिजाने आदि कमजोरीका कारणहरुले गर्दा धेरै समयसम्म टिकिराख्ने ढुँगाको चुलाहरु उपयोग गर्न बाध्य भए होलान् कालान्तरमा आएर चुलाको उत्पत्ति भई आफ्ना कुल पितृ, कुल देवताको रुपमा पूजा आराधना गर्ने परम्पराको शुरुआत गरे होलान् । मूल चुलाको नाम दिवालुङ्ग जसको अर्थ पितापूर्खा पूर्वजहरु दोस्रो चूला सावालुङ्ग जसको अर्थ, छोरा, जो राज्य संचालन गर्ने, तेस्रो चुला, छेवुलुङ जसको अर्थ स्त्री आमा मुमा छोरी चेली अन्नपानीको सृष्टिर्का कै रुपमा मानिन्छ । उनको भनाई रहेको छ कि, वास्तवमा सूतूलूङ भनेको कूल वंश र राज्य

व्यवस्था हो भने साम्खा भनेको पूर्खाहरु अयव पितृहरु छन् । अन्तमा चूला पूजालाई नै राज्य व्यवस्था सम्झेर मूल देवताकै स्थान दिने परम्परा रहेको तर्क र परिकल्पना व्यक्त गरेका छन् । जुन सूतूलूङमा प्रत्येक वर्षमा, नयाँ अन्न बालीहरु नयाँ अदुवा तथा फलफूलहरु कन्दमूलहरका केही चोखो अंशहरु शाखा सन्तानहरुले खानुभन्दा अगाडि आफ्ना स्वर्गीय मातृ वा पितृ पूर्वजहरुलाई चढाएर मात्र आफूले खाने प्रचलनले चूला पूजाको जन्म लिएको र जसको कार्य सम्पादन अग्रज होमे पूजारी भाङपा नाक्छुङहरुले गरेको हुन सक्छ

**चन्द्रकुमार हतुवाली (वि.सं. २०६५)** किरात राई जातिभित्रका केही विशेष संस्कृतिहरु पुस्तक, प्रकाशक, वान्तवा अनुसन्धान प्रतिष्ठान, काठमाडौं, बागबजार, चन्द्रकुमार हतवालीले राई जातिको हुत्लुङ (चुलापूजामा) किरात राई जातिहरु भित्र अनेकौं थर, उपथर, पाछा, उपपाछाहरुका राईहरुमा चूलापूजा गर्ने परम्परा रहिरहेकै छ । जुन पूजाहरु किरात धर्म र मूद्दूम, घेराभित्र आधारित भै गर्ने गर्दछन् । किरात राई जातिहरुका सबभन्दा ठूलो देवता (माङ) कुल देवता नै हुत्लुङ (सूतूलूङ) पूजा नै हो । हुत + लुङ = हुत्लुङ हुन्छ । हुत्को अर्थ खाल्डो वा गहिरो डोव हो । लुङ्गको अर्थ ढुँगा हो । मुद्दूम विधिगत रुपमा खाल्डो खनी गाडिएको तीन ढुँगाहरुलाई नै हुत्लुङ्ग हुन्छ । हुत्को अर्थ खाल्डो वा गहिरो डोव हो । लुङ्गको अर्थ, ढुँगा हो । मुद्दूम विधिगत रुपमा खाल्डो खनी गाडिएको तीन ढुँगाहरुलाई नै हुत्लुङ्ग भनिन्छ । किरात राई जातिहरुका प्रत्येक घरहरुभित्रका उत्तरपूर्वी दिशा वा कुनाको भूईमा खाल्टा खनी, चुला ढुँगाहरु गाडी, सूतूलूङको नामकरण गरी, पूजा गर्न परम्परा रहेको छ । सूतूलूङको संरचनाहरु चारकुने वा चतुर्भूज आकारमा खाल्टा खनी, त्रिभूजकारमा तीनतिर तीनओटा ढुँगाहरु गाडी क्रमशः सुप्तुलुङ, बोविलुङ, कुरिलुङ्ग र वरिपरी चारैतिर घेरामा गाडिएका चारवाई ढुँगाहरुलाई वारालुङ्ग वा तारालुङ्ग पनि भन्ने गरिन्छ । कुलपित् पुजारी, होमे, माङपा, नाक्छुङले चुला अगाडि वस्दा सम्मुख देब्रेतिरकालाई पाखालुङ्ग जो पितापूर्खाको प्रतिक दाहिने तिरकोलाई माखालुङ जो, सूतूलूङ इज्वोत र प्रतिष्ठको प्रतिनिधि मानिन्छ । सूतूलूङलाई अर्को नामबाट सम्बोधन गर्ने प्रचलन छ । चसुमलुङ, जसको अर्थ

अन्नपानी ढुँगा माटोहरु प्रतिक, छेन्विलुङ जसको अर्थ लक्ष्मी धनसम्पत्ति लाभदायक शान्ति सुरक्षा, मायामोह, प्रेम, प्रतिक र सालुलुङ जसको अर्थ, इष्टमित्र दाजुभाई विश्वबन्धुहरु प्रतिक मानिन्छ । *सूतूलूङ पूजा* गर्नाले, राई जातिहरुमा, ज्ञान बुद्धि, शक्ति अन्नपानी, लक्ष्मी धन सम्पत्ति इष्टमित्र दाजुभाइ शान्ती सुरक्षा, सहित, मातृ वा पितृ भावले निरन्तरता पाइ राख्ने आत्मविश्वास गर्दछन् भनी उल्लेख गरेता पनि सूतूलूङमा पूजा गर्दा, कुन कुन पूजा गर्दा सूतूलूङमा भोग वा वलि दिइन्छ । के के पूजा गर्दा सूतूलूङमा सम्वोधन गरेर मात्र अरु पूजाहरु गर्ने बारे खुल्ने र कुन कुन पूजाहरु गर्दा सूतूलूङलाई सम्बोधन गरिँदैन, र ती विविध पूजाहरु गर्दा के के सामग्रीहरु उपलब्ध गराउनु पर्छ र को को द्वारा पूजाको कार्य सम्पादन गरिन्छ आदिका बारेमा केही उल्लेख गरिएको छैन । पूजाहरुका बारे वास्तविक विशेषताहरु के के हुन् त्यसका बारेमा केलाउने काम गरिएको छैन । मेरो शोधको लागि सहयोग पुऱ्याउने खालका स्रोतहरु छैनन् ।

**गडुलमान राई (वि.सं. २०६६)** किरात संस्कार प्रकाशकः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान/नेपाल गडुलमान राईले उनको पुस्तकमा हुत्लुङमो मनुङ (चुलाको परिचय) मा उल्लेख गरे अनुसार (हुत्लुङ) हत्को अर्थ खाल्डो डोव खनेको ठाउँ र लुङटको अर्थ ढुंगा हो । "घसीको सीम्र त्पाल्लाका न्यूवाला हुत्लुङ" जुन भनाई चाम्लिङ राई भाषामा तीन ओटा शब्दहरु मिलेर नै (अगेना + चुलो बनेका हो क्रमशः दायाँतिर चुलो (ह्याक्को) पाखालुङ, जसले बाबु बाजे, पूर्वजहरुका नातागोताहरुका प्रतिक/अर्को वायाँतिरको चूलो (उध्यक्को) भाखालुङ, जसले आमा वजु मातृ पूर्वजहरुका नाता गोताहरुका प्रतिक र मूलचुलो मधी सीप्तीलुङ जसले घरतर्फको पितृ पूजा कार्य, कर्महरु प्रति प्रतिनिधि गरिरहने अवधारणा व्यक्त गरेका छन् । आदि भावनात्मक क्रियाकलापहरुबाटै किरात समुदायहरुका अनादिकालका पूर्वजहरुबाटै सूतूलूङ यी दोप्मा पूजाले गहिरो जराहरु गाडी, एक महत्वपूर्ण संस्कार र संस्कृतिहरु कै सृजना भएको दावी गरेका छन् । यसरी *सूतूलूङ पूजा*को बारेमा धेरै व्याख्या वर्णन गरे पनि तर पूजाको व्यावहारिक रुपमा विधि विधानप्रति केही उल्लेख गरेका छैनन् ।

सामग्रीहरु के के चाहिने हो । के के पूजा गर्दा सूतूलूङमा वली चढाउने, अनि के के पूजा गर्ने भन्दा अगाडि चूलामा सम्बोधन गरिन्छ र सम्बोधन नगरिने पूजा के के हुन सक्छ । आदिको बारेमा उल्लेख छैन । बाहिरी हिसाबले धेरै वर्णन गरे पनि भित्री रुपले व्यावहारिक विधि र पद्धतिका बारेमा विवेचना गरिएको छैन । यस साहित्यले मेरो शोधको लागि सहयोगी स्रोतहरु छैनन् ।

**बालकृष्ण मुकारुङ राई** (वि.सं. २०६७) किरात राई जातिको रीतिरिवाज, श्रीमती प्रेम कुमारी मुकारुङ राई मुद्रण, बिजुली बजार, काठमाडौं मुकारुङ राईले, आफ्ना पुस्तकमा, सुप्तुलुङ, युङमावो (सूतूलूङ) स्थापना गरी किरात राई जातिहरुले आफ्ना मृत पूर्वजहरु मातृ वा पितृहरुका आत्मीय वासको लागि आआफ्नै घरहरुभित्र उपयुक्त भूईमा सूतूलूङ गाडी (साम्खा) पितृहरु बस्ने स्थान चौतारोको रुपमा मानी पूजा आराधना गर्ने परम्पराको बोमा वर्णन गरेका छन् । जुन साम्खा चुलोमा रिदुमी मूद्दुमी ज्ञानी मानी होमे पुजारी माङ्पा, नाक्छुङ आदिद्वारा उनीहरुलाई वास स्थान दिने प्रचलन रहेको छ । सहज र असहज मृत्को घटनाक्रमको आधारहरु टेकेर अन्तत चुलो खाना बनाउनको लागि मात्र नभएर आध्यात्मिक भावनाहरु र संस्कार संस्कृतिहरु र कुलपितृहरुका नाममा पिण्ड तर्पणपानी दिने स्थानको रुपमा गरिएको कुरोलाई दावी गर्नुहुन्छ । चुलो स्थापना गर्दा घरभित्रको मूलथामको पछाडि वर्गाकारको भूईमा खाल्टा खनी तिनकुने आकारमा तीनओटा ढुँगाहरुलाई तीनतिर बराबरी दुरीमा गाडी, क्रमशः दिवालुङ्ग जसको अर्थ, पितृ पूर्खा, तायालुङ जसको अर्थ, बुद्धिजीवीहरु र रुथुलुङ जसको अर्थ समाज प्रतिक मानिन्छन् । यसैगरी अरु अर्थहरुमा पनि मूल्य मान्यता राख्ने गरेका छन् । रुङरीङ जसको अर्थ शक्तिको प्रतिक, छेम्बिलुङ जसको अर्थ, धनसम्पत्ति, छेकुलुङ जसको अर्थ छोरी चेलीहरुका प्रतिक, सावालुङ जसको अर्थ सन्तानहरुको प्रतिक, चसुमलुङ जसको अर्थ अन्नपानीको सहखानी, रुमीलुङ जसको अर्थ जसको अर्थ भदभलादमीको प्रतिक मानिने परम्पराका बारेमा उल्लेख गरेका छन् । तर निजले, *सूतूलूङ पूजा*मा उपयोग गरिने आवश्यक सामग्रीहरुका नामकरण र विधि विधानहरुका बारेमा केही उल्लेख गरेको पाइँदैन । *सूतूलूङ पूजा* गर्नुको उद्देश्य, महत्व, उपयोगिता

पहिचान र चिनारी आदिका बारेमा केही उल्लेख गरेका छैनन् । मेरो शोध पूरा गर्ने सही स्रोतहरु पाइएको छैन ।

**जय सिवहाङ राई (वि.सं.२०६८)** किरात मूद्दूमी भित्रको विज्ञान पुस्तक, प्रकाशः कृष्ण कुमारी राई । छिनामखु ५, भोजपुर, काठमाडौं जय शिवाहाङ राईले, उनको पुस्तकमा चुलोको रुप र सारगा किरात मुद्दूम अनुसार चुलोको नाम तत्यपरक यथार्थपरक वैज्ञानिक रुप पनि भएको दावी गरेका छन् । उनले चुलोमा भएका तीन ओटा ढुँगाहरुका नाम र अर्थहरुलाई यसरी वयान गरेका छन् कि पापालुङ जसको प्रतिक पुरुष प्रधान, मामालुङ जसको अर्थ स्त्री पूर्खा र रमिलुङ जसको प्रतिक लोक समाजको रुपमा स्वीकारेका छन् । पापालुङ चुलो, वायाँपट्टि गाडिएको हुन्छ, जुन चुलोले, किरात मुद्दूमको पवित्र र सहज तरिकाले मृत्यु भै पैतृक वा स्वर्गीय वासस्थान प्राप्त गरेका पूर्वजनका आत्मालाई चुलामा पिण्ड, तर्पणपानी, दिने शर्तमा बाबु बाजेदेखि पारुहाङ्ग पूर्खा, भाङहरु, देवताहरुको प्रतिक ठानी, उधौली, उभौली पर्व शुभ अशुभ, जुनसुकै कार्यहरुमा पनि सम्बोधन गरी ज्ञान बुद्धिहरु धन सम्पत्तिहरु यस सम्मान शक्ति मागिने परम्परा रहेको बताउँछन् । मामालुङ जुन उत्तरपूर्वतिर गाडिएको हुन्छ । जसले आमा मुमादेखि सुम्निमा स्त्री पूर्खाहरुको प्रतिक मानिन्छन् । जुन किरात स्त्रीहरु परिपक्व उमेर पुगी मृत्यु वरण गरेकीहरुलाई (माङ) का रुपमा वा मातृपितृका रुपमा चुलामा राखी तर्पणपानी दिने र सदावहार, शुभ अशुभ जुनसुकै कर्म कार्य गर्दा सम्बोधन गरी ज्ञान बुद्धि धन सम्पत्ति शक्ति प्रतिष्ठान मागने परम्परा रहेको बताउँछन् । रमिलुङ जसलाई इष्टमित्र छरछिमेक मामाली, लोक समाज, प्रतिक मानले प्रचलन रहेको छ । जसले बाह्य शत्रुहरका आक्रमणबाट बचाई संरक्षण गर्छ भन्ने भावना चोटपटक दीन दशाहरुबाट जोगाउने र बचाउने पूर्ख्यौली शक्तिको कामना गर्दछन् । अन्तमा तीन ओटै ढुँगाहरुका समान मान सम्मान स्थान आदर र सप्रतिष्ठाका रुपमा स्वीकार्दछन् । तर किरातहरु सूतूलूङमा कति किसिमका पूजा आराधना गर्दछन् । पजा सामग्रीहर के के प्रयोग गर्दछन् । को को द्वारा *सूतूलूङ पूजा*को कार्य सम्पन्न गरिन्छ आदिको बारेमा

केही उल्लेख गरिएको पाइन्न । मैले गर्न खोजेको *सूतूलूङ दोप्माक* शोध स्रोतहरुका लागि अपर्याप्तै छन् ।

**खगेन्द्र साम्पाङ राई** (वि.सं. २०६९), आदिवासी किरात राई संक्षिप्त चिनारी पुस्तक, प्रकाशन : कल्पना राई, खोटाङ्ग ।

खगेन्द्र साम्पाङ्ग राईले किरात धर्मको संस्कार र संस्कृति पक्षहरुमा किरात जातिहरु प्राकृतिक पूजक र किरात मूद्दूम अनुसार आफ्ना धार्मिक पजा आजाका केन्द्रको रुपमा सूतूलूङ दोप्माक तीन चुलोलाई आत्मीय रुपमा मान्दछन् । यिनै *सूतूलूङ पूजा*बाटै जन्मदेखि मृत्य पर्यन्तसम्म सबै धार्मिक संस्कार, संस्कृतिका कर्मकाण्डहरु गरिन्छन् । तीन चुलोको माझमा एक मिल्दो चिप्लेटी ढुँगो राखिन्छ जसलाई भित्तेलुङ भनिन्छ । तीन चुलोको चारैतिरबाट मिल्दो किसिमले चिप्लेटी ढुँगाहरुले वारको रुपमा गाडिन्छ जसलाई तारालुङ वा वारालुङ भनिन्छ । तीन चुलोलाई आ-आफ्नो तरिकाले यस सम्मान गरी सम्बोधन गरिन्छ । सूतूलूङको अगाडि, जब होमे पुजारी बसेपछि, जसले सूतूलूङमा सम्बोधनका साथ आवाहान गरी दोपोमी भाषमा । आफ्नै दोदोमी भाषाहरुमा आवाहान गर्दै सम्बोधन गर्ने गर्दछन् । सूतूलूङ दोप्मा पूजा गर्दा, खासगरी दुई अवस्थामा गरिन्छ । जस्तै सामान्य वा नियमित अवस्थामा र अर्को विशेष अवस्था भन्नाले अन्नाबालीहरुका विरुबिजन छर्ने र रोप्ने बेलामा (बालीनाली बाँकी थन्काउने बेलामा आफूले खानुभन्दा अगाडि नै आफ्ना मातृ वा पितृ पूर्वजहरुलाई चढाएर मात्र आफूले खाने र उधौली र उभौलीको समयमा न्वागी र पित्रा (भाङ) पूजा गरिन्छ । उक्त चुलो पूजाको समयमा सूतूलूङलाई विशेष मूल्य मान्यताका साथ सम्बोधन गर्दछन् । किरात राई जातिहरुमा किरात साम्पाङ राई जातिहरुमा सूतूलूङ वा दप्लँ (अगेना) स्थापना गर्दा, घरभित्रको उत्तर पश्चिममा कोणमा वरिपरि वस्न वा घुम्न हुने गरी बनाइन्छ । तारालुङको माझमा, (दप्लँ) अगेनामा तीनओटा ढुँगाहरु एक आपसमा नव्वे-नब्बे डिग्रीको दुरीमा बराबरको कोणहरुमा राखी सूतूलूङको स्थापना गरिन्छ । दक्षिण पश्चिमको चुलोलाई (पापालुङ, कुइमालुङ, भनिन्छ, पूर्वबाट पश्चिमतिर

च्यापिउको चुलोलाई मामालुङ, थइमालुङ भनिन्छ । पश्चिमबाट उत्तरतर्फ च्यापिएको चुलोलाई, छेकुमालुङ भनिन्छ ।

पापालुङले माच्छेमलाई, मामालुङले ढिकुटी भण्डारलाई र छेकूमालुङले मूल ढोकालाई हेरेको जस्तो हुनुपर्ने । यसैगरी पापालुङले कुल वंशसँग सम्बन्ध राखेको हुन्छ र छेकुमा लुङले वरपरका छरछिमेक इष्टमित्रसँग सम्बन्ध राख्छ भन्ने मूल्य र मानयता राखेको हुन्छ । अन्ततः सम्पूर्ण किरात राई र साम्पाङ घरका राईहरुका सबभन्दा बढी ठूलो महत्वपुर्ण मूल्य मान्यताको पूजा आराधना भनेकै सूतूलूङ दोप्माक नै हो ।

वास्तवमा किरात साम्पाङ र्रा जातिहरु किन सूतूलूङमा पूजा गर्दछन् ? यसका बारेमा गहन तरिकाले सत्य र तथ्य तत्वहरु के के रहेका छन्, विधिविधान पद्धतिहरु के के हुन सक्छन् ? जसको आवश्यकता, उपयोग, महत्, औचित्यहरु के के हुन् सक्छन् जसको बारेमा सही तरिकाले पुष्टि हुन नसकेको अवस्था रहेको छ । यसरी अज्ञात काल वा पुरानो युगौंयुगबाटै उपयोगमा ल्याइएका (दप्लँ, सूतूलूङ) मा आफ्ना पूर्वज, मातृ वा पितृहरुका बासस्थानको रुपमा, स्मरण गरी आस्था र विश्वास गरी सूतूलूङमा सदावहार पूजा गरिनु तर यसका बारेमा शोध खोज नहुनु, किरात साम्पाङ थरका राईहरुका धेरै कमजोरी पनि हो । जो हामी किरात राई जाती हौ भनी गर्भ गर्नेहरु माझमा । यसकारण किरात साम्पाङ थरका राई जातिहरुमा पूर्वज कालहरुबाटै आफ्ना कुलपितृ र कुल देवताको नामहरुमा सूतूलूङमा वासस्थान दिइ पूजा गर्ने परम्पराको बारेमा विधिविधानगत रुपमा शोध र खोज गरी लिपिवद्ध रुपमा अभिलेखीकरण भएको खण्डमा, केही हदसम्म समाधानको बाटो खोलिएको र वाधा, अड्चन र कठिनाइहरु हटेको आभास मिल्नेछ, पूजा गरिने विधि विधानका बारेमा किरात राई कुलपित्री पुजारी होमे, नाक्छुङ, माङपा, कुविमां, सेलेमी जागिरे, बिजुवा मुतुमीहरु, भाषाविद्, बूढापाकाहरु आदिहरुबाटै मौलिक र मौखिक वाचनहरुमा दोदूमी रीषिय मन्त्रहरुमा उल्लेखित शब्द वाचनहरुबाटै पूरा गरिने परम्परा रहेको हुन्छ । अतः यस शीर्षकमा उपयुक्त भनाइहरुले जे जस्तो खालका मौलिक दोदूषी, रीणय, श्लोकहरु, मन्त्रहरु

वाचन भए तिनै वाचनहरुर्ला नै पूर्व साहित्यको समीक्षाका रुपमा स्वीकार्न उचित ठहर्छ जसले शोध परिपूर्तिको लागि प्रमुख भूमिका खेली सकरात्मक तरिकाले, सरसहयोग पुऱ्याएको हुन्छ । साथै कठिनाइहरु र समस्याहरुका वाधा अड्चनहरुलाई केलाई हटाई, समाधानको बाटो देखाई सही उद्देश्य हासिल गरी, लक्ष्यमा पुगनमा पूर्ण सहयोगको भूमिका खेलेको हुन्छ । पूर्व साहित्य समीक्षाले । तर निज राईजीले पनि सूतूलूङ दोप्माक पूजाका विधिविधान र आवश्यक सर सामग्रीहरुका बारेमा केही उल्लेखनीय व्याख्या र विश्लेषण गर्नुभएको छैन । मेरो *सूतूलूङ दोप्माक* शोधको लागि सफल बनाउने खालका स्रोतसामाग्रीहरु छैनन् ।

## १.६ अध्ययनको औचित्य

किरात राई जातिहरु भित्रै अनेकौं बहु भाषिक थर, उपथर पाछा, उपपाछाहरु संस्कार र सांस्कृतिक क्रियाकलापहरु, विशेषताहरुले आत्मसात गरेका प्राचीन किरात जाति हुन् । जुन जातिहरु प्राकृतिक पूजक हुन साथै प्राकृतिक नियम अनुसार उधौली र उभौली सँगसँगै आफ्ना खरुम र शिखिमे प्रवृत्तिका आधारहरुमा, मानवीय जीवन पद्धतिहरु निर्वाह गर्न रुचाउँदछन् । हाल, विभिन्न जातीयगत, शोध खोजको प्रतिवेदन अनुसार किरातहरुमा अठाइस ओटा भन्दा बढी फरक भाषा भाषीहरुबाट बोलीचाली भइसकेको छ । यही जाति भित्र बाह्र सय पन्चानब्बे भन्दा बढीका पाछा, उपपाछाहरुमा विभाजित भइसकेका छन् । यसै कारणले भनिन्छ, "किरात जातै गंगा हो । दश थरिका किरातहरु एउटै सूतूलूङमा अटाउने उपयुक्त भनाइहरु छ । *सूतूलूङ पूजा* गरिनुको बाध्यात्मक आशयको साररुप के हो भने, साझा र समानताको भावना र व्यवहारहरुको मानवीय खाका वा मार्गचित्रको रुपमा स्वीकारिएको हुन सक्छ । वास्तवमा हरेक थर-पाछाहरुका किरात राई जातिहरु आ-आफना सूतूलूङमा पूजा किन, के, कति कारणहरुले आवश्यकता परो त ? पूजा गर्ने विधि विधानहरु प्रक्रिया, पद्धतिहरु के के कसरी, किन अपनाए त ? कसरी किन कहाँ कहाँ प्रयोग गरे त ? लाभ उपलब्धहिरु के के भयो त ? महत्व के के मा कहाँ कहाँ भयो त ? र औचित्य कति

हदसम्म रहन गयो त ! यसको सम्बन्धमा, *सूतूलूङ पूजा* भित्रका दविएर रहि बसेका छेउन भेऊका अवस्थामा रहेका, अन्योल र गुमराहामा परि छोपिएका ज्ञानहरुलाई पर्दाफास गरी सही, सत्य, तथ्यलाई पत्ता लगाई वास्तविक ज्ञान गुणहरुलाई खोतली उघारेर उजागर गरी सूतूलूङ दोत्माको वास्तविक रहस्यलाई स्पष्ट रुपमा बुझ्नु, बुझाउनु र निरुपणका धरातलमा उत्रन सक्नु नै औचित्पूर्ण ठहर्छ । किरात साम्पाङ राई जनसमुदायहरुमा जे जस्ता जति, यश, कीर्ति, आय, आर्जन, प्रगति, सम्बृद्धि, चिनारी, पहिचान, सामर्थ्य, मौलिक विशेषताहरु, अस्तित्वहरु जोगाउने, बचाउने आधार स्तम्भहरु सूतूलूङ दोप्माक पूजामे निहित हुने आत्मासात गर्दै आएका छन् । किनकी सूतूलूङ दोप्माक पूजा स्थानमा, कुलदेवता सामु कुलपितृहरुका मूल जरो-काण्ड, पूर्वजहरुका उत्पत्ति थलो, पुर्खेउली थात थलो, पूर्वज मातृ र पितृ, गुवो गुण (सामेई) आदिका बारेमा पुर्खेउली उत्पत्तिका कइरहनहरु किरात मूद्दूमी मन्त्रहरुमा, दोदूमी, रीषिय, श्लोकहरुमा स्मरणका साथ वखान गरी सम्बोधन गरिने प्रचलन हुन्छ । किरात साम्पाङ राई जातिहरुमा सूतूलूङ दोप्माक शीर्षकमा शोध गरिनु अति नै आवश्यक उपयोगी महत्व र नैतिक रुपमै औचित्यपूर्ण भएको ठानिन्छ ।

## १.७ अनुसन्धान विधि

सूतूलूङ दोप्माक पूजा शीर्षक शोधलाई उपलब्धीमूलक र पारदर्शीता बनाउनको लागि, सिलसिलाबद्ध तरिकाले वर्णनात्मक र व्याख्यात्मक विधिहरु अपनाइएको छ । शोध, आदिवासी, किरात राई जातीय गुण र प्रकृतिका हुनाले जातिगत संस्कार र संस्कृतिहरुका कर्मकाण्डहरुसँग बढीमा बढी सम्बन्ध हुने हुनाले, सोही जातिहरुले मानि ल्याएको सूतूलूङ दोप्माक पूजाहरु विशेषताहरु अनुसारका विधिविधान र पद्धतिगतबाटै अनुसन्धान गरियो । *सूतूलूङ पूजा* गरिने विधिविधान र पद्धतिहरुका आवश्यक सामग्रीहरु भित्री वा बाहिरी पक्षहरका कुनै पनि सत्य र तथ्यगत काम, कार्य, कर्महरु नछुटोस् भनी, यस प्रक्रियालाई बढीमा बढी प्राथमिकता दिएको छ । सूतूलूङ दोप्माक पूजा किरात राई जातिहरुका एक जातीयगत सामाजिक विज्ञानको एक अंश, भागकै

रुपमा भएकोले यस शोधले किरात साम्पाङ राई समाजका सम्पूर्ण अवयवहरुलाई नछुटाई शोधलाई अर्थपूर्ण परिष्कृत, निखूर चम्किलो, उत्कृष्ट बनजाउनको लागि, वर्णात्मक विधि र प्रयोगात्मक विधिहरु प्रयोग गरिएको छ । *सूतूलूङ पूजा* किरात साम्पाङ राई जातिहरुले अनादिकालबाटै गरी ल्याएको हो । प्राचीन संस्कार र साँस्कृतिक र मूद्‌दूममा उल्लेख भएता पनि यसको बारेमा शोध खोज गरी लिपिवद्ध रुपमा, उजागर गरी अभिलेखीकरण नभएकोले, सो निराकरण गर्न शोधको लागि अगाडि उभ्याइएको हो । सूतूलूङ दोप्माक शोध पूरा गर्नको लागि निम्न प्रकृतिका स्रोतहरु अपनाइएको छ । जस्तैः प्राथमिक स्रोत, द्वितीयक स्रोत ।

### १.७.१ तथ्यांकहरुका प्रकृति र स्रोत

शोध पूरा गर्नको लागि अनुसन्धानको हकमा, प्राथमिक र द्वितीयक गरी दुई प्रकृतिका स्रोतहरुका विधिहरुलाई प्रयोग गरिएको छ । प्रत्येक शोध गर्नलाई शोधसँग सम्बन्ध राख्ने र सम्बन्धित विषयवस्तुहरुका सत्य र तथ्यहरुका प्रमाणहरु नै तथ्यांकहरुको स्रोतहरु मानिन्छ । तथ्यांकको मूल स्रोतहरु किटानका साथ दुई प्रकारका, प्राथमिक र द्वितीयक स्रोतहरु मानिएको छ । वास्तविक र सही तथ्यांकहरु वा प्रमाणहरु खोज र संकलन गरी शोधलाई पूर्णता दिने प्रयास गरियो ।

### १.७.२ तथ्यांक संकलन विधिहरु

शोधलाई सत्य र तथ्यगत प्रमाणहरुद्वारा पूर्णता, परिपक्व बनाउन अनुसन्धान गर्ने क्रममा कुन कुन प्रकारको विधि र विधानहरुका पद्धतिहरु/तरिकाहरु अपनाउँदा उपयुक्त हुन्छ किटानका साथ, आवश्यक विधिहरु वा पद्धतिहरुद्वारा खोज अनुसन्धान गरी विषयगत शीर्षकका हरेक पक्षहरुमा आधारित भै तथ्यांकहरु संकलन गरियो । यसकारण शोधलाई पूर्णता बनाउनको लागि वैज्ञानिक, सैद्धान्तिक, व्यावहारिक, प्रयोगात्मक विधिहरु सम्बन्ध राखी वर्णन, व्याख्या र विश्लेषणको गरी शोध पूरा गर्नेमा ठूलो मद्दत गर्दछ । तथ्यांक संकलन गर्ने विधिहरु प्रथममा प्राथमिक र दोस्रोमा द्वितीयक स्रोतहरुलाई प्रयोग गरियो ।

(क) **प्राथमिक स्रोत**

प्रत्येक शोध पूरा गर्नको लागि प्राथमिक स्रोतमा नै पूर्ण रुपले भरपर्नु उचित ठानियो । यसको लागि भोजपुर जिल्लाको षडानन्द नगरपालिका वडा नं. ६ समेङ्ग गाउँ र साम्पाङ गा.वि.स. साम्पाङ गाउँहरुमा बसोबास गरेका छन् । उनीहरुले सूतूलूङमा पूजा गरेको बेलाका पूजारीहरु जस्तैः होमे, कुविमी, नाक्छुङ, सेलेमी, नागिरे, बिजुवा, भुक्तुमी, भाषाविज्ञ, बुढापाकाहरु र जानिफकारहरु कर्मकाण्डीय कार्यमा साङ्गो पाङ्गो मिलाउन जान्ने विशेषत, रीषिय, दोदोमी मूद्दूमी भाषामा, आधारित भै, वाचन, गर्न जान्ने र सक्ने पुर्खाहरुलाई नै, मौलिक वा प्राथमिक स्रोतका रुपमा मानियो । साथै स्थलगत अध्ययनको माध्यमले पनि सूतूलूङमा पूजा गरेको, क्रियाकलापहरु विधि विधानहरु र आवश्यक सर सामग्रीहरु प्रत्यक्ष तयार पारेको हेरी होमे पुजारीहरुले वखान गरेको बेलाको सुनेको र अवलोकन गरी लिएको जानकारीलाई नै प्राथमिक प्रमाणहरु वा तथ्यांकहरु मानियो । प्राथमिक स्रोत अन्तर्गत निम्न प्रकारका स्रोतहरु रहेका छन् । जस्तैः अवलोकन, अन्तर्वार्ता, विशेष अन्तर्वार्ता, नक्सा चित्रहरु फोटोग्राफीहरु

(अ) **अवलोकन**

शोधको पूरा गर्नको लागि तथ्यांक संकलन विधिहरु मध्ये प्रत्यक्ष रुपमा अथवा स्थलगत क्षेत्र स्थानमा नै गइ हेरिने देखिने विधिलाई नै अवलोकन विधि प्रयोग गरियो । जुन विधिहरुलाई अति नै महत्वपूर्ण विधिका रुपमा मानियो । किनकी, साम्पाङ थरका राईहरुले आआफ्नो *सूतूलूङ पूजा* गरिरहेको अवस्थाको क्रियाकलापहरुका बोली बचनहरुका साथै हाऊ भाऊहरु पूजामा उपयोग गरिएका आवश्यक सामग्रीहरु हेरियो । होमे पुजारी, कुविनीहरुले मुखारित दोदोमी वाचनहरुलाई प्रत्यक्ष रुपमा शोधकर्ता स्वयम् उपस्थित भै प्रत्यक्ष रुपमा सुनियो । होमे पुजारी नाक्छुङ्ग कुविनी मुक्तुमीहरुका र बुढापाकाहरुका भूमिकाहरुका बारेमा जानकारी लिन पाइयो । पूजामा सहभागिता जनाउने, आफन्तहरु र जानिफकारहरुसँग आमुन्ने सामुन्ने भै छलफल र

सोधासोध भै जानकारी लिइयो । हुनाले अवलोकन विधि नै *सूतूलूङ पूजा* शोधको लागि अति नै उपयोगी ठानियो ।

### (आ) अन्तर्वार्ता

शोध क्षेत्र नमुना छनोट भोजपुर जिल्लाको साम्पाङ गा.वि.स.को साम्पाङ गाउँहरमा र ऐजन सेभेङ्ग गाउँमा बसोबास गरी बसेका किरात साम्पाङ थरका राइहरुले सूतूलूङ दोप्मा पूजा गरेको बेलामा होमे, कुविमी, सेलेभी, नागिरे, माङपा, नाक्छुङ, मुक्तुमी, जाफिकार, बुढापाकाहरु र सर्वसाधारण सबैसाग आमुन्ने सामुन्ने भै छलफल, सोधाशोध गरियो । मौखिक छलफल, प्रश्नउत्तर विधिहरुद्वारा आन्तरिक कुराहरु सोधेर सत्य र तथ्य तत्वहरुलाई शोध पूरा गर्ने विधि वा पद्धतिलाई नै अन्तरवार्ता भनिन्छ । जुन शोधकर्ताले सिलसिलाबद्ध तरिकाले, उत्तरदाताहरुसँग अन्तर्वार्ता गरी लिएको उत्तरहरु नै मौलिक वाचनहरु नै अन्तर्वार्ता वा तथ्यांक लिएको हो जुन अन्तर्वार्ताले *सूतूलूङ पूजा* सम्बन्धी सही सत्य तथ्य तत्वहरुका आधारित थिए । शोध पूरा गर्नलाई अन्तरवार्ता विधि पनि अति नै महत्वपूर्ण विधिका रुपमा मानियो ।

### (इ) विशेष अन्तर्वार्ता

किरात साम्पाङ राईहरुका *सूतूलूङ पूजा*को समयमा र सूतूलूङ दोप्माक पूजारीसँग शोधकर्ताले आमुन्ने सामुन्ने भै सोधिने अथवा एक आपसमा सोधासोध गरी आन्तरिक वा बाह्य ज्ञानहरका उत्तरहरु प्राप्त गर्ने उद्देश्यहरु लिई गरिएको अन्तरवार्तालाई विशेष अन्तर्वार्ताको रुपमा लिइएको छु । विशेष समयमा विशेष होमे, पुजारी, जानिफकारहरुसँग छोटो समयमा जिज्ञासाहरु मेटाउने उद्देश्यले लिएको अन्तर्वार्तालाई विशेष र सटिक अन्तर्वार्ता मानिएको छ ।

### (ई) नक्सा चित्रहरु फोटोग्राफीहरु

नक्सा, चित्र, फोटोग्राफी आफै बोल्ने हुनाले अथवा आफैले आफ्नो चिनारी परिचय दिने हुनाले वास्तवमा शोधको लागि अध्ययन अनुसन्धान तथ्यांक प्रमाण्हरु संकलन गर्ने क्रममा चित्रहरुले ठूलो सहयोग पुऱ्याउँदछ । जस्तैः किरात साम्पाङ

राईहरु बसोबास गरेका भूखण्डहरका चित्रहरु, सूतूलूङको (चुलोढुँगाको प्रत्यक्ष चित्रहरु, सूतूलूङमा होमे पुजारीले पूजा गरिरहेको अवस्थाको चित्रहरु सूतूलूङका आमुन्ने सामुन्ने पूरा गरिने सामाग्रीहरु, चित्रहरु, फोटोकपीहरु, किरात साम्पाङ राइहरुका उपयुक्त प्रमाणिक चित्रहरु, नक्साहरु र फोटोकपीहरुले शोधलाई पूर्णता गराउन ठूलो सहयोग पुऱ्याउँदछ ।

**(ख) द्वितीयक स्रोत**

प्रत्येक शोध पूरा गर्नका लागि विषयवस्तु वा शीर्षकसँग नजिकको सम्बन्ध राखी मेल खाई सहयोग पुऱ्याउने खालका प्रकाशित र अप्रकाशित लेख रचनाहरुलाई नै द्वितीयक मानिन्छन् । जस्तैः (१) सरोकार राखी, सहयोग पुऱ्याउने पत्रपत्रिकाहरु, दैनिकी, साप्ताहिक, पाक्षिक, माषिक आदि पुस्तकालयहरु (३) ऐतिहासिक दस्तावेजहरु, (४) किरात सम्बन्धी रितिरिथतिका दस्तावेजहर, किराट, लालमोहरपत्र, ताम्रपत्रहरु (५) अभिलेखहरु (६) शिलालेखहरु, (७) किरात मूद्दूम धार्मिक श्लोकहरु (८) होमे, कुविमी, नाक्छुङ, माङपाहरुका दोदोमी र रीषिय मन्त्रहरु (९) किरात लोक कथा, किम्बदन्तिहरु र केइरनहरु (१०) नक्सा चित्र, सूचना बोर्डहरु आदि विधिहरुले शोध पूरा गर्न ठूलो सहयोग पुऱ्याउँदछ । किरात साम्पाङ राई जातिहरुका सूतूलुङपी दोप्मा पूजाले उनीहरका जन्मदेखि, बालककाल, यौवन काल, वृद्धाकाल, मृत्युपर्यन्त सम्म लगायत उत्थान र पतनका संयोगका रुपमा समान विधिहरुले मिलाउँदै लैजाने व्यावहारिक उद्देश्यहरु पूरा गरिने हुनाले द्वितीय स्रोतको महत्व भूमिका रहेकै हुन्छ । अन्तत सूतूलुङपी दोप्मा पूजा गर्ने शीर्षकको शोध पूरा गर्नलाई, विषयगत, अध्यन र अनुसन्धानको क्रममा द्वितीयक स्रोतका तथ्यांकहरु विधिहरुद्वारा शोध पूरा गर्न सकेमा तपसिलका लक्ष्यहरु पूरा भै महत्व पनि स्पष्ट पारिएको छ । जसले जसलाई, आवश्यक र औचित्यको रुपमै श्रेयकर हुन्छ नै ।

(क) अनादिकालबाटै किरात साम्पाङ राईहरुले सूतूलूङमा पूजा गर्ने परम्परा भएर पनि यसका बारेमा हालसम्म विधिगत रुपमा शोध नभएको अवस्थामा रहनु ।

(ख) किरात साम्पाङ राईहरु पूर्वजहरुले ढुंगे युगबाटै आफ्ना सूतूलूङमा पूजा गर्दा आफना, मृतक, भातृक र पैतृक पिता पुर्खाहरुलाई सम्मानित रुपमा स्मरण गरी पूजा आराधना गरिएता पनि, सूतूलूङ शीर्षकमा विधिविविधानगत रुपमा अनुसन्धान नगरिनु ।

(ग) शोधकर्ता स्वयम् आफ्नै सवंशीय पिता पूर्खाका पूर्वजकालबाटै, सूतूलूङ दोप्माक पूजा गरी ल्याएका हुनाले र शोध कार्य विधिहरु पनि आफ्नै जातीयगत संस्कार संस्कृतिहरुसँग आत्मसात गरी मेल खाने हुनाले र शोध शीर्षक पनि आफ्नै पुर्ख्यौली पूजा भएको हुनाले शोधकर्तालाई शोध गर्न धेरै सहजता मिल्ने भएकोले ।

(घ) सूतूलूङपी दोप्माक पूजा, किरात साम्पाङ राईहरका आफ्नै निजी जातियगत पैतृक मातृक र आत्मिय पूजा भएकोले हाल यस पूजाका विधि विधानहरुमा, केही कमी कमजोरी, वसाई सराई, शहरवासी, आधुनिकरण, विदेश पलायन, विवाह, विवाह अन्तरजातीय, धर्म परिवर्तन अवस्थाहरु व्यहोरी राखेको हुनाले जुन कमीकमजोरी पक्षहरुलाई सुधार गरी परिमार्जित गरी जीवन्त दिई राख्ने हेतुले लिपिवद्ध र अभिलेखीकरण गरी बचाई राख्ने हरप्रयास जारी राख्ने शोधको प्रमुख उद्देश्य त्यही हो ।

### १.७.३ तथ्यांकको विश्लेषण र प्रस्तुतिकरण

शोधसँग सम्बन्धित तथ्यांकहरु र प्रमाणहरुलाई विश्लेषण विधि अनुसार वर्णात्मक विवेचनात्मक र व्याख्यात्मक विधिहरु अपनाइने छ । परिणाम स्वरुप प्राप्त गरिएका तथ्यांकहरुमा भएका द्विअर्थी, द्विविधा, अनर्थ, अशद्धता, अन्योल, अस्पष्टाा शंकास्पद अज्ञान्त र वेथितिहरुलाई हटाई, समस्य र कठिनाईहका कारणहरुलाई पत्ता लगाई समाधानको बाटो खोजी निराकरण गरी प्रस्तुतिकरण गरी लिपिवद्ध गरी अभिलेखीकरण समेत गरिएको छ ।

## १.८ अध्ययनको सीमा

### १.८.१ विषयगत सीमा

अध्ययन सीमा क्षेत्रको हकमा, वास्तवमा भन्नुपर्दा सूतूलूङ्मी (चुला ढुँगा) स्थापना गरी पूजा गर्ने परम्पराकाल देखि किरात साम्पाङ राईहरुका पूर्वजहरुले एक रहस्यमय र आत्मिय तत्वका विशेषता के रहेको छ भने, मानौं एक किरात बाबुबाट केही छोराहरु जन्मिए अन्तमा ती छोराहरु बाबुबाट छुट्टिएर अलग, घर, भान्सा र चुलो, अगेना निर्माण गर्दछन्, बाबुको घरको मूल चुलोबाट केही खरानी र तीन ढुगाका माझमा राखिउको मिचे लुङको केही भाग फुटाई, छुट्टि गएको छोराको घरमा नयाँ, स्थापना गरिएको सूतूलूङमा मिसाई घरपरिवार सन्तान, सूतूलूङका संख्याहरु बढ्दै गएको सार्वजनिक गर्ने अपरिहार्य र  वाध्यात्मक विधिविधान वा किरात जातीय शशि मूद्दूम आधारित रितिथिति रहेकै छ । यसमा चुलो बनाइयो तर किरात साम्पाङ राई मूद्दूम अनुसार सूतूलूङ दोप्माक पूजाका विधिविधान र पूजाका लागि आवश्यक सरसामग्रीहरु जुटाएर कुविमी, होमे, जानिफकार भुक्तुमीहरुद्वारा पितृ तथा मातृ आत्मीय वासस्थानका रुपमा तीन ढुँगा चुलोलाई पूजा गरी सूतूलूङको मूल्य मान्यताको घोषणा गरी आस्था र विश्वास राखी सकेपछि मात्रै सूतूलूङ दोप्माकको रपमा मान्ने प्रचलनको सुरुआत हुन्छ र अन्य जातजातिहरुले छुन मिल्दैन । तर सूतूलूङमा घोषणा नगरिएका उक्त चुलो सार्वजनिक अगेनाका रुपमा खाजा पकाउने वा जोसुकैले छुन मिल्द । यसकारण यहाँ अध्ययन सीमा भन्नाले मात्रै सूतूलूङ दोप्माक पूजाका विधिविधानहरु र पूजाका लागि आवश्यक सामग्रीहरु के के चाहिन्छ त्यसका बारेमा मात्रै क्रमशः उजागर गरेको छु । अन्य विविध पक्षहरुमा गरिएको छैन । जातीयगत गुणका प्रवृत्ति र मूद्दूमी रीतिथिति आधार अनुसार नै, किरात जातै गंगाका एक शाखा किरात साम्पाङ राई जातिका थर उपथर । पाछा, उपपाछाहरुका राई समुदाय, परिवारहरु, जहाँ जहाँका भूखण्डहरुमा बसोबास गरेका छन् । एक थात थलोदेखि अनेकौं भूखण्डहरुमा बसोबास गरेका साम्पाङ थरका थात थालेमा राईहरुका सूतूलूङपी दोप्मा पूजाको विधिविधान प्रक्रिया, पद्धति एउटै हुने गर्दछ । फरक कदापी पर्दैन, देश, विदेश जहाँ गए पनि पुर्ख्यौली थलोलाई आधार मानेकै हुन्छन् । हाल किरात साम्पाङ थरका राईहरुका पुर्ख्यौली थलो, इतिहास, भाषा संस्कार, सांस्कृतिहरु गुण, प्रवृत्ति

कर्मकाण्डीय रीतिथितिहरुका स्तोत्रहरु, नेवपालको पूर्वाञ्चल क्षेत्रको पहाडी भेगको खोटाङ्ग जिल्लाको पाथेका, फेदी, वासपानी र खार्ताम्छा गा.वि.स.हरुमा स्रोत कोशेढुँगाको रुपमा बचाई राखेकै छन् ।

### १.८.२ भौगोलिक सीमा

सूतूलूङ दोप्माक पूजा शीर्षकमा खोजका विषयमा भौगोलिक सीमा क्षेत्रको किटानका बारेमा विविध बसाई सराई, सुखभोगी, सशरवासी र देश प्रदेशमा गई किरात साम्पाङ राईहरु बसोबास गर्न पुगेका छन् । त्यसकारण यहाा शोधको लागि खास गरी भोजपुर जिल्ला र खोटाङ जिल्लाका भूभागहरमा आदिम कालदेखि बसोबास गरिरहेका किरात साम्पाङ राई वस्तीहरुका कुविमी, नाक्छुङ, होमे तायामी, मुक्तुमीहरु, बूढापाकाहरु, तम्सबुहरु, विद्वान विदूषिहरु, जानिफकारहरुलाई नै लिएको छु । अन्य क्षेत्रमा गई बसोबास गरेकालाई लिएको छैन ।

## १.९ अनुसन्धानको अध्याय विभाजन

शोधलाई अनुसन्धानले सवल र पूर्णता बनाउनको लागि, अनुसन्धानको प्रक्रियागत र सिलसिलाबद्ध तरिका प्राप्त गरिएका तथ्यांकहरुलाई वर्णात्मक र व्याख्यात्मक, विधिहरु अपनाई, विश्लेषण र विवेचना गरिँदै प्रतिवेदन समेत तयार गरिनेछ । प्रतिवेदन तयारीको अवस्थामा शोध अध्ययनलाई क्रमशः अध्यायहरुमा विभाजन गरी प्रस्तुत गरेका खण्डमा हरेक पक्षहरुबाट विषयवस्तुहरुलाई सुझ्न र स्पष्ट हुनुमा सहज हुने र महत्वका बारेमा पनि स्पष्टता झल्कने छ । त्यसकारण, यस शोध प्रतिवेदनलाई निम्न अध्यायहरुमा विभाजन गरिएको छ ।

(क) शोधको परिचय

(ख) किरात, साम्पाङ, राईहरुको परिचय

(ग) सूतूलूङ दोप्माक पूजाको परिचय

(घ) सूतूलूङ दोप्मा पूजा विधि र पूजा सामग्रीको परिचय

(ङ) उपसहांर ।

# अध्याय दुई

# किरात साम्पाङ राई जातिका सांस्कृतिक परिचय

## २.१ किरात राई समुदायको परिचय

किरात, राई शब्दले, यस मानव संसारका अनगिन्ती मानव समुदायहरुमध्ये कुनै एक मानव जातिलाई चिनाउने वा पहिचान गराउन सक्ने शब्द हो । जुन शबदले किरात राई मानव जाति भनेर सम्बोधन गर्न चाहिराख्छ । किरात मानव जातिहरु नेपाल धरतीका अति नै प्राचीन, मूल आदिवासी जातिका रुपमा चिनिन्छन् ।" यी किरात जातिहरु नेपाल भित्र मात्र नभएर अन्य मुलुकहरु र महादेशहरुका भूखण्ड र भूक्षेत्रहरुमा समेत परापूर्व कालबाटै फैलि बसोबास गरिरहेका पाइन्छन् । यसैगरी महाभारत पौराणिक कालका ग्रन्थहरुमा "हिमवद्दुर्गा निलयाः किरानाः रणकर्कमाः (म.भा.भी. व.रा.स.प. ३०।३२ अ.) अर्थात हिमालयको किल्लामा बस्ने किरातहरु लडाईमा ज्यादा कडा वा तेज हुन्छन् (चालिसे, वि.सं. २०५८, पृ. १) । जस्तोकि "किरात देश पनि एक हो भनी मनुस्मृतिमा किरात जातिका बारेमा उल्लेख गरेको पाइन्छ (चालिसे, वि.सं. २०५८, पृ. २) ।

यसैगरी कमला साकृत्यायनका अनुसार "हिमालय पर्वतीय क्षेत्रमा निवास गर्ने किरातीहरु पश्चिममा चम्पादेखि लिएर पूर्वमा आसाम नागाभूमि, मेघालयसम्म र अझै, शर्मा, थाईभूमि हुँदै हिन्दचीन कम्बोडिया सम्म यस जातिको अस्तितव रहेको छ । उनको विचारमा भिन्न भिन्न स्थानका किरात जातिहरुलाई भिन्न भिन्नै नाउँले बोलाइन्छन् । जस्तैः लद्दाखमा भोटा, चम्बाका, बाहुली, बाहलीको तल्ला भागका सिपत्याल, डुल्लु गाउँका भलाढी, सतजल उपत्यकाका किन्नर, नेलडका जाड, मागनीतिका मात्छा, मीलमका जोहरी पिथौरागढका राजकिरात, पश्चिम नेपालका मगर गुरुङ मध्य नेपालका तामाङ, नेपाल उपत्यका नेवार पूर्वी नेपालका किरात जातिका राई लिम्बु, याख्खा, सिक्किमा लेप्चा, आसाम, नागाल्याकका नागाहरु,

अरुणाञ्चलका मोन्पा, आदि यसरी महान् किरातहरु वा मोनखमेरका अवशेष मानिएका छन् (सांस्कृत्यायन, १९८१, पृ. १४) ।

यसैगरी ऋग्वेदिक साहित्य अनुसार : किराती जातिहरुका मूल बसोबास क्षेत्र हिन्दकुश क्षेत्रका त्रिगर्त वा भारतीय उपमहाद्विपको काइँगडा उपत्यका रहँदा किरात जातिका नेता सम्बर थियो । काागडा उपत्यकामा किरात जातिका नेता सम्बर थियो । काँगडा उपत्यकामा किरात जातिका अनेक अश्ममयी किल्लाहरु थिए । जसमध्ये ९९ किल्लाहरु आर्यहरुले लुटेर लिएको वर्णन ऋग्वेदको छैटौं मण्डलको ४७ औं सुक्तको दोस्रो र एक्काइसौ वाइसौं मन्त्रमा स्पष्ट उल्लेख भएको पाइन्छ । ईशाको १ शताब्दी पूर्व काँगडा उपत्यकाको वैजनाथलाई किरग्राम भनिन्थ्यो भन्ने कुरा उक्त ठाउँकै शिलालेखले बताएको छ । किरातहरु आर्यहरुका पूर्ण विरोधी थिए । उक्त कालमा किनकी, आर्यहरुले, किरातलाई शिकारी, वहसी, कुरा नबुभ्रूने अरुले नबुभिने कुरा गर्ने, जंगली पुड्का घोडा सवारी, अश्वपाल, दृश्यु, दुश्मनको आरोप लगाउँथे । अन्तमा १२ औं शताब्दिका आर्यहरुले किरात नेता शम्शरलाई युद्ध भएको चालिसौं वर्षपछि युद्धमै, नेता शम्बरलाई युद्ध भएको चालिसौं वर्षपछि युद्धमै ४० औं पटकमा मारिएर, पछि किरातहरु त्यहाँबाट भागेर सतजदमा आएर बसे (शर्मा, वि.सं. २०३९, पृ. २५१) । जसलाई जलनधर खण्ड भनिन्थ्यो । जसभित्र हिमालयका ५ खण्डहरु पर्दछन् । नेपाल, कुमाऊ, गढवाल, जलनधर र जम्बूकाश्मिर । उक्त भूखण्डहरुमा किरात जातिहरुले जीवन निर्वाह आफ्नै विशेषताहर अनुसार बिताएका उल्लेख रहेको छ । यसै गरी केही किरात जातिका बारेमा चिन्तन र मनन गर्ने विद्वान्हरुका अनुसार "किरात अत्यन्तै प्राचीन जातिका रुपमा रहेको छ । किरातहरुलाई खासगरी दुइ पक्षबाट बुभिनु आवश्यक हुन्छ । पहिलो जातिका रुपमा र दोस्रोमा भौगोलिक अवस्थितिका रुपमा जनसंख्याको रुपमा पहाडी जातिका रुपमा बुभ्रुनु उपयुक्त हुनेछ । वैद्धिक कालमै किरात जातिका बारेमा उल्लेख हुन् । वेदव्यासले किरात जातिलाई शुद्रको उपशाखाको रुपमा उल्लेख गरेका छन् । मनुले किरात जातिलाई मुद्रको स्थितिमा आएको क्षेत्रीय भनि मानेका थिए । महाभारतको अनुशासन पर्वमा किरातहरुलाई भेकल, द्राविण,

लाटो, पौन्ड्रो, यावन भनेका छन् । अनि यसैगरी कर्ण पर्वमा किरातलाई आग्नेय शक्तिका रुपमा मानेका छन् । साथै अश्वमेघ पर्वमा, अर्जुनले घोडा लिएर जाँदा, किरात, यवन, स्वच्छेहरुले भेट गरी उपहार प्रदान गरेको उल्लेख छ । अमरकोषले किरात शंवर पुलिन्द, म्लेच्छे जातिको उपशाखा मानेका छन् । क्रमशः किरात जातिहरका फैलावट र नेपालमा प्रवेश विषयवस्तुलाई उद्धृत गर्दै भनेका छन् कि प्राचीन कालमै किरातहरु बर्मादेखि मिश्रको नाईल नदीको किनारसम्म फैलिएको कुरो प्राचीन शास्त्रहरुले उल्लेख गरेको पाइन्छ (सिवाकोट, २०६५, प. ४) । किरात जातिलाई खास वंशका रुपमा नलिइ खास भौगोलिक इलाका क्षेत्रमा बसोबास गर्ने जातिका रुपमा लिने गरिएको थियो । ईशापूर्व ४000-३000 वर्ष अघिसम्म किरातहरु सिन्धुधारी क्षेत्रमा बसोबास गरेका थिए । तर उनीहरुलाई फिरन्ते आर्य अजातिहरुले विसथापित गरेको हुँदा किरातहरु आर्यभन्दा प्राचीन जाति भएको प्रमाणित हुन्छ (ऐजन, पृ. ५) । प्राचीन कालमा किरातहरुलाई अनार्य, असूर, राक्षसका रुपमा आर्यहरुले दोषीका रुपमा मानेको पाइन्छ । जलधार क्षेत्रहरुबाटै किरातहरु नेपाल प्रवेश गरी अहर जातिहरुलाई विस्थापित गरी आफूहरुले बसोबास गरी राज्य संचालन गरेको तर्क गरेका छन् । तर प्रमाणित स्रोत चै उललेख छैन । अमरकोशले किरात क्षेत्रमा पाउने चिराईतोलाई किरातित्त भनिएको छ (ऐजन, पृ. ५) । ग्रिक विद्वान्ले किरातलाई (किरियाडी) भनी उल्लेख गरेका छन् (ऐजन, पृ. ५) । अर्का विद्वान् इमानसिंह चेम्जङ्गले आफ्नो पुस्तक “हिस्ट्री एण्ड कल्चर अफ किरात विपुल” मा किरातको अपभ्रंश ने किरा हो भनेका छन् । १९६६ पृ. २ । किरातहरुलाई भूमध्ये सागरीय क्षेत्रमा रहँदा अन्य जातिले पराजित गरी सकेपछि धापिएका समूह किरातहरु वेविलोनमा आइबसेका र पछि हेब्रु जाति भनिए । अन्य जातिहरु नै फिरन्ते रुपमा पूर्वी पहाडी क्षेत्रहरुमा प्रवेश गरी बसे । बेविलोनबाट गएका समूहचै इशापूर्व २४००, क. मेसोपोटामिया पुगेपछि उनीहरु असिरियन वा.सिरियन निवासीहरुसँग मिसिए । पछि यी जातिहरु भारतीय उपमहाद्विपका विभिन्न भूक्षेत्रहरुमा आई बसोबास गर्न थालेका कुरालाई उल्लेख गरेका छन् (ऐजन, पृ. ६) । यही समूह भारतवर्ष प्रवेश गर्ने सिलसिलामा आएको मेदिय

किरातेश्वर किरात र असिरियन निवासी असुर भन्न थाले (पृ. २.३) । योगिनी तन्त्र अनुसार किरातलाई पवन पल्लन, कोच र पुलिण्ड जाति सरह राखेका छन् । वाइबलको ओल्ड टेटमिण्टमा उललेख अनुसार - राजा डेभिडको पालामा ईशापूर्व, १०४९, समपताका वसाइ सराई क्रममा किरातहरु भारतवर्ष प्रवेश गरेको कुरो उल्लेख रहेको छ । जुन काश्मिरी क्षेत्र मानिन्छ । सिरिया आसिरियन सँगै मिसिए पछि अशुद्ध भनिएका हुन् । सिरिय क्षेत्रहरु पहाडी भूभागहरु भएकाले राम्रा राम्रो शिकारी क्षेत्रका रुपमा मानिन्थे । त्यसैकारणले उनीहरु पहाडी भूभागहरु काबुल काश्मिर काराकोरम हुँदै नेपाल आइपुगेको तर्कहरु गरेका छन् । यसैगरी महाकाव्यहरु किरातहरुको एक शाखालाई निसाध्य भनिएको छ । पाली भाषामा किरातलाई अलवाका भनिएको छ । बौद्ध साहित्यमा यायोख्याको राज्यको वर्णन पाइन्छ । किरात वंशावली अनुसार १२ औं पुस्तापछि गंगानदीको मैदानबाट किरातहरुका एक शाखा श्रीलंकातिर, लागे भने अर्को शाखा चै हिमाली क्षेत्रतिर लागेको तर्क दिएका छन् । जुन शाखा किरातहरु नेपालको पूर्वी भागमा पाइने याख्या र श्रीलंकाको आदिवासी याखोसँग मिल्दाजुल्दा भएको विद्वान्हरुका दावी रहेको छ ।

वैदिक युग अगाडि "किरातहरुका फिरन्ते कन्दमूल खोजयुग, शिकारी थिए पछि भारतवर्षका गंगा नदीको सेरोफेरोमा छरिएर आखेर जीवन यापन गर्दथे । तर पछि उक्त क्षेत्रहरुमा आर्यजातिहरु आई बसे र आर्यहरुको नरवली दिने प्रचलन थियो । किरातहरुका कन्या छोरा छोरहिरुलाई आर्यहरुले समात्दै गंगा नदीलाई खुशी पार्ने नियतले काट्दै भोग दिन थालेपछि, आर्यहरुका ती खालका अमानवीय प्रवृत्रि र व्यवहारबाट तर्सिएर आ-आफ्ना ज्यान बचाउनका लागि गंगा मैदानका किरातहरु भागेर भारत वर्षको उत्तरी भूभागहरु हिमालय पहाडी प्रदेशतर्फ गइ्र बसोबास गरेको तर्कहरु गरेका छन् (बराल, वि.सं. २०४४, पृ. २३७) । यसरी नेपालमा बसोबास गरेका किरात राईका जातिका बारेमा शोध खोज व्याख्या विश्लेषण गरेको खण्डमा नेपाल भूमिमा मात्र नभएर अन्य देशरु र महादेशहरुका भूखण्डहरु अपार र अनगिन्ती खालका

स्रोत जानकारीहरु पाउन सकिँदो रहेछ । यसकारण मात्रै नेपाल भित्रका बसोबास गरेका किरात राई जातिका परिचयका बारेमा ध्यान केन्द्रित गरिनेछ ।

### २.१.१ नेपालका 'किरात राई'

वास्तवमा नेपालको किरात जातिका बारेमा शोध र खोजको क्रममा सही र सत्य प्रमाणिक आधारहरु नेपाल भित्रै पाउन निकै असम्भव नै मुन्द्रा, लिखित, इतिहासको रुपमा । तर मात्रै प्राचीन साहित्यिक स्रोत, कथा, मिथक, कैइरन, जातीयगत, जिउडाल र उसका व्यावहारिक आचरणहरुका आधारमा मात्रै उल्लेख गर्न सकिनछ । किरात जातिका पूर्वज पूर्खाहरु भारतीय उपमहाद्विपकै भूखण्डहरुमा किरात मानव जस्तो व्यवहार विकसित भयो, अथवा अन्य भूखण्डहरुमा र नेपालमा आएत यसका बारेमा किटान खोज हुन बाँकी नै रहेको छ । प्रमाणित र अप्रमाणितको समय कालखण्डको अन्तरालमा नेपालका प्राचीन जातिका रुपमा शोध र खोजीको क्रममा किरात जाति पनि एक प्राचीन जातिका रुपमा चिनिन्छन् । जुन जातिका पिता पूर्खाहरुले कलियुगको सुरुआतताका पूर्व अथवा ईशापूर्व अगाडि देखि नै नेपालको उपत्यका "यलखाममा" सयौं वर्ष सम्म राज्य शासन गरेको कुरोलाई नेपाल वंशावली, भाषा वंशावली उल्लेख गरेका छन् । पहिलो वंशावली अनुसार किरात वंशी राजाहरुले अट्ठाइसौं पुस्तासम्म शासन गरेको र दोस्रो वंशावली अनुसार सत्ताइसौं पुस्तासम्म शासन सत्ता संचालन गरेको । त्यसैगरी पहिलो भाषा वंशावली अनुसार अट्ठाइसौं पुस्ता र दोस्रो भाषा वंशावली अनुसार उनन्तिसौं पुस्तासम्म किरातहरुले शासन गरेको उल्लेख पाइन्छन् । शासन अवधि अज्ञात रहेको छ (मुनकर्मी, वि.सं. २०४१, पृ.२२, २३) । यसैगरी यूरोप महादेशका इतिहासकार कर्कपैट्रिक, राईट र भारती इतिहासकार जयसवालद्वारा प्रस्तुत किरात वंशीय शासनको नामावली यस प्रकार रहेको छ । कर्कपैट्रिकका अनुसार सत्ताइसौं पुस्तासम्म शासन गरेको र शासन अवधि १९३० वर्ष, राईटका अनुसार उनन्तिसौं पुस्तासम्म शासन गरेको र शासन अवधि अज्ञात रहेको छ जयसवालका अनुसार किरातवंशीले तिसऔं पुस्तासम्म शासन मरेको र शासन अवधि

चै ईशापूर्व ५८० देखि ईश्वीको ११० वर्ष करीब ७०० वर्ष सम्म किरात जातिहरुले शासन गरेको कार्यलाई उल्लेख गरेका छन् (भण्डारी, वि.सं. २००८, पृ. २८) । नकर्मीको अनुसार उपरोक्त चार वंशावलीहरुमा, दोस्रा किरात (पिंधी, दुस्खम, पविका शासनकालद्वापर युगको अन्त भै, कलियुग शुरु हुन लागेको र सारा जीव प्राणीहरु पापले ग्रस्त भै दुःखै दुःखमा भोग्नु परेको र दुःखबाट मुक्त हुन, के-के गर्नुपर्छ भनी राजा र प्रजा बीचमा ठूलो सभा बसेको कुरो वंशावली कारहरुका भनाइ रहेकी छ । छैटौ किराती वंशीय राजा द्वितीयका शासन कालमा, पाण्डवहरु वनवास गएका घटनालाई वंशावलीले उल्लेख गरेका छन् । सातौं किरात वं)शीका राजा जितादस्तिका शासनकालमा कौरव र पाण्डवहरका बीचमा कुरु क्षेत्रमा युद्ध भएको वंशावलीमा उल्लेख गरेका छ । उक्त कुरु क्षेत्रको युद्धमा, पाण्डव पक्षमा जितादस्ती किरात राजा र उता कौरव पक्षका लागि किरात राजा, भगदत्तले सहयोग गरेका वर्णन पाइन्छन् । महाभारत, ग्रन्थको भनाई अनुसार भगदत्तको छोरी दूर्योधन विवाह गरेका थिए । भगदत्तका राज्य, राजधानी, आसामको दराङ्ग, तेजपुरमा पर्दछ । उक्त युद्धमा १८ अक्षौहिणी फौजहरु नष्ट भएको वयान छ । सातौं किरात राजा जितादस्तीकै शासनकालमा गौतम बुद्धका धार्मिक साम्प्रदायहरु कपिलवस्तुबाट नेपाल आएको कथन रहेको छ । यसैगरी चौधौं किरात राजा, स्थुंको शासन कालमा भारतवर्ष सम्राट अशोकले बुद्धको जन्मथलो लुम्बिनी र कपिलवस्तु हुँदै नेपाल प्रवेश गरेको उल्लेख छ । लुम्बिनीमा ठूलो अशोक स्तम्भ गाडि शिलालेख लेख्न लगाएका प्रमाण छ । किरात वंशकि अन्तिम राजा गस्तिहाङको पालामा शासन सत्ताच्यूत भएको कुरो उल्लेख छ । जसको राजधानी गोकर्ण क्षेत्रलाई मानेका छन् । कथा कहानीको रुपमा तर प्रमाणित इतिहास हालसम्म पाइएको छैन । सिक्का वा शिलालेखहरु अप्राप्तै छन् । मात्रै वंशावली पुराण, कथा, पौराणिक स्रोतहरु, लगायत किरात जातिहरुकै मौलिक, आर्थिक, सामाजिक र धार्मिक अवस्थाहरका प्रमाणहरु मान्न सकिन्छ । त्यतिका लामो समयसम्म किरात कालमा शासन चलाउनको लागि अड्डा अदालत, प्रशासन सम्बन्धी अधिकरण र करण, आदिको व्यवसथा पनि भएको पाइन्छ । जस्तै कुथेर अधिकरण,

सुल्ति । शोल अधिकरण, लिङग्वापाल, अधिकरण र माप्चोक अधिकरण आदि । जस्तैः कुथेरले राजश्वोकर उठाउने । पञ्चामराध मुद्दामामिला छिनो फानो दण्ड सजाय, राजद्रोह सर्वश्वहरण शुल्लिले गर्दछ । यातायात बाटोघाटो र पानी सम्बन्धी कुलो बैनी सिंचाई सम्बन्धी व्यवस्था गर्ने र उल्लंघन गर्नेलाई दण्ड सजाय लिङग्वालले गर्दछ । खाप्चोक अधिकरणले तत्कालिन समाजमा विवाह सम्बन्धी र सम्बन्ध विच्छेद मानवीय झैं झगडा आदिका बारेमा निर्णय गर्दथे । यसरी किरातकालकै किरात भाषीबाट अड्डाहरुका नामकरण गरेको आभास मिल्छ ।

उपयुक्त भनाइहरुबाट के निष्कर्षमा पुग्न सकिनछ भने किरात राई जातिका बारेमा खोज गर्ने क्रममा, नेपाल भित्र भन्दा बाहिर नै अत्याधिक मात्रामा साहित्यिक, पौराणिक, बौद्धिक, कैइरन कथा, स्रोतहरु असीमित रुपमा पाइन्छन् । तर नेपालका इतिहास, साहित्य, पौराणिक स्रोतहरुले किरात जातिका बारेमा गैर जिम्मेवारी बनेका छन् । नेपालका इतिहासकारहरु, भाषा-वंशावली, वंशावलीहरुले पनि किरात राजाहरुका बारेमा छेऊ न भेऊमा लेखिनु र अर्कोतिर किरात वंशका अन्तिम राजा गस्तिहाङलाई भारतीय भूमीको वैशाली गणराज्यबाट आएका लिच्छवी वंशको मिनिषले हराई किरात शासन यलखामबाट परास्त्र भएको पाइन्छ । यसरी किरात शासनलाई विस्थापित गराई आफ्नो शासन चलाएपछि लिच्छवि शासन काललाई स्वर्णयुग भनेर रमाइलो मनाए । (क्षेत्र र रायमाझी, वि.सं. २०६०, पृ. ४४, ४५) । अघिको हार्नेको इतिहासलाई पछिका जित्ने सत्ताधारीहरुले ध्वस्त पारी खरानी बनाइदिनाले पहिलेका ऐतिहासिक स्रोतहरु लोप हुनाले राष्ट्रको ऐतिहासिक स्रोतहरु पाउनमा अज्ञात भएको हो । अन्तमा हार्नेको ऐतिहासिक स्रोतहरु जित्ने सत्ताधारीले भासीदिने हुनाले नेपालको इतिहास छेउ न भेउका हुनाले आजको युगमा नेपालको इतिहास पढ्ने संकाय । त्रि.वि.मा शून्यमा रहनु बरु इतिहास विषय पढ्नुको बदला आ-आफ्नै जातीयगत वंशावली तयारी गर्न थालेको पाइन्छन् ! भन्नुको तात्पर्य नेपालको इतिहासमा विश्वसनीयता छैन । जातीयगत र पूर्वाग्रहीका तरिकाले इतिहास लेखिनाले हो ।

लिच्छवी वंशले किरात वंश गस्तिहाङ्गलाई यलखामबाट पूर्वतिर लखेटेपछि राजा खलकहरु पूर्वतिर लागे, तर जनता खलकहरु चै यलखाममै रहेबसेका विश्वास गरिन्छ । यो घटनाहरु इश्वीका ११० तिर मानिन्छ । उक्त घटनाक्रमबाट विस्थापित भएका किरात जातिहरु आजको समय अन्तराल सम्मै नेपालको पूर्वी पहाडी जिल्लाहरुमा किरात राई जातिहरु अवस्थित छँदैछन् । किरात जातिबाटै राई जातिको जन्म भएका हुन् । किरात जाति एउटा सभ्यताको रुपमा मान्न सकिन्छ भने राई जाति चै पद्वी, पदको रुपमा मूल्य मान्यता दिई राई लेख्न गर्भ गरेको पाइन्छ, तर आज पहिचानको खोजीमा लाग्दा राई भन्दा किरात भन्न र लेख्नमा गर्भ गर्न थालेको पनि पाइन्छन् आजकल ।

## २.१.१ किरात शब्दको सृजना वा उत्पत्ति

किरात शब्दको अर्थ, परिभाषा विश्लेषण शोध, खोज, अध्ययन अनुसन्धानको क्रममा "विश्वका सर्वप्राचीन सभ्यताहरका मूल थलोहरु" मिश्र, ग्रीक रोम, मेसोपोटामिय, बेविलोन, सिन्धुघाटीका सभ्यता काल पूर्वका, लोकभाका, किम्बदन्ती कथा, पुराणहरु, ऐतिहासिक साहित्यहरु, दस्तावेजहरु, अभिलेखहरु शिलालेखहरु, धार्मिक ग्रन्थहरु महाकाव्य, बैद्धिक साहित्य र पूरातात्विक स्रोतहरुका कुना काप्चाहरुका कहि न कहि, केही "किरात शब्दहरु भ्रुण्डी राखेका पाइन्छन् (सिंह, १९९०, पृ. १) । मानव जातिले ज्ञानका भढडार हजारौं हजार वर्ष अगाडि नै जम्मा गर्ने र आफ्ना पुस्तौं पुस्ता पछिसम्म जनजिभ्रो बोलीचाली श्रुति बोधका माध्यमबाट हस्तान्तरित हुँदै आए जस्तै ऋग्वेद, साम्, यजुर र अर्थव वेदहरु (ऐजन, पृ. १४) । तर लेखन कला धेरै पछि मात्र सृजित भए । लेखनकला चै नातिको जीवनकालमा गनृे तर लेखनकलाको इतिहास सधैं बाजेको जीवन कालको अगाडिको खोज्ने हाम्रो बानी रहेको छ । किरात शब्द "विश्वकै सर्वप्राचीन जेठो, वैदिक साहित्य, वेदयुग कालका, संस्कृत भाषामा "किलातँ" शब्दको उल्लेख परेको छ । जुन शब्द "अत" प्रत्यय लागी किलाँत शब्दको उत्पत्ति भएको र पछि कालान्तरमा अपभ्रंश वा विकृतिको रुपमा की परिक्ष्कृत रुपमा

किरात हुन गएको आशय वा तर्कलाई स्वीकार्य । पछि किरात मानव जातिमा परिभाषित भयो । तर वैद्धिक कालका ऋषिमुनिहरुले जंगली सुंगुरलाई 'किर' भनेर बोल्दथे तत्कानि समयमा एक खालको मानवले किरको पछिपछि लागी लखेटी त्यसलाई शिकारी गरी आफू बाँच्नको लागि, यसरी किर जनावरको नामबाट शिकार गर्ने मानिसलाई नै किर भनेर नाम दिए, पछि किरमा आहँत थपि किरात मानव जातिका नामकरण गरे (शर्मा, वि.सं. २०३९, पृ. २५२) । किरात शब्द संस्कृत भाषाबाट नामकरण गरेका हुनसक्छ । संस्कृति भाषामा "किरातम् अततियँ । किरात वनमा जो भ्रमण गर्छ, त्यो नै किरात हो । यजुर्वेदमा, 'गुहाम्य' 'किराँत' गुफामा बस्ने किरात हो भनेका छन । वंशावली भाषामा किरातलाई 'किरेट' भनेर हेय भावनाले बोलेको पाइन्छ । डा. स्वामी प्रपज्न्नचार्यका विचारमा कृ-विक्षेपधातु र अंत सातत्व रामने धातु यी दुई धातुहरुबाटै व्युत्पत्ति भएको 'किरात शब्दले वेद, पुराण, स्मृति, पौराणिक शास्त्र, साहित्य, मिथक, कैइरन, नीतिशास्त्र किम्बदन्तहिरु र उपनिषद् तन्त्रकोषहरु आदि समस्त विश्व प्राचीन साहित्यहरु र इतिहासहरुका पानाहरुमा स्रोतका रुपमा स्थापित भएको पाइन्छ । साथै ऋग्वेदमा "कल्ली" शब्द उल्लेख छ जसको अर्थ किरात कुल भनिएको छ ।

ग्रीकका प्रथम इतिहासकार र भूगोलविद् हेकाराईयोसले ईशापूर्व ५४९-४८६ अन्तरालमा आफ्ना "द पेरीपडस जेम्समा" कृति पुस्तकमा सिन्धुनदीको माथिल्लो फारहरुमा बसोबास गर्ने आदिवासीलाई "कालटिपाई वा काललटियाई" भनि उल्लेख गरेका छन् (सिंह, पृ. २६, २७) । जसको लक्ष्य किरात जातिका बारेमा सम्बोधन गरेका थिए, उक्त भनाईलाई ईश्वीको ४३१-४८४ तिरका इतिहासकारद्वय हेरोडोटस र छेसीयासले समेत काल्लटियसलाई, किरात जाति नै हुन भनी पुष्टि गरेका छन् (ऐजन, पृ. २७) । यसैगरी ग्रीकका प्रथम जहाजी मार्ग, निर्देशक पेरिप्लपको लेखक अज्ञानले 'द पेरिप्लस अन द एरीप्रियन सी" मा मार्कोपोलो, कोलम्बस र वेष्पुचिकाले भौगोलिक आविष्कार पत्रिकामा "किराहडे र वेसाटे" भनी उल्लेख गरेका थिए (ऐजन, पृ. ८०) । जसका अर्थ पुड्का र कद्का मानिस किरातहरुलाई नै इङ्गित गरेका थिए । पोलिमी

नामक विद्वान्ले प्रचलित कौलडियस, बोले माईअसका, द्वितीय शताब्दि पूर्व नै भौगोलक शोध प्रबन्ध शोधपत्रमा किरात जातिलाई “किराडीया किराहाडीय र एराहडोई आदि शब्दले सम्बोधन गरेका थिए (ऐजन, पृ. ८१) । प्लिनीले विद्वान्ले आफ्नो लेखमा किरातलाई स्काईरिटी, साइलिरिक्टी किराहाडे आदि शब्दहरुले सम्बोधन गरेका थिए । किराहडे जातिहरुले रेरिस वा रेशम उत्पादन गर्ने र वस्तुमा उपयोग गर्ने जाति किरात हुन् भनी उल्लेख गरेका छन् । ग्रीक साहित्यमा नै किरात जातिलाई, किराहडीय, किरियाडी, स्काईरते, किराँते भनी सम्बोधन गरेका छन् । पाँचौ शताब्दी पूर्वका सुप्रसिद्ध कवि लान्लोसद्वारा रचित डायोनिसिटास वा वस्सारिक नामक षरपदि महाकायमा किरातलाई ‘किराडियोई’ भनी सम्बोधन गरेका छन् । वास्तवमा किरात शब्द किरियन किछेरयात् किरजायको विकृतिको निष्कर्षको रुप हो । जसको अर्थ भन्न खोजेको तथ्य कुरो, भूमध्ये सागरीय क्षेत्रको मोबाइट भाषाका, गढ-शहर भन्ने बुझाउँछ (प्रधान, वि.सं. २०५४, पृ. ११९)। समय परिवर्तनका विस्तारका क्रममा जसलाई किरियत हिम, किरियत, सान्ना किरियत भाषामा, गढ-शहर भन्ने बुझाउँछ । समय परिवर्तनका विस्तार क्रममा, जसलाई किरियत हिम, किरियत सान्ना किरियत साफेर आदि शब्दहरु प्रयोग गरेका थिए । जसको अर्थ जंगलको शहर गढ/इश्वर वा आलको शहर, किसानको शहर ताड्वृक्षको शहर भनि अर्थ्याएका छन् । उक्त टिपोट गर्ने वासिन्दाहरु आफूलाई किरेटी, केरोटाइट, केराईट जातिका शब्दहरुले २४०० बि.सी. ताका नै प्रयोग भइसकेको थियो । इभान सिंह चेमजोङ्ग (सिवाकोटी, २०६५, पृ. ५, ६) । बौर्ध र जैन धर्मका पुस्तकहरुमा र पाली भाषाको मिलिण्डाका प्रश्नहरुका संग्रहकताहरुले पनि किराँत शब्द, जातिका बारेमा उपोग गरेका थिए । नागार्जुन कुण्डको एक शिलाले ख र रागा खाखेलको हाँथिगुम्फा ओडारका शिलालेखमा क्रमशः किलाँत कियात) लेखिएको छ । यसै गरी साँचो स्तुपको ढुगाको रेलिङमा, किरितितिया भनि उल्लेख गरिएको छ । यसैगरी तितो जडिबुटी औषधि प्रयोगको आधारमा किरात शब्दको उत्पत्ति किरेट वा किरायायाताबाटै भएको आशय वा तर्क दिएका छन् जसलाई किरात ढिल्का, प्रवृत्त किलाइटा वा किराईय भनिएको छ, अर्थात् अनार्थ जाति

अति नै तितो उद्भिद चिजहरुलाई टिल्का भन्ने कोशीय गरेका थिए । जुन उद्भिद चीज हिमालय पर्वत फेदीमा मात्रै उम्रन्छन् । जुन वनस्पतिहरु औषधिका रुपमा मर्चाको रुपमा उपयोग हुन्छन् । जुन फेदीहरुमा वरिपरी प्राचीन काबाट कुनै मानव जातिहरु बसोबास गरी ती जातिहरुले अति नै तितो जटिबुटीलाई चिराइतो कामले चिनिने गरिए । जसको औषधि प्रयोगको रुपमा जुन जातिले गरे त्यसै जडिबुटीका नाम आधारबाट मानव जातिकै नामाकरण गरेका संकेत गर्दछ अन्तमा चिराईतो जडिबुटीबाट किराइतो हुँदै किरात भएको आशय व्यक्त । अन्तमा अति नै प्राचीन कालबाटै आजका किरात राई जातिहरुको पूर्वजहरुले किर वा वनसुँगुरको शिकार गरेर जीवन निर्वाह गर्नाले किर+आतबाट किरात र अर्कोतर्फ तितो चिराइतो जडीबुटीबाट औषधी उपयोगी गरेकै कारणहरुले चिराइतोबाट किराइतो र अन्तमा किरात शब्दको उत्पत्ति भै अन्तमा मानव जातिमा नामकरण भएको संकेत मिल्न आउँछ । किरात जातिको रुपमा उपयोग गरिँदै अन्य मानव जातीहरुका माझमा चिनारी दिई राखेका छन् । (स्रोतहरुः जी.पी. सिंहद्वारा लिखित प्राचीन भारतकामा किराँतहरु) ।

इतिहासकार शिरोमणि बाबुराम आचार्यका अनुसार संस्कृत वाङ्मयमा आर्यहरुका आक्रमणबाट हारेर चेऊ लागि पर हटेर जाने जाति किलाँत भनेको छ । तर किलाँट नाम त्यसो नभएर बाघ, भालु जस्तै आक्रमणकारी, लडाकू, सिकारीयुक्त हुनाले आफ्नै भाषामा किरावा शब्दले उच्चारण गरेका छन् । तर यही किरावा शब्दलाई वा जातिलाई जनकलाल शर्माले किरो, किरुवा र चितुवा जस्तो स्वभावको आधारबाट किरात शब्दको उत्पत्ति भएको आशय व्यक्त गरेका छन् (शर्मा, वि.सं २०३९, पृ. २५३) । तर यहाँ किरको पछि लाग्नु भन्दा अगाडि वाघ र भानुसँग लड्दै शिकार गर्नुभन्दा अगाडि किलाँत जातिका पूर्वजहरुलाई कुन जातिका मानव भनिन्थे । त्यसको बारेमा शोध खोज पनि उत्तिकै जरुरी छ । साथै किरात पूर्वजहरु नेपालको हिमालय खण्डहरुबाट अन्य भूखण्डहरुमा फिरन्ते रुपमा गएका छन कि अन्य भूखण्डहरुबाट नेपाल प्रवेश गरेका हुन् । यो अन्योललाई चिर्नु पनि आवश्यकताको विषय बनेको छ ।

### २.१.३ राई शब्दको उत्पत्ति सम्बन्धमा

"राई शब्द" अति किरात शब्दको प्राचीनता, विश्व भूखण्डहरुमा प्राचीन सभ्यताको ऐतिहासिक वेद शास्त्र महाकाव्य, उपनिषद्, पुरान, ऐतिहासिक साहित्य वंशावली, ताम्रपत्र, शिलालेखहरुमा लिपिबद्ध भै नाम राखेका छन् ।

तर राई शब्दले त्यो खालको व्यापक चिनारी राख्न कदापी सक्दैन । सीमित जातिमा सीमित क्षेत्रमा उपयोग गरेको पाइन्छ । राई शब्दको उत्पत्ति वा जन्म, किरात जातिबाटै भएको मानिन्छ । राई शब्द खास गरी दुई प्रकारले अर्थ वा परिभाषित गरी बुझ्न सकिनछ । जस्तैः जातिगत रुपमा र पद्वीगत अधिकारयुक्त रुपमा राई पगरी राईको मान मर्यादा क्रम पगरीका रुपमा स्वीकार्य । राई शब्द योगी नरहरीनाथद्वारा लिखित इतिहास प्रकाश सन्धिपत्र संग्हमा प्रकाशित पुस्तकको अभिलेख विवरणमा प्रयोग भएको छ । यसैगरी कर्णाली अञ्चलको जुम्ला, सिंजाका सेजाधिराज पूण्यमल्लदेवको कनक पत्र १, श्री शाके १२५८, कार्तिक सूदि विजय दशम्ये रविवार । अर्को पूण्यमल्लकै कनकपत्र र श्री शाके १२५९ वैशाख सूदि १३ रविवार दुई शिलालेखहरुका अन्तमा राईको आदेश उल्लेख रहेको छ । यसैगरी पुण्य मल्लका पुत्र पृथ्वी मल्लको ताम्रपत्रमा श्रीशाके १२८० श्री संवत १४१५ मार्गशिरवादे १३ सोमे 'राईको आदेश उल्लेख छ । पृथ्वी मल्लको पुत्र अभयमल्लको ताम्रपत्रमा श्रीशाके १२९८ फाल्गुनवछि खौ, राईको आदेश, उल्लेख । यसरी योगी नरहरिनाथका सोही पुस्तकमा लिम्बू भाषामा लेखिएको वर्णन बारे प्रकाशन गरेका छन् । उक्त प्रकाशनमा राई शव्द राजाकै प्रयोग भएको बताउँछन् । पश्चिमका मल्ल राजाहरु देखि लिएर पूर्वका किरात क्षेत्रका विभिन्न लिखित विवरणहरुमा पनि राई शब्दको प्रयोग राजालाई बुझाउने अर्थमा प्रयोग गरेको पाइन्छ । प्राचीन कालमा राजालाई किरात भाषामा (हाङ्ग) भनिन्थ्यो तर पछि हाङको सट्टा (राई) पनि लेख्न थालियो । यसरी अभिलेख र ताम्रपत्रको आधारमा राई शब्द, सर्वप्रथम, पश्चिम सिंजाका मल्ल राजाहरुको अर्थमा भएको पाइन्छ ।

समयको बित्दो कालान्तर किरात जातिहरुका पुस्तौ पुस्ताका हस्तान्तरिक क्रममा, किरात जातिहरुकै शाखा सन्तानहरबाटै राई पदवी जन्म भएको कुरो प्रष्टियो । यिनै पदवीगत राई जातिहरु भित्रबाट अनेकौं फरक फरक भाषा भाषी, संस्कार, साँस्कृतिक बोली चाली बानी व्यहोराका राई जातिहरुमा विभाजित हुँदै गएको पाइन्छ, राई किरात एउटै जाति भए पनि एक थात थलोको राईहरुले बोलेका कुराहरु अर्को थातथलोको राईहरुले बुझ्दैनन् । यी खालका फरक विशेषताहरु भएको राईलाई थरका रुपमा अर्थ्याउने र परिभाषित गर्ने प्रचलन रहेको छ । फलस्वरुप वि.सं. २०५८ सालको राष्ट्रिय जनगणना र भाषा शास्त्रीहरुका खोज अनुसन्धान र विश्लेषण अनुसार अठ्ठाईस ओटा भन्दा बढी भाषा भाषीहरुबाट बोलीचाली भईसकेको कुरा भाषा शास्त्रीले स्वीकारी सकेका छन् । किरात राई जाति भित्रै अठाई भाषी राईहरु निम्न थरीमा रहेका छन् ।

## २.२ किरात राई समुदाय भित्रका भाषिक समूहहरु

किरात राई समुदायभित्र यस प्रकारको फरक थरिका भाषिक समूहहरु रहेका छन् । जस्तै :

१. आठपरिया राई
२. कोयू राई
३. चाम्लिङ राई
४. छिन्ताङ्गे राई
५. थुलुङ राई
६. जोरुङ राई
७. दुमी राई
८. पूमा राई
९. वान्तवा राई
१०. लिम्खिम राई
११. बुङलावा राई
१२. भुगाली राई

१३. याम्फू राई

१४. सोताङ्ग राई

१५. साम्पाङ् राई

१६. कुलुङ राई

१७. खालिङ राई

१८. चिलिङ राई

१९. तिलुङ राई

२०. देवास राई

२१. चुक्वा/पोहिङ

२२. दुम्माली राई

२३. नाछिरिङ्ग राई

२४. फाँङदुवाली राई

२५. वादिङ्ग राई

२६. वेलाहरिय राई

२७. नेवाहाङ राई

२८. बाम्बुले "

२९. साम "

यसरी किरात राई जाति, जातै गंगा भएको कारणले गर्दा, भौगोलिक, प्राकृतिक, वातावरण र खोलानालाहरुका आधार टेकेर फरक-फरक थरिका राई जातिहरुमा जन्मदै आएको अवस्थामा यी अट्ठाईस वा उनन्तिस थरीका राई जातिहरु मध्ये किरात साम्पाङ राई पनि एक शाखा हुन् (मुकारुङ, २०६६, पृ. ७८)।

## २.३ किरात साम्पाङ राईको परिचय

नेपालका प्राचीन जातिका रुपमा चिनिएका किरात राई समुदायभित्र धेरै थरहरुका राई जातिहरु रहेका छन्। जसमा भाषाहरु फरक आधारबाट पनि २८, २९ थरीका राई जातिहरु विभाजित भइसकेका छन्। जुन जातिहरुका पूर्वजहरुले अनादि

कालबाटै बसोबास गर्दै आएका हुन् । किरातका एक शाखा राई जाति हुन भने, राई जातिभत्रै उपरोक्त अनेकौ थरका राईहरुका समुदायहरु सृजित हुँदै आएका छन् । वास्त्वमा राई एउटा विभिन्न जातिहरुको एक समूहकै रुपमा पाउन सकिनछ । तर यस जातिको बारेमा अध्ययन शोधकर्ताहरुले यस समुदायलाई राई एउटा ठूलो महाजातिको रुपमा रहेको स्वीकार्दछन् । किरात जाति झनै अपार जातिका रुपमा दावी गर्दछन् । किरात समुदाभित्रका राई एउटा जातिगत समुदाय हो भने, यही राई समुदायभित्रकै किरात साम्पाङ थरका राई पनि एक शाखाका रुपमा उदय भएका हुन् । जुन साम्पाङ थरिका राई जातिले उपयोग गरेको, भाषा, बोलीचाली, संस्कार संस्कृति धर्म, कर्म, आस्था, विश्वास, मूल्य मान्यता, अन्य २८ भाषी राई जातिहरु भाषा, बोलीचाली संस्कार संस्कृति आस्था र विशसमा फरक परी एक आपसमा बुझ्दैन, मिल्दैन । यस साम्पाङ थरका राईहरुको आदिका थात थलो, हाल नेपालको पूर्वाञ्चल क्षेत्रको सगरमाथा अञ्चलको खोटाङ्ग जिल्लाको वासपानी, फेदी, पाथेका र खार्ताम्छा गा.वि.स.हरुलाई मानिन्छ । समयको परिवर्तनशील कालखण्डहरका कालान्तरको अन्तरालमा बसाई सराईको माध्यमले उक्त थात थलोबाट त्यसको सेरोफेरो लगायत, भोजपुर, उदयपुर, सोलुखुम्बु, ओखलढुङ्गा, संखुवासभा, धनकुटा, तेह्रथुम, ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी काठमाडौं उपत्यका लगायत, भारतको विभिन्न ठाउँहरु चीनको हङकङ, बेलायत सिंगापुर ब्रुनाई आदि क्षेत्रहरुमा स्थायी/अस्थायी रुपमा बसोबास गर्न पुगेका छन् ।

### २.३.१ साम्पाङ्ग शब्दको उत्पत्ति

साम्पाङ जातिको नामकरण कसरी रहन गयो भन्ने जिज्ञासाहरुमा यो जातिका पूर्वजहरुका, मिथक, कैइरन, कहानी, तम्सबुहरु, किम्बदन्ती, तम्सकहरु, होमे पुजारी, कुवीमी, सेलेमी, नागीरेले, दोदूमी, रीषिय जानिफकारहरुका प्रचलित जनश्रुतिहरु अनुसार सयौं वर्षं अगाडि खिलुङ्मी लंगुङमी नामक एक किरात पूर्वज “खुवालुङ वा खोकलुङ्ग” (बसोबासको लागि योग्य जमीन) खोज्दै हिँड्ने क्रममा हालको खोटाङ्ग

जिल्लाको रावाखोला र तापखोला क्षेत्रका वासपाती गा.वि.स. वार्ड नं. ९ पर्ने खोक्मामा स्थानमा पुगेर त्यहाँ रहेको एउटा चिप्लेटी ढुँगामा पहिलो आफ्नो पाईला राखी, पदचिन्ह अंकित गरेका थिए । जो पद चिन्ह छाप उक्त ढुँगामा अंकित गरेका थिए । तर आजभोली खेतीपातीको कारणले उक्त ढुँगा जमीनभत्र पुरिएको कथन छ । तिनै पुर्खाको पाइलो छाप परेको ढुँगालाई घ्याप्पालुङ वा सम्फालुङ्ग ठूलो चप्लेटी ढुागा + पाईला रहेको ढुँगा) भनियो । त्यस पिता पूर्खा पूर्वजलाई, त्यही साम्फलुङ्ग, ढुँगाको नाम आधारबाट साम्फालुङ र साम्फालुङ भन्दा भन्दै रहँदै गर्दा, अन्त अपभ्रंश हुँदै जाँदा साम्पाङ्ग शब्दको उत्पत्ति हुन गएको किरात राई साम्पाङ पूर्वजहरुबाट जनश्रुती सुनिँदै आएको कथन रहेको छ । अन्तमा खिलुङमी + लंगुङमी पूर्खाले टेकेको ठूलो चप्लेटी ढुँगाबाटै साम्फालुङ्ग हुँदै साम्पाङ राई  शब्दको उत्पत्ति भएको धारणा व्यक्त (राई, वि.सं. २०६९, पृ. २८३) ।

### २.३.२ किरात साम्पाङ राई समुदायको बसोबास क्षेत्र

किरात साम्पाङ राई जातिहरका बसोबास क्षेत्रहरुको सन्दर्भमा । खासगरी साम्पाङ राई जातिहरका पहुँचवाला बसोबास गरी बसेका भूभागहरु नेपालको पूर्वाञ्चल क्षेत्रको क्रमशः पूर्वी पहाडी, जिल्लाहरु, हिमाली र तराई जिल्लाहरु र उपत्यका भित्र तीन जिल्लाहरु मानिन्छ । बसोबासको हकमा पटक पटक अगाडि नै उल्लेख भएका छन् । तर पनि साम्पाङ राई जातिको उद्गम्थलो तँमा, खेँमा, कुवीमा, तूम्साबुचीमी पूर्वज जानीफकारहरुका दावी अनुसार खोटाङ जिल्लाको रावाखोला र तापखोलाको सेरोफेरो भूभागका वासपानी, फेदी, पाथेका र खार्ताम्छा गा.वि.स.हरुलाई पूर्खेउली थलो मानिन्छ । जहाँ आजसम्म साम्पाङ थरी राई जातिहरका मौलिक भाषा,पुरातात्विक ज्ञान, साँस्कृतिक सम्पदाहरु कोशेढुँगाको रुपमा जीवन्त रहिराखेको छ । धेरैजसो साम्पाङ राई जातिका चिनारी पहिचानका रुपमा पुर्ख्यौली भूमिको नाम लिएर अन्य बसाई सराई क्षेत्रका राईहरुले, रावाखोले, तापखोले, खाताम्छाली, वासपाने भनेर पुर्ख्यौली थलोलाई वखान गर्ने परम्परा रहेको छ । यिनै ऐतिहासिक थातथलोबाट

फैलँदै अन्यत्र क्षेत्रहरुमा भोजपुर, ओखलढुंगा, सोलुखुम्बु, उदयपुर, संखुवासभा, धनकुटा, तेह्रथुम, ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, सुनसरी, मोरङ्ग, काठमाडौं, ललितपुर, भक्तपुर, सप्तरी, धनुषा आदि जिल्लाहरुमा बसोबास गर्न पुगेका छन् । यसैगरी विदेशमा पनि भारतको दार्जिलिङ्ग, सिक्किम, सिलाङ, मणीपुर, नागाल्याण्ड, आसाम, सिंगापुर, ब्रुनई, बेलायत, हङकङ, अमेरिका र अष्ट्रेलिया आदि भूखण्डहरुमा स्थायी वा अस्थायी रुपमा बसोबास गर्न पुगेका छन् । किरात साम्पाङ राई केन्द्रिय कार्यालय जुमलेखा नेपालको, वैदेशिक विभाग अनुसार ।

### २.३.३ किरात साम्पाङ राई भित्रका पाछाहरु

अनन्त समयको कालखण्डहरुका परिवर्तन सँगसँगै किरात साम्पाङ राई जातिहरु बीचमा थर, उपथर, पाछा, उपपाछाहरु, मूल जरो काण्ड हाँगा, विगा, पात पतिङ्गर छुट्टिए जस्तै यी जातिमा पनि कुल वंश, सामे, सामेइ, सामेट, थर उपथर पाछचा उवपपाछाका रुपमा किरात मूद्दूम धर्मका नीति नियमका मूल आधार टेकी, पवित्र र अपवित्र विधि विधानहरु टेकी पाछा, उपपाछाहरु छुट्टिँदै जाने परम्परा रहेको छ । यो परम्परा किरात साम्पाङ राईहरु मात्र नभै अन्य अट्ठाईस भाषी फरक थरहरु राईहरुमा पनि लागू भएको हुन्छ । यसरी किरात साम्पाङ राँई जातिका पाछाहरु छुट्टिनुको कारण किराट मूद्दूमको पवित्र विधि अनुसार जीवन निर्वाह सहज बनाउनको लागि धर्म फरक गरी सात, बाह्र, पन्ध्र, वाईस पुस्ता बितेपछि पाछा छुट्याउने प्रचलन रहेको हुन्छ किरात राई समुदायमा यसरी पाछा थर, छुट्याएपछि एक आपसमा विवाह गरी कुटुम्बरी व्यवहार गर्ने बाटो खुल्छ । तर अर्कोतिर किरात मूद्दुम धर्मको विधिविधान विपरित, अपवित्र, विधिविधान भन्नाले जसले कुलपितृ पूर्वजहरुले बन्देज गरेको शर्त, आचार संगीतालाई ध्वस्त पारी कुकर्म गर्ने, हाड नाता र दूधनाता तोडेर विवाह गर्ने र कुल पितृहरुलाई अपच्य हुने जातमा विवाह गरेको खण्डमा त्यस्तालाई जातैबाट पदच्यूत गर्ने खालका दण्ड सजाय स्वरुप ढाड भाचिदिने परम्परा रहेको छ । यसकारण किरात साम्पाङ राई जातिका निम्न पाछाहरु रहेका छन् । जस्तैः

१. वाली साम्पाङ राई
२. खाली साम्पाङ राई
३. फाली साम्पाङ राई
४. राना साम्पाङ राई
५. विराहाङ्ग साम्पाङ राई
६. छेप्ती साम्पाङ राई
७. खुलाप्पा साम्पाङ राई
८. ताम्ला साम्पाङ राई
९. बाद्रो साम्पाङ राई
१०. वारामुखी साम्पाङ राई
११. बेत्खोङ्ग साम्पाङ राई
१२. खुक्सुङजे साम्पाङ राई
१३. तोरीहुङ्ग साम्पाङ राई
१४. वाल्टिङ्ग साम्पाङ राई
१५. सामसुङजे साम्पाङ राई
१६. हिराहाङ साम्पाङ राई
१७. माताहाङ साम्पाङ राई
१८. हाङरुङ साम्पाङ राई
१९. तामाङ्गछा साम्पाङ राई
२०. तोङगेछा साम्पाङ राई
२१. बुङकमा साम्पाङ राई
२२. रामाछाली साम्पाङ राई
२३. तोरावा साम्पाङ राई
२४. मोतिहाङ साम्पाङ राई
२५. मीतिहाङ

२६. तामारुङ साम्पाङ राई

२७. खाम्पारुङ्ग साम्पाङ राई

२८. तोमोछा साम्पाङ राई

२९. तुम्बिहाङ साम्पाङ राई

३०. निम्छुलुङ साम्पाङ राई

३१. लाम्छामी साम्पाङ राई

३२. तावाहाङ साम्पाङ राई

३३. लावालुङ साम्पाङ राई

३४. ओनम्छाली साम्पाङ राई

३५. सामरुङजे साम्पाङ राई

३६. रेप्सुना साम्पाङ राई

३७. वुल्तिम साम्पाङ राई

३८. थोरेङपा साम्पाङ राई

३९. भालु साम्पाङ राई

४०. वाक्छाली साम्पाङ राई

४१. नियाङ्ग साम्पाङ राई

४२. याङकोङ साम्पाङ राई

४३. हम्रेवा साम्पाङ राई

४४. नाछिरिङ साम्पाङ राई

४५. वदेन्ता साम्पाङ राई

४६. रिल्वाङ्ग साम्पाङ राई

४७. रखदू साम्पाङ राई

४८. दुमाहाङ्ग साम्पाङ राई

४९. याम्दाली साम्पाङ राई

५०. रायङगे साम्पाङ राई

५१. रामखाम साम्पाङ राई

५२. वानाहाङ साम्पाङ राई

५३. पित्रुङ साम्पाङ राई

५४. मारिमलुङ्ग साम्पाङ राई

५५. साम्पुरुङ साम्पाङ राई

५६. बल्थिम साम्पाङ राई

५७. रावाली साम्पाङ राई

५८. हाचाम्छाली साम्पाङ राई

५९. पाङकोङ्ग साम्पाङ राई

६०. बुल्दोङ्ग साम्पाङ राई

६१. जुवाले साम्पाङ राई

६२. रोङथोङ साम्पाङ राई

६३. दाम्रेवा साम्पाङ राई

६४. खिकाम्छा साम्पाङ राई

६५. छेतापी साम्पाङ राई

६६. हदुकु साम्पाङ राई

६७. तुरहिोच्च साम्पाङ राई

६८. उम्तावा साम्पाङ राई

६९. ठोङरेङपा साम्पाङ राई

७०. बाखेम्बुक साम्पाङ राई

७१. हलम्बु साम्पाङ राई

७२. छिमन्ते साम्पाङ राई

७३. हाचाहाङ साम्पाङ राई

७४. खारीमी साम्पाङ राई

७५. तोरीहाङ साम्पाङ राई

७६. सामरुङ्ग साम्पाङ राई

७७. खीकाछा साम्पाङ राई

उपयुक्त पाछाहरु साम्पाङ राई जातिभित्रै रहेका छन् । पाछा भनेको किरात राई भाषाभित्रकै शब्द हो पा+छा = पाछा भएको हो ।पा को अर्थ बाबु हो र छा को अर्थ छोरा हो = पाछाको आशय बाबुछोरा पारुहाङका सन्तानहरु नाती, पनाती, जलाती हुँदै कुल वंशको उदय भएको अवधारणाहरु रहेको छ (मुकारुङ, वि.सं २०५५, पृ. ९०) ।

## २.४ किरात साम्पाङ राई समुदायमा प्रचलित धर्म संस्कार र संस्कृतिहरु

किरात साम्पाङ राई जातिहरुका धार्मिक पक्षहरुका अवधारणाहरुलाई चिन्तन मनन र परिकल्पना गर्ने हो भने "किरात मूद्दूमका" आधारहरुलाई मानेर चल्नुपर्ने हुन्छ । जुन मूद्दूमका आधारहरु नै किरात लाई जातिहरुका लागि अति नै महत्वपूर्ण दर्शनका दस्तावेजहरु बनाउन पुगे । जुन दर्शनहरु आय, आर्जन गर्नको लागि हाम्रै अज्ञात, आदि, अनादिकालहरुका पूर्वजहरुले हजारौं हजार वर्षहरुका अगाडिदेखि प्राकृतिक प्रकोपका आपत र विपतहरुसँग र आफूहरु बसोबास गरेको भौगोलिक वातावरणहरुसँग र समयको हरेक कालखण्डहरुका घटना दुर्घटनाहरुसँग लडेर, भिडेर, भोगेर, परेर, देखेर, आपत र विपतसँग संघर्ष गरेर आय आर्जन गरेका उपलब्धिमूलक ज्ञान भण्डारका रुपमा रहेको भोगेर आर्जन गरेको मानिन्छ मुद्दूमलाई । किरात साम्पाङ राई जातिभित्र मूद्दूम आधारित प्रकृतिवादी प्रकृतिपूजक (२) सूतूलुङ दोप्माक पूजक (३) हिँवा र माफूई पक्षहरु रहेका छन् । जस्तै : मुद्दूममा यसरी वखान गरेको पाइन्छ । लहै............ खोला र नालाहरु हो बाटो र घाटो नछेकी देऊ है, लहै .... पहाड र पर्वतहरु हो उकालो चढ्दा सहयोग गरी देऊ है, लहै.... रुख र बोटबिरुवाहरु फलफूलहरु सागसब्जी देऊ है, लहै सिमे र भूमे अन्नपानी देऊ है, लहै नागनागेनी, शाखा र सन्तानहरु देऊ है । लहै कुलपितृ आशीर्वाद देऊ है, लहै सूतूलूङचिऔ रक्षाक्षेमा गर है आदि जस्ता वाचन गरिन्छ । हरेक प्राकृतिक वस्तुहरुप्रति फलस्वरुप किरात जातिलाई प्रकृतिवादी र प्रकृतिपूजक भनिएको हो । किरात मूद्दूममा अर्को

विशेषता भनेको हिँवा र माफूई हो । दिवाँ भनेको मूद्मूम अनुसार एक किरात, राइले अर्को किरात राईको परिश्रम गरी आयआर्जन गरेको धनसम्पत्ति, आवश्यक सरसामानहरु लुटेर, ठगेर, खान नहुने, खाएमा पीर्ने, आलिव सराप लाग्ने, रोग लाग्ने, कुकर्म गरे वापत आफू र आफ्ना दर सन्तानहरुलाई सराप लाग्ने । साथै माफूई भन्नाले, रीषराग, आरीष डाहा गर्न नहुने यदि गरेमा रीषका कारणले झै झगडाहरु उत्पन्न हुने रगत बग्ने काम गरेमा रगतले सराप्ने छ ! अन्तमा हिवाा र माफूईको सरापले आफ्नो घर परिवार, कुलमा सराप लागी आफू र आफ्नै आउँदा दरसन्तानहरु अन्धा अपाङ्ग, लुलो लङ्गडा, लाटा गडाहा, भै, वंशै नास हुने र कुकर्म गर्नेको सातौं पुस्ता अघिको पितापुर्खा र सातौं पुस्ता पछिका दर सन्तानहरुलाई नर्कमा डुवाउने धारणाहरु उल्लेख गरिएको छ (किरात साम्पाङ राई मूङ्दूम, वि.सं. २०७२, पृ. २५२-२५६) ।

यी खालका व्यावहारिक अथवा रहस्यगत कर्महरु किरात राई जातिहरुमा सुजात र किरात इतर सम्पूर्ण मानव जातिहरुमा कदापि गर्न नहुने धारणा रहेको छ। आफूले आफू बाहेक सम्पूर्णलाई ढाट्न र छल्न सकिन्छ, तर आफूले आफ्नै मन र आत्मालाई कदापि ढाटन् र छल्न सकिन्न । किरात साम्पाङ्ग राईहरुका प्रमुख, इष्टदेवताको रुपमा घरभित्र स्थापना गरिएको "सूतूलूङ दोप्माक" चुलोपूजा नै हो । खासगरेर साम्पाङ थरका राई जातिहरु आ-आफ्ना कुलपितृहरुको प्रतिक मानेर विभिन्न समयमा, सामान्य र विशेष गरी दुई प्रकारले पूजा आराधना गर्ने परम्परा छँदैछ । यसको अतिरिक्त सुम्निमा र पारुहाङलाई "सृष्टिकार देवी र देवताको रुपमा मान्ने" र सिमेभूमे (धरती) पूजा, नागनगेनी साखेवा सुविना, खोलानाला डाँडापाखा, भीरपहरा कुवा कन्दरा, ढुँगाहरु, मूलपानी, ठूला साना रुख बोटबिरुवाहरु, शिकारी, पूर्वेदेव, संसारी, मूलढोका, मूलखाँवो (थाम) अन्नहरुका धान र कोदोको भकारीमा पूजा गरी, धार्मिक आस्थाको केन्द्रबिन्दु मानेर पूजा गर्ने मूल्य र मान्यताहरु रहेको छ । कतिपय लेखकहरुका अनुसार किरात राई, शैव मार्गी हुन् तर मूर्ति पूजक चै होइनन् भनेका छन् । साम्पाङ थरीका राइहरुका धार्मिक कार्यहरु गर्ने, पुरोहितलाई होमे, कुवी,

नागीरे, सेलेमी, झाक्री, धामीहरु भन्ने गर्दछ । कुविमीहरु मुख्यतः तीन प्रकारका हुन्छन् । तीन प्रकारका कुविमीहरु आ-आफ्नै किसिमले फरक विधिविधानद्वारा नै कार्यहरु सम्पन्न गर्ने गर्दछन् । यसरी कुवि बन्न वा नियुक्ति अरु कसैबाट नभै आ-आप्ना छीः वा “अदृश्य गुरु”, दैवीक शक्तिले कसैलाई रुचाएर उसैको शक्तिबाट कुवी, होमे बन्ने विश्वास गरिन्छ । गुरुद्वारा नै उनीहरुलाई पूजा गर्ने विधिविधान सपनामा पनि तन्त्रमन्त्रहरु दिने गर्दछ भनाई रहेको छ ।

किरात साम्पाङ थरका राईहरु मूर्तिपूजक नभएर प्रकृतिपूजक नै हुन्छन् । उनीहरु आफ्नो सृष्टिकर्ता सुम्निमा र पारुहाङलाई मान्दछन् भने, प्रमुख धार्मिक स्थलको रुपमा आफ्नै घरभित्रका तीन चुलो “सूतूलूङ दोप्माक” लाई पूजाका आस्था, विश्वास, मूल्य मान्यताको प्रमुख स्थान मान्दछन् । किरात साम्पाङ राईहरु यही सूतूलूङ दोप्माक पूजालाई नै धर्म संस्कार संस्कृतिको आधारभूत विन्दुको जरा मानि जन्मपूर्वदेखि लिएर मृत्युपर्यन्त सम्मका सम्पूर्ण धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु अपनाउँदै जीवन निर्वाह गर्न रमाउँदछन् (राई, वि.सं. २०७०, पृ. १००) ।

# अध्याय तीन

# किरात साम्पाङ राई समुदायका प्रचलित सूतूलुङ दोप्माक पूजाको परिचय

## ३.१ किरात साम्पाङ राई समुदायको धर्म र देवी देवताहरु

किरात साम्पाङ्ग राई समुदायले आफ्नै पनका जातीयगतका आफ्नै मौलिक विशेषताहरुका आधार तत्वहरुलाई लिएर समयको काल खण्डहरुका परिस्थितिहरुसँग सामनाहरु गर्दै विविध प्रकारका प्राकृतिक वस्तुहरुलाई देव र देवीहरु र सूतूलूङ दोप्याक पूजा आराधना गर्ने गर्दछन् । खास गरी किरात साम्पाङ राई समुदायमा किरात साम्पाङ राई मूद्दूममा आधारित भै, मूदद्मकै निर्देशन अनुसार किरात धार्मिक संस्कार संस्कृतिमा आधारित भै पूजा आराधना गर्ने गर्दछन् । किरात साम्पाङ राई लगायत अन्य सबै थरीका किरात राईहरु पनि प्रकृतिपूजनक नै हुन् ।

(१) किरात साम्पाङ राई जातिहरु किरात धर्मग्रन्थ, मुद्दूमको निर्देशनमा आधारित भै आस्था र विश्वास राख्नुपर्ने

(२) *सूतूलूङ दोप्माक* पूजा, जहाँबाट मूद्दुमका वाणीहरु उत्पन्न हुने स्रोतको केन्द्रबिन्दुका रुपमा स्थापित भएको आस्था र विश्वास गरिन्छ ।

(३) प्राकृतिक पूजक, जो आफ्ना वरिपरीका सम्पूर्ण वस्तुहरुलाई नै आत्मा दिलैदेखि पूजा आराधना गरी आत्मा सन्तुष्टि र आनन्द लिने गर्दछन् । जस्तैः लहै.... पहाड पर्वतहरु हो लहै खोला र नालाहरु हो, लहै ... धारा र कुवाहरु हो, लहै जग्गा र जमीनहरु लहै ... सिमे भूमे, नाग नगेनीहरु हो लहै ... प्राकृतिक वनस्पतका बोट बिरुवाहरु हो भनि तिनै प्राकृतिक वस्तुहरुका नाममा पूजा आराधना गर्रा आस्था र विश्वास गर्ने गर्दछन् । नकी किरात साम्पाङ्ग राईहरु मठ मन्दिर, चैत, गुम्बा, चर्च, मष्जिद निर्माणकर्ता ईश्वर वा भगवान् भन्दा

पनि अरु बढी आस्था र विश्वास गर्दछन् मूद्दूममा । उपरोक्त प्राकृतिक उत्पादित स्रोत वस्तुहरुमा । त्यसैकारणले किरात धर्मलाई प्राकृतिक पूजकको रुपमा मानिएको हो ।

(४) हिँवा र माफूई, यी भनाइ दुई पक्षका रहस्यगत रुपहरु रहेका हुन्छन् । जुन रुपहरु किरात मूद्दुम भित्र उद्धृत गरिएका छन् । हिवाँ भनेको यस्तो प्रकारको असहिया शेक लाग्ने शब्द हो कि एक व्यक्तिको परिश्रम र धन सम्पत्तिहरुलाई अर्को व्यक्तिले लेटेर, छलेर, ढाटेर, शोषण गर्नु हुँदैन । यदि त्यसो गरेमो रोक, सिए, शेक, अभिसाप, पाश्यताप वा सराप वा पाप लाग्छ भन्ने धारणा रहँदै आएको छ । त्यसैगरी माफूई गर्नाले रिष आरोष डाहा, रीषिवी गर्नु हुन्न यदि गरेमा रोषले झगडा उत्पन्न गर्छ । अन्तमा झगडाले रगत बगाउँछ र रगतले पीर्छ दोष दिन्छ । अन्तमा हिवाँ रोक सराप र आरीष रगतेको सरापले उसैको दर, सन्तानहरुलाई सराप लाग्छ, पिर्छ र शाखा र सन्तानहरुलाई कुलदण्ड लागी अन्धी, अपाङ, लुला लंगडा, अर्ध, मनस्थिति, लाग, गडाहा भै वंशै नाश हुने मूद्दूममा उल्लेखित रहेको छ । कुनै पनि किरातले मुद्रदुम विपरित गै, हिवाँ र माफूई गरी, लुटपाट, शोषण, गर्ने, रीषद्वारा रक्तपात बनाउने, घरदैलो काँटने र भाडावर्तनहरु रीषले जानी जानी फुटाउँछ भने उसको जीवन शैली मानौ, एउटा पहराको टाकुरामा एउटा रुख होस् । त्यो रुखको हाँगामा एउटा ढुकुर बसेको होस् । जसको शरीर वा दुवै पखेटाहरुमा एकरती पनि प्वाँखहरु नभएको होस् । त्यस विना प्वाँखका ढुकुरको अवस्था कस्तो होला । बसिरहौ कति दिनसम्म बस्ने उडौ पखेडामा प्वाँख छैन अन्तमा उक्त रुखको हाँगाबाट लडी मर्नुपर्ने अवस्थाले ठेली राखेको हुन्छ । मूद्दूम आधारित भनाइहरु ।

## ३.२ किरात साम्पाङ राई समुदायका प्रचलित धार्मिक पूजाहरु

किरात साम्पाङ राई समुदायमा आदि अनादि कालदेखि नै जातीयगत र परम्परागत रुपमा मानिँदै आएका विविध प्रकारका पूजाहरु गर्दै आएका छन् । जस्तै

सबभन्दा पहिलो पूजा चै सूतूलूङ्ग दोप्माकै हो । सूतूलूङ्ग दोप्माकलाई मूल उत्पत्तिको केन्द्रबिन्दुमानि अन्य विविध प्रकारका पूजाहरु गर्ने बाटोहरु खोलिने मूद्दूम आधारित उल्लेख रहेको छ ।

खासगरी किरात साम्पाङ राई जातिहरु मूल पूजाको रुपमा सूतूलुङ र प्रकृतिकपूजक नै हुन् । यस जातिका प्मुख धर्म केन्द्रका प्रतिक भन्नुनै आफ्ना घरभित्र बनाइएको सूतूलूङ्ग दोप्माकलाई नै धर्मको मुख्य प्रतिक सहित कुल पितृहरुको, गूवो गुदी कै आत्मा मन ठानी, हरेक समयमा, नियमित र विशेष अवस्थाहरुमा, सामान्य र विशेष प्रकारका पूजा आराधना गर्ने गर्दछन् यी जातिरुले । उक्त सूतूलूङ्गलाई सम्बोधन गरेर अन्य विविध प्रकारका पूजा आराधनाहरु गर्ने बाटो खुलेको आस्था र विश्वास राख्दछन् । यदि सूतूलूङ्गलाई सम्बोधन नगरी अन्य पूजाहरु गरेमा विटुलो, अशुद्ध ठहरी गरिएको पूजाको अर्थ नहुने कार्य सिद्धि प्राप्त नहुने साम्पाङ राईहरुमा जनविश्वास रहेको छ । यसरी सूतूलूङ्गलाई सर्वप्रथम विधि विधान र सामग्रीहरु सहित जुटाई पूजा गरी अन्य विविध प्रकारका पूजाहरु गर्ने परम्परा रहेको छ यी जातिहरुमा । यसरी सूतूलूङ्गमा शिरोपर राखी दोप्माक गरी सूतूलूङ्गमा नै अचर्ता अर्पण गरी भोग बली दिने पूजाहरु पनि छन् पहिलोमा । अनि दोस्रोमा सूतूलूङ्गलाई बक्साई सम्बोधन गरी अन्य पूजाहरु गरिने दोस्रो प्रकारका पूजाहरु पनि गर्दछन् । यसैगरी तेस्रोमा किरात जातिहरुमा सूतूलूङ्गलाई सम्बोधन नगरी अन्य पूजाहरु गर्ने प्रचलन पनि रहेकै छ । अतः किरात साम्पाङ राई जाति खासगरी तीन किसिमले पूजा आराधना गर्ने प्रचलन रहँदै आएको छ । यो जातिका सूतूलूङ्ग दोप्माक पूजा एक मेरुदण्डकै रुपमा स्वीकारी कुलपितृका रुपमा र अन्य पूजाहरु गर्ने गर्दछन् । जस्तै न्वागी, पितृ श्रद्धाको, बेलामा, पितृपूजा, अन्नबाली ‘धन्काएको बेलामा, छुनिमाङ्ग पूजा, धानको ढिकुटी, भकारीमा, रिवामाङ पूजा कोदोको भकारीमा, तासमाङ पूजा, बेग्लै धानको भकारीमा पूजा गर्ने प्रचलन रहेको छ । यसैगरी नागापूजा, भाईचिन्ता, मायुम पूजा, रुँःरी चिन्ता पूजा, सिकारी पूजा । शीर उठाउने पूजा, मूल खाँवो पूजा, मूल ढोकाको पूजा, पूर्वे देवता,सन्सारी पूजा पंचौवली पूजा वनपूजा वुढेनी पूजा, गोठ पूजा र भूमे सखेरा पूजा

गर्दछन् । सखेका पूजा भित्र नै धरतीसँग सम्बन्धित किरात पूर्वजका सृष्टिकर्ता माता र पिताको प्रतिक सुम्निमा र पारुहाङ स्मरणका साथै नागनगेनी र सिमेभूमे खोलानाला पहाडपर्वत, डाँडा, भीर, पहरा, कुना कन्दरा, गुफा, ओडार, जग्गा जमीन,उर्वराभूमि,प्रकृतिक रुख बोटबिरुवाहरु धारा कुवा, अन्नबाली कन्दमूल फलफूल दिने बोट बिरुवाहरुलाई सम्झी पूजा गर्ने गुणको आधारमा इष्ट देवताको रुपमा मान्दछन् (किरात साम्पाङ राई मूद्दूम, वि.सं. २०७२, पृ. १४१-२५१) ।

यी जातिहरु सूतूलूङ्गमा नै निहित भै जन्मदेखि मृत्युपर्यन्तका सम्पूर्ण संस्कारर साँस्कृतिक कर्मकाण्डहरु समेत यसै सूतूलूङ्गबाटै संचालित हुने गर्दछ । सूतूलूङ्गमा खास गरी हरेक समय समयमा सामान्य र विशेष गरी दुई अवस्थाहरुमा गर्ने परम्पा रहेको छ । सामान्य अवस्थामा वर्षभरीमा गरिने पूजाहरु पितृश्रद्धाका बेला नयाँ अन्नबाली पाकेको बेलामा अन्नबालीको चोखो अंशहरु आफूले खानु भन्दा अगाडि पितृ पूर्खा पूर्वजहरुलाई अर्पण अर्चना गरेर मात्र आफूले खाने न्वागी पूजा यसै गरी अन्नबाली सम्पूर्ण पाकी थन्काए पछि मात्र गरिने पूजा पित्रा पूजा, उद्यौली, धनधान्य पूर्णिमाको समयमा गरिने पूजा उभौली वैशाखे पूर्णिमा चण्डी पूर्णिमा समयमा, नयाँ अन्नबालीहरु विउ, विजन, छर्ने, रोप्ने, उमार्ने बेलामा पितृ तथा भूमेपूजाको सखेवा पूजा गरिन्छ (किरात साम्पाङ राई मूद्दूम, वि.सं. २०७२, पृ. १४१-१७०) ।

यसरी नागा पूजा, भाईचिन्ता, मायुम, पूजा, रुँः रोचिन्ता सिकारी पूजा बुढेतो पूर्वे देवता पूजा, मूल खाँवाको पूजा पंचौली पूजा र सखेवा निकाल्ने, मानिङ राख्ने पूजाहरु विशेष पूजाका रुपमा स्वीकारिन्छ । यसैगरी सूतूलूङ्ग पूजा, न्वागी, पित्रा, शरीर उठाउने उधौली र उभौली समयमा धरतीसँग सम्बन्ध राख्ने सखेवा पूजासँग सम्बन्धित राख्ने अनेकौं पहाड पर्वत नदीनाला आदि नियमित रुपमा वर्षदिनभित्र गरिने सम्पूर्ण पूजालाई सामान्य पूजाका रुपमा मानिन्छ (किरात साम्पाङ राई मूद्दूम, वि.सं. २०७२, पृ. १९७-२५२) ।

## ३.३ किरात साम्पाङ राई समुदायको सूतूलूङ्गमा पूजा गर्ने पुजारीहरुको नियुक्ति

किरात साम्पाङ राई जातिहरुका धार्मिक कार्यहरु र संस्कार र सांस्कृतिक कर्मकाण्डहरुलाई विधि विधानगत रुपमा कार्य सम्पन्न गर्ने पुरोहितहरुलाई कुविमी होमे वा हुङ मुक्तुमी भनिन्छ । यी पुरोहितहरु तान्त्रिक र मान्त्रिक धामी झाक्रीहरुका रुपमा हुन्छन् । जसले भूत प्रेतहरुसँग कुराकानी गर्न सक्छन् भन्ने विश्वास गर्दछन् । आरीष डाहा जीवन लिलाहरुका आपत र विपतहरुका दूर घटना संकटहरु सुख दुःख आयुहरु मृत्यु, जीवनभरका दिन दशा ग्रहहरुका राम्रो र नराम्रा खेलहरु ज्योतिषि जस्तै जोखना हेरी हिजोको, आजको, र भोलीका जीवन शैलीका भोग भोगाई भोग्नुपर्ने जीव्नका दैनिकी भविष्यवाणीका रुपमा बताउन सक्छन् । उदाहरणको रुपमा कुखुराको अण्डाबाट सूब्वे फाब्वेको चिन्ह, अदूवाको पानालाई कच्छुर हानेर, थालमा चाम राखी जोखना हेरी राम्रो नराम्रो, दिन, दशा ग्रहहरु खेलहरुबाट हुने परिणामका बारेमा भविष्य वाणीहरु बताइदिने गर्दछन् । किरात साम्पाङ राई जातिहरुमा मूद्दूम अनुसार तीन प्रकारले नियुक्ति हुने कुराहरुमा विश्वास गर्दछन् । ती तिनै प्रकारका कुविहरुले आ-आफ्नै किसिमले कार्य सम्पन्न गर्ने गर्दछन् । यसको अर्थ तिनीहरुका नियुक्ति र कार्यक्षेत्रहरु फरक फरक नै हुन्छन् । उनीहरुका इच्छा र चाहना अनुसार नियुक्ती हुन नपाउने हुन्छ । ती तीन प्रकारका धामीहरु हुनलाई उनीहरुले उनीहरुकै सपनामा स्वयम् छीः ले छोएको हुनुपर्छ । आफुले आफ्नो सपनामा पाएको र पाए पछि शरीरमा काम्ने कम्प दिई भुइफुट्टाको रुपमा होमे, नाक्छुङ, माङपा उचने, परम्परा रहेको बताउँछन् जसलाई अदृश्य गुरु दैविक शक्तिले कसैलाई रुचाएपछि उसैको शक्तिबाट रुचाइएको व्यक्ति नै कुविषहरु धामीहरु होमेहरु उत्रने प्रचलन रहेको छ । जस्तैः (१) होमे, कुविमी, सेलेमी (२) नागिरे कुविमी (३) सखेवा कुविनी

(क) कुविमी वा होमे नाक्छुङ वा माङ्गपा शब्दले सम्बोधन गरिने प्रचलन रहेको छ । जसले "किरात साम्पाङ राई जातिहरुमा हरेक प्रकारका कुलपितृ र कुल देवताहरुका धार्मिक र संस्कार सांस्कृतिक कार्यहरु उल्लेखित कुविमीको होमे नाक्छुङ्गद्वारा कार्य सम्पन्न गर्ने परम्परा रहेको छ ।

(ख) "सेलिमी वा सेलम्पा सेलिमी कुविले किरात साम्पाङ राई जातिका विजुवा वा सेलेमीले प्रत्येक घर परिवारका सदस्यको मृत्यु भएको अवस्थालाई हेरी, बालक कालमा मृत्यु भयो कि जवानीकालमा मृत्यु भयोकी उमेर परिपक्व भएर मृत्यु भयोकी उमेर पुगेर पनि लडेर, दुर्घटनामा परेर झुण्डिएर मरेको, होकी, उमेर पुगेर सहज तरिकाले मृत्यु भयो त, आदि मृत्यु घटनाको अवस्थालाई हेरी सोधी सेलिनी कुविमीले मृतकलाई पितृलोकमा, बस्नेकी, सूतूलूङमा बस्ने की घरबाहिर सिएको रुपमा बस्ने आदिका बारेमा मृतकलाई बाटो दिने काम सेलिनीले गर्दछ भन्ने जन विश्वास रहेको छ (राई दल बहादुर, १, २) ।

(ग) नागीरे होमे, कुवि पनि आफ्नै सपनाबाट छिःको रुपमा उत्रने किरात साम्पाङ राई जातिहरुमा जनविश्वास रहेको छ । नागिरे पुजारीले नागनागेनी, जो पानी खोला नाला जलस्रोतदाताकी रुपमा र किरात साम्पाङ जातिका जीवन शैलीमा आपत विपत नआओस् सन्तान नभएमा सन्तान होस्, पाउँ भनी भाकलको रुपमा पूजा गरिन्छ । नागापूजालाई (चमाङ्ग) भनिन्छ । यो खालका (माङहरु) सोह्र थरिका देवा वा माङ्गहरु समाहित रहेका हुन्छन् जस्तैः

| | | |
|---|---|---|
| (१) चमाङ देवा | (२) छुनिमाङ्ग देवा | (३) रिवामाङ देवा |
| (४) तासमाङ्ग/लेमलेममाङ्ग | (५) वलेमाङ् | (६) बनडुलुङमाङ |
| (७) थम्पू/दिवूमाङ्ग | (८) छिमाङ्ग | (९) गुन्डुलुमाङ्ग |
| (१०) होडको माङ्ग | (११) ताङ्गखुडिभाङ्ग | (१२) ढेमाङ्ग |
| (१३) सप्समाङ्ग | (१४) इन्छिरि माङ्ग | (१५) बुढीमाङ्ग |
| (१६) ताफूमाङ | | |

उपयुक्त माङ्ग वा देवाहरु नागिरे कुविले मात्र गर्न सक्छन् । (राई, दुर्गा बहादुर, पृ. ३)

(घ) "सखेवा कुविमी पनि आफ्नै सपनाको छिः बाटै वा सिचिमाबाटै जिजुबाजेले पाएको विद्याबाट पनि सखेवा कुविमी पनि हुन सक्छ । उसलाई सपनामै तन्त्रमन्त्र र विधि विधान पाएको पनि हुन सक्छ । यी खाल कुविहरु, छिःले के के गर्ने विधा वा दिएको छ । उही अनुसार गर्ने गर्दछन् । जसले सखेवा पूजा लगायत अन्य पूजाहरु पनि गर्ने गर्दछन्" (राई, दल बहादुर, पृ. ४) ।

(ङ) मुक्तुमी, जानिफकारहरु जो किरात साम्पाङ्ग राई जातिहरुमा केही सामान्य 'कुल पितृ पूजाहरु गर्दा, कुविमी होमे पुजारी नाक्छुङ्ग माङ्पाको सट्टामा भाषा र संस्कार साँस्कृतिहरुमा जान्ने बुझ्ने पोक्त भएका जो भोगेर, परेर देखेर सुनेर जानकारहरु बुढापाका तम्सभुहरुबाट पनि कुलपितृ कुल देवताका पूजाहरु गर्ने गर्दछन् । यी जातिहरुमा । यसरी किरात साम्पाङ्ग राई जातिहरुका कुविमी, सेलेमी, नागिरे कुवि, सखेवा कुविमी र मुक्तुमीहरु तन्त्र मन्त्र, जिजुबाजेका सिचिमा, छिः का आधारहरुले नियुक्ति हुने परम्परा रहेको छ । अर्को तर्फ सामान्य रुपमा कुलपितहरु पूजा गर्नको लागि, सर्वसम्मतिबाटै भुक्तभोगी भुक्तुमीहरु स्वतः स्फूर्त स्वीकार्य हुने परम्परा रहेको छ ।

कुलपितृ कुलदेवताका कुविमीहरुका कुवमी, होमे, पुजारी, पुरोहित, भएको अवस्थामा भेष भुषहरु अनिवार्य लगाउने गरेको हुन्छ । खासगरी होमेले शिरमा फेटा लगाउने, सेतो कपडाको एउटा झोला र झोलाभित्र "सिरा र विछ्रू" केही चामल र अदूवा) राखी दाहिने पट्टि भिरेको हुनुपर्छ ।

यसैगरी नागिरे, कुविनीहरुले जामा पगरी सुनखरी फूल सहित फेटा, वासाङ्गहरु समेत शिरमा सिउरिएको हुन्छ । पेटमा पटुका बाँधी साानो खालको हतियार कछूर हान्नको लागि भिरकेका हुन्छन् । अनि सखेवा निकालेर सखेवा पूजा गर्ने होमे कविमीले

पनि आफ्नै खालको भेषभुषा लगाउँछ । जामा, पगरी, फेटा, शीरमा कल्की र वासाङ्ग लगाएको हुन्छ । मात्रै, सामान्य रुपमा, मुक्तुमी, जानिफकारहरुले चै सामान्य भेषभुषामा नै रही सूतूलूङको अगाडि बसी शीरमा सेतो कपडाको फेटा पगरी बाँधी सूतूलूङको नाममा देखाउने वा वखान गर्ने आवाहान गर्ने गर्दछन् ।

## ३.४ सूतूलूङ दोप्मा (चुलापूजा)

### ३.४.१ सूतूलूङपी दोप्माक परिचय

सूतूलूङमा पूजा गर्ने परम्परा किरात साम्पाङ राई जातिहरुका एक ऐतिहासिक र जातीय पहिचान र अस्तित्वको चिनारी दिइ राख्ने प्रचलन नै रहेको छ । तर यो परम्परा साम्पाङ राईहरुमा मात्र नभएर अन्य थरहरुका सम्पूर्ण किरात राई जातिहरुमा यो *सूतूलूङ पूजा* प्रथाले गहिरो जराहरु गाडी राखेकै छ । सूतूलूङ दोम्माको परिचय सम्बन्धमा हालको अवस्थालाई हेर्दा अर्थ, परिभाषा दिनुपर्छ । किरात साम्पाङ राई जातिहरुका प्रत्येक घरभित्र उपयुक्त ठाउँमा खाल्टा खनी कतिले बाटुलो आकारमा, कतिले चारकुने आकारमा खाल्टो खनी उपयुक्त खालका तीनओटा ढुँगालाई उपयुक्त दुरीमा तीनतिर पारी ठड्याउने गरिन्छ । त्यस अवस्थामा तीन चुलाको माँझमा एउटा चप्लेटी ढुँगा राखी अनि मात्र नलड्ने गरी तीन चुलोको स्वरुप निर्माण गरिएको हुन्छ । तीन चुलाको वरिपरी वाटुलो वा चारकुने आकारमा चारैतिर चप्लेटी ढुँगाहरुले वार लगाई सुरक्षित गरिन्छ र चुला स्थापना गरी सकेपछि सदावहार आगोको माऊ मार्न हुन्न भन्ने धारणाहरुले गर्दा अगेना वा चुलामा दलसिङ्ग ढागा पनि राखिन्छ । त्यसरी चुलोको निर्माण त भयो । यदि यो चुलालाई किरात धर्म मूद्दूम अनुसार कुविमी होमे, पुजारी, बुढापाका, मुक्तुमीद्वारा अथवा किरात मूद्दूमको विधविधान र सामग्रीहरु जुटाई पूजा आराधना होम् होमादी तर्पण दिई आजदेखि हामीले तिमीलाई सूतूलूङको भएको घोषणा गरी सार्वजातिक रुपमा मूल्य, मान्यता, विश्वास र आस्था मान्ने सम्पूर्ण किरात राई समुदायमा रहेकै छ । नकी अन्य राईलाई जातिहरुमा पनि छँदैछ ।

उपयुक्त मार्गचित्रको आधारबाट के भन्न र अनुमान गर्न सकिन्छ भने, किरात साम्पाङ राई जातिहरुका प्रमुख धार्मिक केन्द्रको रुपमा सूतूलूङाई नै मान्दछन् । यिनै सूतूलूङबाटै जन्मदेखि, मृत्यु पर्यन्त अन्त्येष्टिताका सभ्यका सम्पूर्ण धर्म, संस्कार, संस्कृति, कर्मकाण्डीय कार्यहरु, जीनशैलीका आपत, विपत, सुख, दुःखका भोग भोगाई समग्र परिणामका सकरात्मक र नकरात्मक, यस कीर्तिहरुलाई सूतूलूङले नै सत्य तथ्यहरु छुट्याउने गर्दछ । तीनओटा ढुँगा, गाडी किरात मूद्दूम अनुसार, होमे पुजारी, नाक्छुङ, माङपा, जानीफकारहरुद्वारा मूद्दूम विधिविधान पूजा आराधना नगरी सूतूलूङको नामक नगरिएको खण्डमा, त्यस चुलालाई खाना पकाउनको लागि अगेनाको रुपमा मानिन्छ जो सुकैले छुन मिल्छ । तर सूतूलूङमा कदापी त्यसो गरिँदैन । अनादिकालबाटै बहुमत किरात पूर्वजहरुले सूतूलूङलाई नै सबैभन्दा ठूलो शक्तिका रुपमा स्वीकार्दै आएका छन् । किनकी, सूतूलूङभित्र पापालूङ, मामालूङ, छेकूमालुङ्ग, मिचेलूङ, मीलूङ्ग र वारा वा तारालूङ, समाहित भएको हुन्छ जसलाई सूतूलूङ मण्डल भनिन्छ । पापालूङले एकाघरका सबै प्रकारका छोरा समूहहरु वा पारुहाङ्ग प्रतिक मानिन्छ । मामालूङ्गले समूहभित्रका सबै प्रकारका छोरीचेली सुम्निमाप्रति संकेत ठानिन्छ । छेकुमालूङ्गले छरछिमेकी मामालो ससुराली, मितेरी हितेरी लगायत विश्व बन्धु कुटुम्ब पातल नाग नागेनी र देव देवता प्रतिक आशय व्यक्त गरेका छन् । मीलूङले सूतूलूङ स्थापित भइसकेपछि सदावहार आगो निभाउन हुन्न भन्ने आशय राखी आगोको माऊँ राखी राख्नु पर्छ भन्ने धारणा राखी, सूतूलूङकोखरानी भित्र एउटा आगो पार्ने दल्सिङ्ग ढुँगा राख्ने परम्परा रहेकै छ । यसैगरी वारा वा तारालुङ्गले सूतूलूङलाई समग्ररुपमा सुरक्षाको हिसाबले चारैतिर घेराहोली सुरक्षा गरेको हुन्छ । यसकारण किरात साम्पाङलाई राई जातिहरुका लागि सूतूलूङ दोप्मा अति नै महत्वपुर्ण र कुलपितृ पूजाको रुपमा मान्ने गर्दछन् । जुन सुकै पूजा आराधना धार्मिक कार्य वा संस्कार साँस्कृतिक कार्यहरु गर्नुभन्दा अगाडि सूतूलूङलाई शिरोधार्य राखी सम्बोधन गरेर मात्र अन्य कार्य गर्न बाटो खोलिने पूर्ण विश्वास गर्दछन् ।

### ३.४.२ सूतूलूङ दोप्माक पूजाको उत्पत्ति सम्बन्धी धारणाहरु

किरात साम्पाङ राई जातिका पूर्वजहरुले अनादि कालबाटै सूतूलूङ दोप्माक पूजा गरी ल्याएका हुन् । तर पनि यसको बारेमा शोध खोजको क्रममा यसको उत्पत्रि सम्बन्धमा विविध होमे, पुजारी, मुक्तुमी, तम्सवुहरु, बूढापाका, सेलेमी, कुविमी, नागिरै आदि पूर्खाहरुसँग भेटघाट, छलफल, अन्तर्वार्ता र स्थलगत भ्रमण र प्रत्यक्ष अवलोकन गरी प्रत्यक्ष सूचना र जानकारी प्राप्त अनुसार उल्लेख गरेको छु ।

१. ८१ वर्षिय कुविमी तायामी दल बहादुरका अनुसार सूतूलूङ दोप्मा पूजाको उत्पत्त बारे “पारुहाङ र सुम्निमाले आफ्नै सन्तानहरुका जीवन निर्वाह गर्न र उनीहरुकै पिता पूर्खाहरुका नामहरु स्मरण गर्नको लागि उनीहरुले जीवनभर खाएका खाद्य वस्तुहरुका केही अंशहरु दिएर आत्मा खुशी पार्नको लागि *सूतूलूङ पूजा* पारुहाङ्गकै सन्तान खक्चुलुक्पाको पालाबाट सृजना गरेको कथाहरु सुनाउँछन् (कविमी/राई …………)

२. ५५ वर्षिय किरात संस्कृतिविद नारदमणि हर्ताम्छालीका अनुसार “शिकारीयुगको अन्त्य र कृषि युगको खोरिय डाला गरी फूलखरानीमा अन्नबाली लगाइ उत्पादन गरेको युगबाटै चुलो उपयोग गरेको तर्क र मातृप्रधानबाट पितृ प्रधानको संक्रमणहरुमा नै सूतूलूङको नामकरण गरेको विचार व्यक्त ।”

३. ६७ वर्षिया तायामी गुरुप्रसाद राईका अनुसार आदिमकालदेखि आगोको शक्ति र महत्व महशुस गरेर पुर्खाहरुले शिकारी युगमा आएपछि आगोलाई बचाइ राख्न केही उपायहरु अपनाए होलान्  कृषि युग आएपछि घर भित्र नै आगोलाई सुरक्षित गर्ने क्रमशः चुलाको अवधारणा आएको हुनुपर्छ । उक्त चुलोलाई कालान्तरमा आएरपहिलो मातृसत्तात्मक युगका प्रधान आमाबाट, दोस्रोमा पितृ सत्तात्मक प्रधान, बाबुबाट र अन्य वंशहरु प्रतिनिधिहरु छोरी चेली, मामालूङ,

पापालूङ र छेकूमालूङ्ङ नामाकरण हुँदै अन्तमा आमाबाट, बाबुबाट र तेस्रोमा, समुदायको प्रमुख जेहोपाको बाटै सूतूलूङको नामकरण भएको दावी गर्नुहुन्छ” ।

४. ४६ वर्षिय डा. भक्त साम्पाङ राईका अनुसार आगोको आविष्कार र माटोको भाडाकुडाहरु निर्माण गर्न जानेपछि चुलो निर्माण गरेको हुनुपर्ने तर्क दिन्छन् । तिनै चुलो निर्माण कर्ताहरुकै । सन्तानहरुबाटै सूतूलूङको नामाकरण गरेको हुनुपर्छ ।

५. ७५ वर्षिय नागीरे कुभिमी दुर्गबहादुर राईका अनुसार सृष्टिकाल पछि सुम्निमा र पारुहाङले नै उनका शाखा सन्तानहरुाई मानव कालमा आइपुगेपछि आफ्ना पिता पूर्खाका नाममा सम्झी उनीहरुले वाचुञ्जेलसम्म खाएका र लाएका वस्तुहरुका केही अंश तर्पण पानी दिई खुशी बताउनको लागि सूतूलूङ बनाउन लगाएको तर्क दिएका थिए । जुन कालमा कुविमी, सेलिमी माङपाहरुको उदय भयो । उही कालबाटै सूतूलूङ शब्दका उत्पत्ति भएको दावी गर्नुहुन्छ ।

६. ६७ वर्षिय तायामी वा मुक्तुमी पदम बहादुर राईका अनुसार शिकारी युगको उत्तरार्ध र कृषियुगको पूर्वार्ध खोरय डाला गरी भष्मे फडानी युगको सरुआतबाट *सूतूलूङ पूजा* अवधारणा भइसकेको दावी गर्नुहुन्छ । सूतूलूङको नामकरण गर्ने व्यक्ति चै कृषियुगका हताकर्ता, खक्चुलुक्पा वा रेछाकुपाद्वारा उल्लेख भएको कुरोलाई स्वीकार्दछन् ।

७. ७३ वर्षिय पूर्खा चक्रप्रसाद राईका अनुसार सूतूलूङमा पूजा गर्ने परम्परा पत्थरेयुग साथै शिकारी युगपछि कृषियुगमा प्रवेश गरिसकेपछि गृहस्ती जीवनको सुरुआतबाटै सुरु भएको हुनुपर्छ र तिन चुलो ढुँगालाई सूतूलूङ नामकरण गर्ने किरात पूर्वज चै हेच्छाकुपा नै हुन् भनी दावी गर्छन् ।

८. ६९ वर्षिय संस्कृतविद् जितकुमार राईका अनसार सूतूलूङमा पूजा गर्ने परम्परा जंगली युग पार गरी ढुंगेयुगको अन्तराल भै चुलोको वा अगेनाको उपयोग

गरेको र किरात पुर्खा हेच्छाकपाद्वारा नै चुलोलाई सूतूलूङ नामकरण गरेको दावी गर्नुहुन्छ ।

९. ५७ वर्षिय मूद्‌दूमविद् कमजजङ्ग राईका अनुसार शिकारी युगको उत्तरार्ध र कृषियुगको पूर्वाधदेखि प्रारम्भक भएको हुनुपर्छ । *सूतूलूङ पूजा*को प्रचलन । किरात सभ्यताको विकास सँगसँगै, चुलोढुँगा गाड्ने काम भयो, जुन आध्यात्मिक प्रदत्त व्यक्ति (नाक्छोङ) द्वारा नै सूतूलूङको नामकरण गरेको हुनुपर्छ ।

१०. ८६ वर्षिय मुक्तुमी, जानीफकार शेरबहादुर राईका अनुसार सूतूलूङ दोप्मा परम्परा किरात पूर्वजहरुका जीवन कालमा कुविमी होमे पुजारी नाक्छुङ वा माङपा उदयकालबाटै सुरु भएको हुनु पर्छ । तीन चुलोलाई सूतूलूङको नामकरण गर्ने खक्चुक्पा धामीबाट भएको विश्वास गर्नुहुन्छ ।

११. ४७ वर्षिय किरात संस्कृतिविद् महेन्द्र जङ्ग राइका अनुसार दोप्मा परम्परा किरात पुर्वजहरुमा जब चेतनाको सुरुआत भयो, त्यो सँगसँगै हुनुपर्छ । सूतूलूङ नामकरण गर्ने प्रदत चै, किरात पूर्वज नै हुनुपर्छ आफ्नो आत्मा सुरक्षाको लागि ।

१२. ५५ वर्षिय किरात संस्कृतिविद् भलाकाजी राईका अनुसार सूतूलूङ दोप्मा परमपरा किरात सभ्यताको विकासका चरणमा हरेक व्यावहारिक ज्ञानहरका आयआर्जनका साथै साथै आदिम कालबाटै सुरु भएको हुनुपर्छ ।

१३. ६१ वर्षिय होमे कुविमी तायामी वारध्वज राईका अनुसार किरात मूद्‌दूम पारुहाङ र सुम्निमाहरुका बारेमा व्यापक रुपमा वर्णन भएको हुँदा, उनीहरुकै जीवनकाल पछिबाट सूतूलूङ दोप्मा परम्पराले सुरुआत गरेको हुनुपर्छ । चुलोलाई सूतूलूङ नामकरण गर्ने कर्ता किरातपूर्वज कुविमी, माङपा होमे, पुजारीहरु हुनुपर्छ भन्ने दावी गरेका छन् ।

१४. ६७ वर्षिय किरातविद् तायामी रामप्रसाद राईका अनुसार सूतूलूङ दोप्मा हेन्कुम्वुङ्ग वा आयुमाको पालमा वा आदिमा कालबाटै यो परम्परा सुरु गरिएको हुनुपर्छ । चुलोलाई सूतूलूङको नामकरण गर्ने प्रदत्त व्यक्ति चै कुविमी खबचुलुक्पा नै भएको दावी गर्नु हुन्छ । किनकी उनले एक सनकुई (कुर्ले ढुकुरलाई शिकार गरी ढुकुरका गाँडबाट मकै कोदो र धानका गेडाहरु पाए जसलाई जमीनमा फ्याक्दा, पछि उम्रिएर पछि अन्नहरु फली आफूले समेत खादा मीठो लागेको र कालान्तरमा जीवन निर्वाह गर्न सहयोग भएको र त्यसपछि आफ्ना, पितृहरुलाई समेत आफूले खानुभन्दा अगाडि केही अंश चुलामा वा सूतूलूङमा चढाएर मात्र आफूले खाने गरेको हुनाले सूतूलूङ शब्द र सूतूलूङ दोप्मा परम्पराले निरन्तरता किरात राई जातिहरमा गहिरो जरा गाडी राखेकै छ ।

१५. ५९ वर्षिय शिक्षक बखत बहादुर राईका अनुसार सूतूलूङ दोप्मा परम्परा आदिम युगबाटै सुरु गरिएको हो । तीन चुलो ढुँगाहरुलाई सूतूलूङको नामकरण गर्ने व्यक्ति किरात पूर्वज पितृपूजक होमे पुजारी कुविमी, बिजुवा वा सखेवा कुविमीहरु नै हुनुपर्छ ।

उपयुक्त अन्तर्वार्ता, अवलोकन, भेटघाट, छलफल गरी प्राप्त जानकारी र सूचनाहरु, प्रश्न उत्तर, दाताहरुले दिएको उत्तरहरुलाई समष्टिगतमा व्याख्या विश्लेषणको रुपमा हेर्दा खास गरी सूतूलूङ दोप्मा पूजा गरिएको सुरुआत युग र चुलोृलाई सूतूलूङ नामकरण कर्ताको बारेमा शोध खोज अध्ययन अनुसन्धान गर्ने सन्दर्भमा, खासगरी दुई पक्षहरुका अवधारणाहरु आएको पाइयो । हालका किरात बुढापाकाहरु, जानिफरकारहरु तम्सबुहरु, कुविमी, सेलेमी, विजुवा, नागरिके होमे, पुजारी नाक्छोङ माङपाहरुको विचारमा, किरात पूर्वजहरुको सृष्टिकर्ता सुम्तिामा र पारुहाङकै आशिर्वाद स्वरुप यसो गर्न पाएका हौ । यो परम्परा जुन बेला कुविमी धामी होमे पुरहितको जन्म भयो त्यसै समयदेखि तीन ढुँगाहरका चुलोलाई सूतूलूङ नामकरण दिई *सूतूलूङ दोप्माको* प्रचलन चलेको दावी गर्दछन् । त्यसैगरी किरात सम्बन्धी चासो

राख्ने किरात धर्म, मूद्‌दूमी, संस्कार संस्कृतिविद्‌हरु देखेर भोगेर परेर आर्यआर्जन गरेका किरात विद्वान्‌हरुका अनुसार आगोको गुणलाई चिनी, आफ्नै वरिपरिका ढुँगाहरुलाई प्रयोग गरी अगेना चुलोको स्वरुप दिए होलान् । कालान्तरमा किरात जनजीवनका विकास क्रममा अथवा शिकारी युगको उत्तरार्ध र कृषयुगको पूर्वार्ध कालतिर खक्चुलुक्पा कै नेतृत्वबाट यो चुलोलाई सूतूलूङ नामकरण गरी त्यस सूतूलूङमा नै आफूले पोलेका र पकाएका खाद्य वस्तुहरु आफ्नो मृतक पूर्वजहरुका आत्मा मनलाई केही अंशहरु सूँवाचाको रुपमा अर्पण, तर्पण गर्ने सामान्य काम व्यवहार गरे तर पछि उक्त अर्पण र तर्पण कार्य किरात साम्पाङ राई जातिहरुमा सूतूलूङ दोप्माक कार्यले ठूलो महत्व राख्दै आएको धारणाहरु व्यक्त गरेका छन् ।

### ३.४.३ सूतूलूङ दोप्माक पूजाका प्रकार

यो पूजा मुख्य दुई प्रकारको भएको पाइन्छ ।

#### ३.४.३.१ सामान्य पूजाहरु

किरात साम्याङ राई जातिहरुमा सूतूलूङमा सामान्य र नियमित अवस्थामा गरिने कुलपितृ पूजाहरु गर्दछन् । जो वर्ष दिन भित्रै गर्दछन् । यसमा पनि सूतूलूङमा नै भोगवली र पूजामा प्रयोग गरिएका सर सामग्रीहरुको खाद्यवस्तुको केही अंशहरु अर्पण गरी चढाउने गर्दछन् । जस्तैः (१) न्वागी (२) पित्र, (३) शीर उठाउँदा (४) सूतूलूङ पितृपूजाहरु गाड्‌दा वा कुनै ढुंगा फुटेमा चुलो फेर्दा, (५) धन सम्पत्ति कमाएर धनसम्पत्ति सूतूलूङमा देखाउँदा (छेवेदम) गर्दा (६) बुहारी सूतूलूङमा देखाउँदा (७) छोरीचेली कुटुम्बमा दिई सूतूलूङबाट निकाल्दा (क्रिया सार्दा)

दोस्रोमा किरात साम्पाङ राई जातिको कतिपय पूजाहरु गर्नुभन्दा अगाडि सूतूलूङलाई सम्बोधन गरी आज्ञा आदेश मागेर अन्य पूजाहरु गर्ने गर्दछन् । यदि सूतूलूङसँग आदेश नमागी गरिएमा उक्त पूजा बिटुलो, अशुद्ध र कार्य सिद्ध नहुने जस्ता आस्था र विश्वास राख्दछन् ।

तेस्रोमा सूतूलूङसँग सम्बोधन नगरी गरिने पूजाहरुमा सूँङ्गसा पूजाहरु पर्दछन् जो सूँङ्गसा जीव जनावरबाट पूजा गरिने जो भोग दिइने देव देवीहरुमा कदापि सम्बोधन गरिनन् । अन्य सन्सारी गोठ पूजा भिमसेन वन देवता आदि ।

### ३.४.३.२ विशेष प्रकारको पूजाहरु

किरात साम्पाङ राई जातिहरुमा विशेष प्रकारका पूजाहरुमा भन्नाले नियमित रुपमा नभएर विशेष अवस्थामा कहिलेकाहीँ मात्रै गर्ने पितृपूजाहरु मध्ये नागपूजा, चमाङ, छम्मदम, भाईचिन्त, रुँरीचिन्ता, सखेवा देउता निकाल्दा, पंचौला आदि पूजाहरु गर्दा विशेष खालको कुवमी, सेलेमी विजुवा, नागिरे पुजारीहरुले मात्रै गर्न सक्छन् । अरु सामान्य बुढापाका, जानिफकार, मुक्तुमी तम्सबुहरु आदिले विशेष प्रकारको पूजाहरु गर्न सक्दैन ।

### ३.४.४ *सूतूलूङ दोप्माक* पुजारीहरुको भूमिका

किरात साम्पाङ राई जातिहरमा "सूतूलूङ दोप्मा" पूजा गर्नको लागि तोकिएको होमे पुजारी जानिफकार भाषाविज्ञ तम्सबुहरुद्वारा पनि गराउँदछन् । जस्तैः सूतूलूङ दोप्मा, गर्ने दिन वा समयमा पूजा गर्नको लागि सूतूलूङको ठिक अगाडि छेऊमा नाङ्गलो वा थाल माथि केराको टुप्पो तुप्ला राखी शीरा चामल राखिन्छ । तुप्ला चामलको दाया र वायाँ दुवैतिर एक एक ओटा चिन्डीहरुमा जाँड वा कोदो र मर्चा पानीले भरी दुवै चिण्डोहरुको मुख मुखमा केराको पातको सोली (लिङमा) बनाई लगाई जाड पानीले धारा दिने खालको बनाउँदछन् । यसैगरी तुप्ला चामलको दायाँ र बायाा दुवैतिर केही चामल र अदुवाको चानाहरु दुनाहरु राखी दुवैतिर राख्छिन् । अनि, त्यसैगरी कालो मासको गेडाहरु पकाए दुईतिर दुई दुनाहरुमा पोखेमादम रहन्छन् । यसरी *सूतूलूङ पूजा* गर्ने थान थपना पूरा भएपछि थानको दुवैतिरको दुईओटा चिण्डोहरुमा जाँडहरुले भरी मातृप्रधान र पुरुष प्रधानको प्रतिक मानिन्छ । र पुजारी वा होमेले प्रयोग गर्ने एउटा सुत्त परेको चिण्डोमा जाँडले पूरा भरी, मुखमा केराको पातको

सौली बनाई धारा दिने बनाइन्छ र काठको सानो आरी वा डवकामा सोलेवा चिण्डो/चामल, अदूवा राखिन्छ । साथै पूजाको बेलामा विभिन्न जीव जनावरहरका रपशुपंक्षीहरुका खुट्टा पखेटाहरु अन्य अङ्गहरुका केही अंशहरु पोलेर थानमा राखिन्छन् । सामग्रीहरु राखी सकेपछि, कुविमी, होमे वा मुक्तुमी सूतूलूङ अगाडि पूजाको धान र त्यसको साथमा अगाडि बसी *सूतूलूङ पूजा* सुरु गर्नु अगाडि पहिले सूतूलूङलाई सोलेवा चिण्डोको जाडपानीले चोख्याउँदै देवी देउराली सिमेभूमे वायु बरमङसी भूत प्रेत, सिए हिललारी (भमाङसी) तुक्छाचिओ आदिलाई असाई पन्छाई गरी सकेपछि शुद्ध होमे पुजारी नगरी पाएको होमे भए सोलेवा चिण्डोको जाँडले तिनओटै सूतूलूङहरका टाउकाहरुमा अच्चाउने जाँडले तीनओटै सुतुलुङ्गहरुका टाउकाहरुमा अच्चाउने गर्दछ । जसलाई “कुईमा” गर्नु भनिन्छ जो आफ्नै थरको होमे हुनुपर्छ । तर आफ्नो थरको राई नभै पुजारी पगरी पाए पनि र अन्य थरका राईहरु जो बूढापाकाहरु, मुक्तुमीहरु र जानीफकार भए पनि त्यसरी “कुईमा” गर्न पाउँदैन । ती खालका म्होमे पुजारीहरुले तिनओटा सूतूलूङहरुका फेद फेदमा सोलेवा चिण्डो जाँड र अदुवा अक्षेताहरु चढाउने गर्दछन् । अरु गर्न पाइन्न । यति गरिसकेपछि होमे, नाक्छुङ वा भुक्तुर्मा जानिफकारले सूतूलूङतिर फर्के दोप्मा गर्न सुरु गर्छ ।

“शुरुमा होमेको दोदूमी भाषामा

*हा ..........अनमोई हा आसेपुनि ......... मुलुमपुनि ................ ।*

*हा ........... सप्सलुङ ....... ओललुङ्ग..... थमलुङ्ग.....*

*हा..............दिपालुङ्ग..........सकुलुङ.......सूतूलूङ....*

*हा..............कुविलुङ्ग..........मिचेलुङ.......मिलूङ....*

*हा..............तारालुङ्ग..........चसुमलुङ......छेवेलूङ....*

*हा..........कविलुङ्ग..... छेवेलुङ.......चसुभलुङ..... हा..... ......दिपालुङ*

*हा........मीयालुङ्ग....मिचेलुङ्ग....तारालुङ्ग..... ।*

*हा.... आसेपुनी.....मुलुमपुनी....वुसिङ्गयो....*

*हा... खोदोदुङयोता। च्योरी साँ..... याङ्साँ दिबुङ्ग साँ, वा वुङ्ख्याँ, खिसासाँ, एवा साँ .... हडीसाँ पप्पी साँ, लापेवोसो चरचचुप्नाके .. आरावादङ्ग पोखेमादम सुविखो... विछुखो ....सोलेवा ....लिङमादी...सुङदिदी..पारुदी...... चर चचुप्नाके*

*पाँ पोखाँरुप्चीला....छोवपोखवोखप्ता, .... चसुम पोखा ....निवाला ....हाँछापोखा हेक्केबुङ्ग....तयाँपोखा रोफब्ला.....कुविपोखा मुकुलुङ्ग .... सोनापोखा....चिप्लेला....छेवेपोखा मूचिला ..... छुवी पोखरा ... खिसता ... हङ्गीपोखा थुम्लङला तुरीपोखा....छेलुङ्गमा ....ङायुँपोखा लावाला.... । सब्जी पोखा वजाँत... । सेलेपोखा पचेदुँका ।*

किरात साम्पाङ राईका दम्रेवापाछाका होमे, कुविनीहरुले सूतूलूङको अगाडि बसेर आफ्नो दोदुमी भाषाबाट दोपसनिङ्ग गरिरहेका कथनलाई नेपाली भाकाबाट उल्था गरिएको अवस्था ।

हा.........अनमोऔ.........(साथी-माथि रहनुभएका पूर्वजहहरुलाई भावनात्मक तरिकाले सम्बोधन गरेको ।

हा...........आसेपुनि.....मुलुमपुनि.... (आजदेखि....तेसै उसैगरी) सम्झना गरी सम्मान गर्दैछौं है ....

१. हा.....सप्सलुङ्ग.....सत्ययुगका उत्पत्ति युगको पूर्वजहरु प्रतिक ढुँगाहरु

हा.....ओललुङ्ग.....ओल्लो गाउँ र पल्लोगाउँका पूर्वज प्रतीक ढुँगाहरु

हा.....थमलुङ्ग.....पूर्वजहरुका नाममा उभाएका वा ठड्याएका ढुँगाहरु

२. हा.....सकुलुङ्ग.....जिजुबाजे प्रतिक ढुँगाहरु

हा.....दिपालुङ्ग.....आफ्नो बाउ बाजे आमा भन्दा माथिका प्रतीक ढुँगाहरु

हा.....सूतूलूङ्ग.....आफ्ना सम्पूर्ण जिजुबाजे, आमा मुमा, नरनाता, कुटुम्बर, मानव समाज समष्टिगत पूर्वजहरु प्रतीक ढुँगाहरु

३. हा.....कुविलुङ्ग......(होमे, पुजारी, मुक्तुमी तम्वसु तन्त्रमन्त्रहरु जान्ने पूर्वजहरु प्रतीक ढुँगाहरु)

हा.....मिचेलुङ्ग.....(तीन सूतूलूङका माझमा राखिएको पातल वा नाग नागेनी पूर्वज प्रतीक ढुँगाहरु)

हा.....मिलुङ्ग.....(आगोको गुणहरु प्रतिक पूर्वज ढुँगाहरु)

४. हा.....तारालुङ्ग.....(सूतूलूङ वा पूर्वजहरुलाई चारैतिरबाट घेरिएको वंशज प्रतीक ढुँगाहरु)

हा.....चसुमलुङ्ग.....(अन्न पानी वा चसुमी पूर्वज प्रतीक ढुँगाहरु)

हा.....छेवेलुङ्ग.....(वूलुमी, धनसम्पत्तिको सह, लक्ष्मी प्रतीक पूर्वज ढुँगाहरु)

हा..........आसेपुनि...........मुलुमपुनि । (आजदेखि त्यसै उसै तपाईहरुलाई । हा.......बुसिङ्गयो......खोदो दुङयोता । अघि पछि भै बसिदेऊ है, रहिदेऊ है । कुलपितृहरुका रुपमा मानेका छौ है ।

च्योरी साँ (कुल पितृहरुका नाममा तर्पिएका पशुपंक्षीको पोलिएका मासुका अंगहरु) याङ्गासाँ (माछाको मासु) लाफेर्वा साँ (पाछाको मासु) खिसासाँ (मृर्गको मासु), बाबुङसाँ (कुखुराको मासु), फाक्साँ (सुँगुरको मासु), रावासाँ (बँदेलको मासु), दिवुङसाँ (खुट्टा पखेटाको मासु), हड्डीसाँ (चौरी गाईको मासु), पप्पिसाँ (गाईगोरु), तुवासाँ (कालिजको मासु), करखासाँ (लुइँचेको मासु), चरवचुप्नाके (सबै थोक दिँदैछौ है) ।

आरावादैङ (तुप्लामा भरिएको चामलहरु) पोखेमादम् र उसिनेको मास दुई दुनाशा) सुविखो (दुईदूतामा चामलहरु), विछूखो (दुई दूनामा अदूवाका चानाहरु) सोलेवा (जाँडदले भरिएको चिण्डो) लिङमादी (जाँडले भरिएको चिण्डोको मुखमा केराको पात बेरेर सोली बनाई लगाई धारो दिने बनाको) सुङदिदि, पारुँर्दा (कुल पितृका नाममा तयार पारिएको जाँड चोखो जाँडहरु) चर चचुप्नाके सबै थोकहरु ठिक पार दिएका छौं है ।

पाँवा पोखा रुपचीला (कुखुराहरु आफ्नै खुट्टाहरुले खोर्सिएर खाना खोजी खाई बाँच्ने गर्दछन् । छोवो पोखा वोखप्ता (सुँगुरहरु डाँणमानै खान्छ र डाँणमानै सुत्ने र चर्पी गर्ने गर्दछ । चसमपोखाँ निवाला (धानको उत्पत्ति मधेश,मैदानबाट भएको हाँछापोखा हेक्केबुङ (मानवहरु अति नै चेतनशील र चतुर हुन्छन्) तयाँपोखा रिफब्ला (ज्ञानी र बुद्धिमानी मानवहरु मनहरु प्वाँस भै हल्का हुन्छन् बुझ्नेछन्) कुविपोखा मुकुलुङ्ग (होमे, पुजारीहरु जानिफकारहरु हिमालचुलिका ढुँगाहरु बराबर हुन्छन्) सोनापोखा चिप्लेला (सून, चाँडी, हीरा, मोतीमा बढीमा बढी आँखा लाग्ने गर्दछ । छेवेपोखा मुचिला (रुपैयाँ पैसा सम्बन्धी वस्तुहरु बढीमा बढी चलखेल गरी सकिन्छ) छूविपोखा खिसता (खरानीहरु उडेर जाने र माटोमा विलाएर जाने गर्दछ । हड्डीपोखा थुम्लङ्गला (शार्दूवस्तुहरु) किलो र दाम्लोले बाँध्ने गर्दछन् तुरीपोखा छेलुङमा (धाराको पानी धरती र पहाडपर्वतका चेपहरुबाट उम्रेका हुन्छन् । डाँयुपोखा लावाला (राम्रा राम्रा मुहारहरु मानवीय मुल चेतनाबाटै बनेका हुन्छन्) सब्जी पोखा बजाँत (कुकुरलाई सबैले कुट्ने गर्दछन्) सेलेपोखा पचेढूँको (भन्ने र गर्ने कुरा सकियो है ।)

उपरोक्त भनाई होमे पुजारीहरुबाट सूतूलूङको अगाडि बसेर सूतूलूङसँग आत्मबल शक्ति माग्ने काम गर्दछन् साम्पाङ राईहरुमा यसैगरी अन्य अन्य पुजाहरु गर्दा पनि सूतूलूङलाई सर्वोपरी ठानी सूतूलूङमा नै पूजा गर्ने र सूतूलूङसँग सम्बोधन गरी अन्य पूजाहरु गर्दा पूजाहरुको विशेषता अनुसार नै पुजारी - होमे कुविमी नाक्छुङ्गले भूमिका निर्वाह गर्ने गर्दछन् । यसैगरी अन्य न्वागी, पितृपूजाहरु गर्दा बेग्लै भूमिकाहरुको निर्वाह गर्नुपर्दछ होमे पुजारीले जस्तैः उदाहरणको लागि न्वागी पितृश्रद्धा, सोह्रश्राद्ध, बेलामा गरिने पुजा, पितृपुजा अन्नबाली सबै थन्काएपछि पितृ, माङ्ग, अनुसार नै भूमिका निर्वाह गर्नै पर्छ ।

### ३.४.५ सूतूलूङ दोप्माक पूजामा सहभागिता

किरात साम्पाङ राई जातिहरुका *सूतूलूङ दोप्माके* समयमा सहभागिताको सन्दर्भमा पूजाको विशेषताहरु के कस्तो हो ? एक र दोस्रोमा निम्तोको आधारमा सहभागिता जनाउने गर्दछन् जस्तोकी एक साम्पाङ राईको घरमा सयचोमा शर

उठाउँदा देश प्रदेशबाट वा केही इलमबाट आय आर्जन गरेमा (छेवैदाम) पैसा सूतूलूङमा देखाउँदा, एउटा भालेले मात्र पूजा गरिने हुँदा दुई चार जना बुढापाकाहरु बोलाई कार्य सिद्धि गरिन्छ । यसमा थोरैको सहभागिता भएको हुन्छ । तर पितृ, न्वागी गर्दा ठूलै *सूतूलूङ पूजा* हुने हुनाले भरसक सबै दाजुभाइहरु सबै सदस्यहरुका उपस्थितिहरु भै सहभागिता जनाउने गरिन्छ । नागदेऊ, छम्मदम, भाईचिन्ता वा हिवा र मापूई बगाउँदा मायुम काढ्दा सम्पूर्ण दाजुभाई छरछिमेकी वरिपरी नर नाता छोरी चेली आदिका समेत उपस्थित गराइन्छ र अन्तमा ठूलै सहभागिता हुने गर्दछ । उक्त कार्यमा उपस्थिति हुँदा, दाजुभाई नर नाताहरुबाट आर्थिक नगद, जिन्सी, चामल, जाँड, रक्सी आदिबाट पनि ठूलो सरायको रुपमा भाइ सहयोग गर्ने परम्परा रहेको छ । यसरी किरात साम्पाङ राई जातिहरुका *सूतूलूङ पूजा*मा सहभागिताको बारेमा *सूतूलूङ पूजा*को अवस्था विधिविधान सामग्रीहरुका प्रकृति हेरी जनाउने गर्दछ । अर्थात् निम्तो वा निमन्त्रणाको आधारमा सहभागिता हुने गर्दछन् ।

### ३.४.६ सूतूलूङ दोप्माक पूजासँग साम्पाङ राइ जातिको सम्बन्ध

किरात साम्पाङ राई जातिहरु सूतूलूङ दोप्मा पूजा उनीहरुका लागि जीवनशैलीको मेरुदण्डकै रुपमा आत्मसात गरेका हुन्छन् । अर्कोतिर यी जातिहरु किरात धार्मिक ग्रन्थ, मूद्दूम अनुसार उठ, वस गर्ने गर्दछन्, यसैगरी यिनीहरका परापूर्व कालदेखि नै हिजोको दिनहरुमा निर्मित भएका मठ मन्दिर, चैत्र, गुम्बा, चर्च, मष्जिदमा पूजा आराधना गर्नुभन्दा प्राकृतिक स्रोतका वस्तुहरुलाई इष्ट देवता ठानी आफूभन्दा पहिलेका वस्तुहरु उपर वूतहरुउपर उनीहरुको गुण र उपयोगको आधारमा पूजा आराधना गर्न बढी रुचाउने गर्दछन् । त्यसैकारणले किरातीहरु प्राकृतिक धर्मावलम्बी भनी स्वीकार्दछन् । यी जातिहरु ढुँगा पाए ढुँगैको रुख पाए रुखैको पूजा गर्न आतुर हुने जाति हुन् । तर उनीहरु सबभन्दा पहिले आफ्नो सूतूलूङलाई सम्झेर वा सम्बोधन गरेर मात्र अन्य देवताहरका पूजा आराधना गर्ने किरात धर्म रहेको छ । यसरी नै किरात साम्पाङ राईहरु, किरात साम्पाङ राई मूद्दूममा के के नीति नियम र निर्देशन उद्धृत गरिएको छ, त्यसैको निर्देशन र उपदेशहरुमा निहित रहेका हुन्छन् ।

यसैगरी सूतूलूङसँग संस्कृतिहरुको पनि अति नै घनिष्ट सम्बन्ध रहेको हुन्छ । किनभने सूतूलूङ पितृ-मातृ कुल देवताहरुका मेरुदण्डको रुपमा अवस्थित रहेको हुन्छ भने सूतूलूङकै आधारित मापदण्ड अनुसार नै किरात साम्पाङ राई जातिहरुका भाषा किरात धर्म, संस्कार, संस्कृति, मूल्य मान्यता, आस्था र विश्वासमा रही जीवन निर्वाह गर्ने किरात साम्पाङ्ग राई जाति हुन् । अर्कोतर्फ किरात साम्पाङ राईको पहिचान र चिनारी दिने काम चै संस्कृतिले गरेको हुन्छ । संस्कृति भनेको त्यो, तत्व, हो, जो, चै, किरात जातीयगत भाषा धर्म, संस्कार रीतिरिवाज बोलीचालीको लवज, लवाई, खवाई, खानपान, कर्मकाण्ड, जन्मदेखि, मृत्यु पर्यन्त अन्त्यष्टिका क्रियाकलाप देखिका आदिका दैनिकी जीवन निर्वाहका साङ्गो पाङ्गो बाटै सार संक्षेप उपज कार्यबाटै संस्कृति जन्मेको हुन्छ । संस्कृतिके कारणले किरात साम्पाङ्ग राई जाति भनेर चिनाउने गर्दछ । संस्कृतिले नै भावना जगाउने वा चेतनाको विकास गर्रा सभ्यताको उच्चतहमा पुऱ्याउन सहयोग गरेको हुन्छ । संस्कृति भनेको सभ्य सिम्य अवस्था हो । समयानुकुल वा परिवर्तनशील समग सँगसँगै किरात राई जातिहरु जिउने शैलकिा प्रत्येक पक्षहरुमा सुधार परिवर्तन, परिमार्जित हुँदै, परिस्कृत, चम्किलो र निखुर बनिँदै जाने कोशीस गरिहेको हुन्छ । जहाँ समाजको बिटुलो, अशुद्ध, अपवित्र वातावरण सृजना हुन्छ तब त्यसलाई कसरी शुद्ध पवित्र बिटुलोरहित बनाउने कार्य संस्कृतिले गरेको हुन्छ । यसकारण साम्पाङ राई जातिका संस्कृति पक्षहरु र सूतूलूङ दोप्माक पूजा बीचका सम्बन्धहरु एक आपसमा एकले अर्कालाई सुधारात्मक पक्षहरुले परिमार्जित पक्षहरुले परिस्कृत पक्षहरुबाट सदावहार मूल्य र मान्यता आस्था र विश्वास राखेकै हुन्छन् । न कि किरात साम्पाङ राईहरु उनीहरुले उपज गरेका संस्कृति र उनीहरुले अनादि कालबाटै पुँजी ल्याएको सूतूलूङ दोप्मा पूजा बीचको सम्बन्ध खुट्टा भएरे ज्यान उभिन सकेको अर्थमा परिभाषा दिनु उचित र सर्वकृष्ट हुन्छ नै ।

# अध्याय चार

# सूतूलूङ दोप्माक पूजाको विधि र सामग्रीका परिचय

## ४.१ सूतूलूङ दोप्मा पूजाको विधिहरु

किरात साम्पाङ राई जातिहरुले सूतूलूङ दोप्मा पूजा गर्दा विविध प्रकारका विधिहरु अपनाएको देखियो जुन विधिहरु प्रत्येक देव वा देवताहरुका मूल्य, मान्यता, महत्व, शुभभलो इष्टदेवताको विशेषताहरुका आधार अनुसार पूजा गरिने विधि र विधानहरुलाई सर्व स्वीकार्ने गर्दछन् । यो परम्परा उनीहरका परापूर्वकालका पूर्वजहरु कार्य कालदेखि नै अंगीकार गर्दै आएका छन् । सूतूलूङ दोप्मा पूजा गर्दा किरात साम्पाङ राइ जातिहरुका कुविमी, सेलेमी नागिरै, होमे, पुजारी तथा बुढापाका तम्सबुहरु वा मुक्तुमीहरुले तीन किसिमले सम्बोधन गर्ने गरेका छन् । अन्तमा सम्बोधनकै आधारमा कुल देवताको नाम, विशेषता, विधिविधान र विधिविधानकै आधारमा पूजाका लागि सरसामाग्रीहरु जुटाई सामग्रीहरु उपयोग गरी पूजा समपन्न गर्ने गर्दछन् ।

सूतूलूङ दोप्मा पूजा गर्ने सन्दर्भमा एकमा सूतूलूङलाई सम्बोधन गरी सूतूलूङलाई नै बलि, अर्पण गरिने पूजाहरु सोही अनुसारका विधिविधानहरु गरिने र सामाग्रीहरु पनि जुटाउने गर्दछन् । दोस्रोमा सर्वप्रथम सूतूलूङलाई म, आज, हामी आज यस्तो कार्यहरु गर्दैछु भनेर सम्बोधन गरी आज्ञा आदेश भागेर अन्य कुन पूजा गर्नुपर्ने हो, ती पूजाहरु गर्ने गर्दछन् । विधि र सामग्रीहरु पनि गरिने पूजाहरुका विशेषताहरु अनुसार अपनाउने गर्दछन् । तेस्रोमा किरात साम्पाङ राई जातिहरमा आफ्ना सूतूलूङलाई सम्बोधन नगरी अन्य देवी देवताहरुका पूजा आराधनाहरु गर्ने परम्परा पनि गरिरहेका छन् ।

### ४.१.१ नियमित निश्चित समयमा गरिने पूजाहरु

सूतूलूङमा सम्बोधन गरी सूतूलूङमा नै भोग वली दिने र सूँवाचा । पाती प्रसादहरुका केही अंशहरु अर्पण गरिने पितृ र मातृ कुल देवताहरु जस्तैः

१. सूतूलूङमा दोप्मा, न्वाँगी दोप्मा, माच्छेममा दोप्मा, ढोका बाहिर पुजिने दोप्मा
२. पित्रा (माङ): सूतूलूङमा, छुविमा, रीवामाङ र तासमाङ
३. सूतूलूङ स्थापना दोप्माक
४. सूतूलूङ विग्रीदा फेर्ने क्रममा दोप्माक
५. छेवेदम दोप्माक
६. साया चोमा दोप्माक
७. बुहारी सूतूलूङमा देखाउँदा दोप्माक
८. छोरीलाई विवाहपछि सूतूलूङबाट निकाल्दाको दोप्माक
९. मृत्युपछि, सूतूलूङमा वखान गर्ने दोप्माक

### ४.१.२ विशेष अवस्थामा गरिने पूजाहरु

पहिले सूतूलूङमा सम्बोधन गरी आज्ञा आदेश लिएर मात्रै गरिने पितृ तथा मातृ कुल देवताहरु । जस्तैः मातृ तथा पितृ कुल देवताहरु गर्दा विशेष समयको अवस्थामा गर्ने गर्दछन् । ती खालका कुल देवताहरु गर्दा विशेष तन्त्र मन्त्र ज्ञान हासिल प्राप्त गरेका विशेष कुविमी, होमे पुजारी नाक्छुङ्ग, माङपा सेलेमी विजुवा वा नागिरे कुविर्मा आदिहरुबाट गरिने परम्परा रहेको छ । किरात साम्पाङ राई समुदायमा । सूतूलूङलाई सम्बोधन गरेर मात्र गरिने अन्य मातृ वा पितृ कुल देवताहरु यस प्रकार रहेका छन् ।

१. सखेवा देता निकान्छाको दोप्माक
२. सखेवा सिमेभूमे दोप्माक
३. नाग नगेनी दोप्माक, यसमा जम्मा १६ ओटा माङहरु रहेको बताउँछन् । जस्तैः

- छुनीमाङ

) छिमाङ

) ताङखुडीमाङ

) रीवूमाङ

) वेलेमाङ

) बुढीमाङ

) रिवामाङ

) हाङ्गको माङ

) साप्समाङ

) इन्छिरीमाङ

) गुण्डुलुमाङ

) तासमाङ/लेभ् लेभ् माङ

) थम्पूमाङ/दिवूमाङु

) ताफूमाङ

) वन्डुलुङमाङ

) ढेमाङ

उपयुक्त सोह्र माङहरु चमाङ वा नागनागेनी दोप्माभित्र रहेको हुन्छ भनी बताउँछन् । नागिरे कुविमी दुर्गाबहादुर राई, दुमाहाङ, भोजपुर साम्पाङ्ग गा.वि.स. वार्ड नं. १. सत्तल गाऊँ/२०७३ माघ १५ गते ।

४. भाइचिन्ता/मायुम काट्ने दोप्माक

५. रुँःरी चिन्ता

६. सिकारी दोप्माक

७. बुढेनी दोप्माक

८. छम्मदम दोप्माक

९. मूल खाँवो दोप्माक

१०. मूल ढोका दोप्माक

### ४.१.३ सूतूलूङसँग सम्बोधन नगरी नै गरिने इष्टदेवताहरु

किरात साम्पाङ राई समुदायमा गर्ने प्रचलन रहेकै छ । जस्तैः खोला पूजा, पँचौली, सन्सारी, गोठपूजा, वन पूजा, वनपूजा, भिमसेन पूजा आदि ।

### ४.१.४ न्वागी दोप्माक (पितृश्रद्धा)

किरात साम्पाङ राई समुदायमा, प्रत्येक साल सालमा नयाँ अन्नबाली पाकेपछि अनेकौं प्रजातिको धानहरु मध्ये घैयाँ, बेगेनीचा, अनेकौं कोदोहरुका प्रजातिहरु मध्ये पाङ्गदुर र अनेकौं प्रजातिका वनस्पतिका बोट विरुवाहरु मध्ये अदूवाको नयाँ पाना फलेको बेला, सोह्र श्राद्धको बेलामा मातृ तथा पितृ श्राद्धको बेलामा कुल पितृ देवतालाई पुज्ने गर्दछन् । जसलाई न्वागी दोप्माक गर्ने परम्परा रहेको छ । सर्वप्रथम सूतूलूङमा दोप्मा गर्दा

(i) सूतूलूङ दोप्मा पूजाका लागि सर सामग्रीहरुः

१. तुप्लामा चामल (आरामवदम)

२. दुई दुनामा उसिनेको दाल (पोखेमादम)

३. दुई दुवामा चामल र अदुवा चानाहरु (सूविखो, विछूखो)

४. दुईतिर र चिण्डोमा जाँड सहित (सोलो लिङमादी)

५. दियो कलश (मिकूछू, वगूना)

६. पशुपंक्षी खुट्टा पखेटा, कलेजो (च्योरी साँ/छिकमासा)

७. कुविमी/होमेको सोलेवा र आरा (पुजारीले चलाउने चिण्डो चामल, अदुवा)

अब होमे, कुविमीले सूतूलूङको अगाडि वसी पुकोर वखान वा सम्बोधन गर्दा सर्वप्रंथम वखान गर्नुभन्दा अगाडि बाहिर सिए, वायु वरमडसी देवी देउराली, भूतप्रेत, रीष राग डाही, लोभ लालसा आँखा लाग्ने नजर लाग्ने जस्तालाई सोलेवा चिण्डो जाँड

पानी र अशक्षेता अदुवाले अन्साई-पन्छाई गरेर मात्र सूतूलूङमा सम्बोधन वा आवाहान गर्ने गर्दछ । जस्तैः

*हा......हा...........अनमो..ह....ह.....।*

*हा.....आसेपुनी....हा.........मुलुमपुनी.....*

*हा ................ सप्सलुङ्ग अ .......... ओललुङ......... थमलुङ...*

*हा.................कुविलुङ........अ..........सकुलुङ्ग.......दिपालुङ्ग....*

*हा..............सूतूलूङ............मियामालुङ्ग मिचेलुङ.........तारालुङ्ग...मिचेलूङ*

*हा........चसुमलुङ......छेवेलुङ....तारालुङ*

*हा...........च्योरी साँ, याङगा साँ, दिवुङसौं, वावुङसाँ खिसा साँ, रावा साँ, फाक् साँ लाफेर्वा सों, हड्डीसाँ पप्पी साँ, चरचचुपनाके ।...*

*हा ......पोखामादम् सुवीखो, विछखो आरावा, सोलेवा लिङ्गमादी सुङदिदी, पारुँदी चरचुप्नाके ।*

*बुसिङयोत्रँपी, लम्लोत्रँपी सायापोकाऔ वुविहाँयाका पोमापत्रँदुका । खोछनीतोले, सायापोकाऔ लोलोसाके, दाम्रोवावुङ्ग, दुँमेना साया हरिमि दूताँमि सायापोका औ खरुकुसाया, जिप्लुकुसायाँ चिखिम्कु साया, द्वावारिका साया फलेकुसाया,खोप्तेसु सायां, खोलेसु-साया पोतेकुसाया रिमाफु साया धिनारसाया, मुक्सापासय, तुरीका साया, सायापोकाऔं ।*

*पावाँ पोखाँ रुप्चिला..............................................सब्जीपोखाँ बजातँ, सेलेपोखा पचेदुको ओ .....* (यति भनेर कुखुराको भालेलाई सोलेवा चिण्डोको जाँड र अक्षेता अदुवाले पर्साएर सूतूलूङमा नै बलि दिइन्छ ।

### ४.१.५ दोस्रो चरणमा मान्छेम दोप्माक (पितृहरु बस्ने बासस्थान)

सूतूलुङमा सम्बोधन गरी सकेपछि अब *माच्छेमा* दोदूमीभाषा आवहान गर्ने गर्दछन् । पुजारी होमेबाट जहाँका वा माच्छेममा, सत् राम्रो तरिकाले मृत्यु भएका मातृ वा पितृ पूर्वजहरुका आत्मा मनहरुले वासस्थान गर्ने पवित्र स्थानको रुपमा विश्वास राख्दछन् । जुन स्थान सूतूलूङको सिधा माथी घरको गाह्रो वा भित्तामा चोखो अग्लो

ठाउँमा मान्छेमा बनाइएको हुन्छ । त्यसको मुनी सम्पूर्ण खेतीपातीका लागि प्रयोग गरिएका औजारहरु जीवननिर्वाहको प्रयोग गरिएका हात हतियार जस्तै कुटोकोदाली, कोदाली, हसियाँ, खुकुरी, खुर्पी, बन्चरो, धनुकाँण, तीर खुँडा, गुलेली राखी खरुमे र सिखिमे, उधौली, उभौलीका यमलाई ध्यानमा राखी बखान्ने गर्दछन् । जस्तै होमे, कुविमी माच्छेम तर्फ फर्केर आवाहन गर्दछन् ....

सोलेवाको जाँडले, अक्षता, अदूवाले, अच्चयाउँदै, तर्पाउँदै ..... *हापाँ चियो, पच्चिस सिंङ हामचियो मच्चियसिङ, सिकहामु, आचोमिसिङ, मानिङ्ग ओईकवा, रुपन्दरीमाया, तोदूवुङमा, हरिहामा, दुतिहामा ङायुँहामा, माच्छेमा सिङ्ग, मानिङ्ग ओईकावा । रिजामाया, हरिमी दूँतिमी सिङ दूयाँजित औं ।*

*पिर्थासिङ्ग ..... सिविलुङ्ग भाचोमि चप्चालुङ्ग दूतिमिसिङ मुलुमी मुच्चुमी सिङ मैसुनि मन्यानी, मुक्सुमीचियौ.... ।*

*नीवाला सोंयालाचाके, धिरती ओतनाचाके, वाहकू फूलकू चाके, दोखोला छेमुला चाके, ओईरु होमरुचाके, खरुवा चाके, चसुम चाके, दिआप्सके, खोकोछनीतोले बासहुक चुप्साहुकने पिनीयाँनिके । चानुम् ढुँवानुमऔ..... । खयाँङखु, रुँरुमी रुताभाचाँके । नागोहा एलाहाँचाके सप्तेकु रिमाकुचाके, पातेकु रिमाकुचौंके, खोप्तेसु खोलेसुचाँके दुवारी फलेकुचाँके सूतूलूङ मिचेलुङ्ग मीयालुङ तारालुङ, मेयाँमा चोकेऔ .... ।*

*च्योँरी सौं याङ्गासाँ, वावुङसाँ, दिवुङ्गसाँ, खिसाँ, साँ, सुवासौं, फाक्साँ, लाफेर्वा साँ, हड्डीसाँ, पाप्पीसाँ चर चचुप्नाके । औरावदम पोखेमादम्, सुनिखो, विछूखो, सोलेवा, लिङमादी सुङदिदी पारुँदी, श्री सेप्मा खवाबिलमा, चरचचुप्नाके औ.... मानिङ्ग ओईकवा । सकूदियाँयोचऊ, माच्छेम् दिच्छेम् रिओदानुमको आसेपुनि, मुलूमपूनि, ओलो सेबमा, ओबोकोमा दोमालिचाँ दिआप्सा, पोखरी चाँ, वेगेनी चाँ दिआप्सा, बागुचौं दिआत्सा, छँङचा, नुक्चा दिआप्सा, खोछनीतोले वासों हुक चुप्सा हुक्लो पिंनीयानिके, मामाचुनुयोचे पापरबू पाँचेऔ चानुम् ढुँवानूमऔ.... ।*

*अब पोथी कुखुरा तर्पाउने कार्य गर्दा पावाँ पोखा रुप्चिला, छोवो पोखाँ वोखप्ता, चसुमपोखा निवाला, हाछाँपोखा हेक्केवुङ्ग, तयामी, पोखाँ, रिफब्ला, कुविपोखा मुकुलुङ्ग, छुविपोखाँ खिसता, हड्डीपोखा थुम्लङ्गला, डायुँपोखा लावाला, तुरिपोखाँ छेलुङमा, सोनापोखाा चिप्लेला, सब्जीपोखा बजात, सेले पोखाँ पचेदूँको औ ..... । अब कुखुरा काटी माच्छेममा भोग दिने गर्दछन् ।*

## ४.१.६ तेस्रो चरणमा सूतूलूङपी सूँआचा (मातृ तथा पितृहलाई तर्पण पानी र पिण्ड दिने पूजा)

जो-जो राम्रो कार्य गरी मृत्यु भएका छन उनीहरुलाई सूतूलूङमा वास दिने र हरेक वर्षमा सूवाचा दिने गर्दछन् । जस्तैः सूतूलूङको अगाडि तुप्ला राखी मृतक पूर्वजहरुका नाममा तर्पण पानी वा अर्पण पिण्ड दिन गर्दछ । सूवाचा दिँदा जो-जो सूतूलूङमा वासस्थान गर्न पाएका, मृतक, मातृ वा पितृहरुका नामहरु बोलाउँदै पिण्ड तर्पण पानी दिने गर्दछन् । किरात साम्पाङ थरीका राई समुदायका दाम्रेवा पाछाका राईहरुमा यसैगरी अन्य उल्लेखित सम्पूर्ण पाछाहरुका साम्पाङ राईहरु पनि उही प्रक्रिया गर्ने गर्दछन् ।

*आस, आस तुवानी औ ......सूतूलूङपीऔ....*
*वुसुङ्गवुङ मामाचुन माचेऊ, पापारवू पाचेऊँ, आमहिन्दुपि*
*हुछुवा लाछुवानुम् खोतेना हुछुवा लाछुवा मोई .....*

पोखरी चाँ वेगेनी चाँ, नुङचाँ, छँङ्गचा, दिआप्सा, पिनियानिके, चानुमऔं, आसे, बुसुङवुङ, लम्लबुङ्ग, सिविछाँ, कोताछाँचि, मामा चुनयाँची, पापा र बुपाची, आँस-आँस तुवानी, सूतूलूङपी हापाचि, रिओदानुमको हछुँवा, डाछुँवा, मेयाँबुङ ओलसेण्मा ओल सेवा दोदैमा लोलिसाँ खरुआम्ला, दिआप्सा, चसुम आम्ला, दिरुआप्सा असेना, वासहुक, चुप्सहुक पिनियनिके औ

जगमति माया औ, चानुम्, द्रुवनुम औ - आम सनियाँके कोवीनयाँके आम्हिन्दुपी लोलिसुऔं सालियको मलिाको पिनियानिके औं .... भण्डाखे, तोरिया खे, वामुखे, लेम्खे, वासाँखे मसीखे, खोल्लाका पिनियाकेआँ....चानुभयो, दुवानूम औँ ..... । यदि विधि र सामग्रीद्वारा क्रमशः नामहरु बोलाउँदै सूवाचा दिने गर्दन् । भगतबहादुर, कमल बहादुर, मनमाया, यामुना, डम्बर सिं, दालवीर, रामध्वज प्रसाद सिंह, सुभद्रा, लक्ष्मीमाया राई आदि-आदि नामहरु बोलाउँदै सूँवाचा दिने गर्दछन्

### ४.१.७ चौथो चरणमा हिल्लसी, ममंसी सईमा (भूतप्रेतहरुलाई पन्छाउने कार्य)

जो-जो नराम्रो गतिले मृतक भएकाहरुलाई माच्छेम र सूतूलूङमा राख्न नमिल्ने जतिलाई मूलढोका बाहिर सिए वायु वरमङसी भूतप्रेत हिल्लारी, ममाङ्सीका रुपमा बाहिर पारिएको हुन्छ । तिमीहरुलाई  सोलेवा, चिण्डोको जाँड, अदूवा अक्षेता र नयाँ धैयाँ धानको कनिकाले छर्किएर बाहिर वलेसीको वासको रुपमा राख्ने प्रचलन रहेको छ । वखान यसरी गरिन्छ कि तुक्छा चिऔं छिछिपोचेऊऔ सतिहापाचेऔ, लामपोपा, हिलमपोपा, सुखमाचैंऊ, मामाचेऔँ, हिल्लासी चेऔ, ममङ्गसी चिऊँ, चसुम आम्ला दिआप्सा, बामुआम्ला दिआप्सा, नुक्चा, छङचा दिआप्सा, पोखरी चाँ,बेगेनी चाँ,दिआप्सा खोल्ला पिनीयानीके औं, श्री सेप्मा सुङदिदी पारुँदी, पिनयानिकेऔं चानम्औ दुवानुम औ .... ।

### ४.१.८ पाँचौ चरणमा-याता (समाप्ती)

उपरोक्त सूतूलुङ्ग, माच्छेम र सूतूलूङ, साम्खे सूवाचामा, उपयोग गरिएका सामग्रीहरुका केही अंशहरु चारओटा केराको पातहरुमा छिक्मासाहरु र सोलेवा चिण्डोको जाँडै अक्षेता, अदूवाहरु र सम्पूर्ण सर सामग्रीहरुका वा चढाइएका खाद्यवस्तुरु जाँड, रक्सी, च्योरी साँ छिक्मासाहरुका एक एक गरी केही अंशहरु (सूवाँचाका रुपमा सिए, वायु वरमङ्सी, भूतप्रेत, हिल्लारी, ममाङसीहरुलाई, बाहिर ओन्साई पन्छाई गरी सकेपछि नुवागी पितृ मातृ कुलदेवताहरुको लागि गरिएको सूतूलूङ दोप्मा पूजा समाप्त

भएको स्वीकार्दछन् । अन्तमा सम्पूर्ण परिवार र निमन्त्रित दाजुभाइहरु समेत उक्त नुवागी दोप्मा पूजा गरिएका सर सामाग्रीहरुलाई बनाई तुलाई पकाई भोजन गरी कार्य समाप्त गर्ने परम्परा रहेको छ ।

## ४.२ पित्रा माङ दःदाप दोप्माक (उधौलीको समयमा अन्नहरु भित्राइ गरिने पितृ पूजा)

सूतूलूङको अगाडि बसेर आवाहान, सम्बोधन गर्ने क्रममा दोप्माको लागि सर सामग्रीहरु अघि नै उल्लेख गरिएको छ । सम्बोधन क्रममा होमे, कुविमी, जानिफकार वा तम्बुकहरुद्वारा

*हा..........अनमो...........हा............आँसेपुनि, हा.....मुलुमपुनिऔ............*

*हा............सप्सलुङ्ग..........ओललुङ्ग...........थमलूङ*

*हा............दिपालुङ्...........सकुलूङ............सूतूलूङ............*

*हा............मिचेलूङ...........मियालुङ्ग.......... तारालुङ*

*हा............कुविलूङ...........चसुमलूङ...........छेवेलूङ*

*हा...........आसेपुनियो, मुलुम पनि हो । वुसिङ्ग्यो कुविहाँपाका पोमापयोंदूको चसुमत्तिलो चसुमलोगमा लोलिसाँके, सूतूलूङ्गपी, तारामाप्पी मेहमाप्पी चसुमहामू .. छेवेहामू ... तयाँ हामू..ङाँयुहामू.... च्योरीसाँ, याङगासाँ, खिसासाँ, रावासाँ, वावुङसाँ, दिवुङ्गसाँ, लाफेर्वासाँ, फाक्साँ, हड्डीसाँ पप्पीसाँ, चर चचुप्नाके । चसुमहामू छेवे हामू तयाँहामू..... । आरावादँङ्ग पोखेमादँङ सुविखो विछ्नुखो, सोलेवा, लिङमादी सुङदिदी, पारुदि, श्री सेप्मा, चरचचुप्नाके । चसुम रिङरी रिओदुओ छेवे रिङरी रिओदुओ कुविरिङरी रिओदुओ, हाँछा रिङरी रिमोदुवो तयाँरिङरी रिओदञो, छूवी रिङरी रिओदूओ, तुरी रिङरी रिओदूओ ङयुँ रिङरी रिओदुओ । चसुमहामू..... छेवेहामूऔ नाम्मा नाम्मा छिम्म छिम्मा सिसुम्तुक्मा, मोनाऊ ... ।*

अब कुखुराको भाले पर्सिदा *पाँपोखाँ* रुप्चिला, छोवोपोखाँ वोखप्ता, चसुम्पोखाँ निवाला, हाँछापोखाँ हेक्केवुङ, तयाँपोखा रिफब्ला, कुविपोखाँ मुकुलुङ्ग, सोनापोखाा चिप्लेला, छेवेपोखाा मुचिला, छूविपोखा खिसता, हड्डीपोखा थुम्लङ्गला, तुरिपोरखाँ छेलुङ्गमा। ङायुँपोखों लावाला, सन्जीपोखा बजाँत सेलेपोखाँ पचेदूँको औं... । त्यसपछि सूतूलूङमै भाले कोटी भोग दिइन्छ ।

### ४.२.१ दोस्रो चरण *छुनिमाङ दोप्माक* (धानको भकारीमा) पूजा गर्ने

*हा........अनमो.............आसेपुनी.........मुलुमपुनी....*

*छुनियमा, चसुमादावामा, चसुमपिलो चसुमलोगमा खरुदहामू....... चलुमहामू..... छेवेहामू ..... खवाहामू.... खरुदपिमा लोलिसाँके...च्योरीसाँ....याङ्गसाँ....दिवुङसाँ.... वावुङसाँ....खिसासाँ...रावासाँ....फाक्साँ....लाफेर्वासाँ, हड्डीसाँ....पप्पीसाँ, चरचचुप्नाके..... खोल्नाकेऔं....। चसूमहामू...छेवेहामू चसुमलोगमा, आरावदँङ्ग सुविखो, विछुखो, पोखेमादँम् सोलेवा, लिङमादी, सुङदिदी पारुँदी श्री सेप्मा चरचचुप्नाके । ......हा.....सँरीवापामा चरचचुप्नाके...दुई भाले पोथी कुखुराहरु तर्पाउँदा....*

*पाँवापोखा-रुप्चिला, छोवोखा बोखप्ता, चसुमपोखा निवाला, हाँछापोखा, हेक्केवुङ्ग, तयाँपोखा रिफब्ला, कुविपोँखा, मुकुलुङ, सोनापोखा चिप्लेला, छेवेपोखा मुचिला, छुवि पोखा खिसता, हड्डी पोखा, थुम्लङला, तुरीपोखा छेलुङमा, ङ्युँपोखा लावाला, सब्जी, पोखा वजाँता,* यसपछि दुवै कुखुराहरु काटी धानकै ढिकुटीमा भोग दिइन्छ ।

### ४.२.२ तेस्रो चरणमा : रिवामाङ्ग दोप्मा (कोदोको ढिकुटीमा पूजा गर्ने)

*आसेपुनि........मुलुमपुनि...... ताफूमाचीऔं....ढिफूमाचीऔं..... चसुमहामू.... छेवेहाम् ... खवाहामू.....तयोमीहामू.....मुलुदापिमा......चसुमलोगमा....लोलिसाँके ।..... च्योरीसाँ, याङगासाँ....दिवुङ्गसाँ....वावुङसाँ फाक्साँ, खिसासाँ, रावासाँ, हड्डीसाँ पापीसाँ, खोल्लाका चरचचुप्वाके.... ।*

*चसुमलोगमा आरावादँङ्ग, पोखेमादँम् सुविखो, विदूखो, सोलेवा, लिङमादी, सुङदिदी पारुँदि चरचुप्नाके ...। वाँपामा चरचुप्नाके... चसुम रिङरी रिओदूओ, खवा रिङरी रिओदुओ, छेबे रिङरी रिओदूओ हाछा रिङरी रिओदुओ, कुविरिङरी रिओदुओ तयारिङरी रिओदुओ नाम्मा, नाम्मा, छिम्मा छिम्मा, सिसुम्तुकमा मोनाऊ औँ ... । अब दुवै कुखुराहरु तर्पाउने काम गर्दा पाँवापोखाँ रुप्चिला छोवोपाखोँ वोखप्ता, चसुमपोखा निवाला हाछाँपोखाँ हेक्केवुङ्ग, तयाँपोखा रिफब्ला, कुविपोखा मुकुलु, सोनापोखाँ चिप्लेला, छेवेपोखाँ मुचिला, छुविपोखाँ खिसता, हड्डीयो, थुमलङला, तुरीपोखा छेलुङमा ङायुँपोखाँ लावाला सब्जीपाखा सेलेपोखा पचैदूको औ... ।* दुवै कुखुराहरु काटी कोदोको ढिकुटीमा भोगवली दिने गर्दछन् ।

### ४.२.३ चौथो चरणमा: *तासामाङ/तङरुमा* (धानको भकारीमा गरिने पूजा)

यो दोप्माकलाई किरात साम्पाङ राई समुदायका छोरीचेलीलाई पच्छयाउने माइतिपट्टिको देवताहरु) का रुपमा धानको बेग्लै भकारीमा राखी पूजा गर्ने गर्दछन् । भकारीको अगाडि होमे, पुजारी, बसेर, *हा.....अनमो.....आसेपुनि .....सुलुमपुनि छेकुछामा वरछामा, दासितिङमा मुनामा लमदुँङ्गतो लछामा लरामा चसुमपिमा खवापिमा छेवेपिमा, रिओदूओ, सोनामाङ रुपामाङ रिओदूँओ, चसुमलोगमा छेवेलोगमा, लोलिसाँके सोनामाङ, रुपामाङ, च्योरीसाँ, याङगासाँ, दिबूङ्गसाा वावुङ्गसाँ, वासाँ, फाक्साँ खिसा साँ, रावासाँ, लाफेर्वासाँ हड्डीसाँ, पप्पीसाँ, चरचचुप्नाके ।*

*खोल्लाका चसुमलोगमा लोलिसाके....आरावादँङ सूविखो विछुखो, सोलेवा, लिङमादी । सुङदिदी पारुँदि चरचुप्नाके .... वाँपामा वा+पा+मा=वा=कुखुरा, पा=भाले मा = पोथी (वापामा) को अर्थ कुखुराको भालेपोथी चरचुरानाके .... दुई कुखुराहरु तर्पाउने बेला वखान गर्दा पावाँ पोवाँ रुप्चिला, छोवोपोखा वोखप्ता चसुमपोखा निवाला हाँछापोखा हेक्केवुङ तयाँपोखा रिफब्ला,कुविपोखाँ मुकुलङ्ग, सोतापोखा चिप्लेला । छुविपोखा खिसता, हड्डीपोखा, थुम्लङला, ङायुँपोखा जावाला, तुरिपोखा छेलुङमा,*

*सब्जीपोखाँ वजाँत, सेलेपोखा पचेदूको ...* कुखुराहरु काटी धानको भकारीमै भोग दिने गर्दछन् ।

### ४.२.४ भूतप्रेतहरुलाई पन्छाउने विधि

अन्तमा पूजा समाप्तिको लागि उपरोक्त पूजाहरु गरिएका सरसामग्रीहरु जुटाईएका प्रत्येक खाद्यवस्तुहरुका केही अंशहरु छुट्टाएर चारओटा केराको पातहरुमा अन्साई पन्छाई गरेर भूतप्रेतहरुका नाममा चोखे सार्ने वा नराम्रो गतिले मर्नेहरुका आत्माआसलाई बाहिर पन्छाउने गर्दछन् । त्यसपछि पित्रा (माङ) पूजा समाप्त भएको जानकारी गराइन्छ ।

## ४.३ सूतूलूङ बाफै सिलि/उमलाम् (चुला फेर्ने विधि)

किरात साम्पाङ राई समुदायका घरभित्रका स्थापित सूतूलूङ कुनै समयमा चर्केर, फुटेर वा भाचिएमा वा अन्य ठाउँमा सार्नु पर्ने अवस्था आएका, कुविमी, होमे वा मुक्तुमीद्वारा सोलेवा चिण्डोको जोड, अक्षता र अदुवाले छर्कंदै

*हे.... पितापूर्खाहरु हो छोरुमी कँसूमीहरु हो .....*
*नाँगा ह्यालापा छीदामपुरी धीदाम्पूरीहरु हो ...*
*साप्सामी, दीवूभी जाफिकार, व्यक्ति बिजुवाहरु हो*
*आज यहाँहरुको खाने वस्ने ठाउँ भत्काउँदैछौं*
*रिसाएर दुःख र पीडा नदिनुहोसै ....*

यहाँहरुलाई हामीले भत्काएका होइनौ सच्चाएका मात्र हौ नरिसाई दिनु होस् अक्षता, अदुवा सोलेवा चिण्डोको जाँड रक्सीले भेटी पैसाले चोख्याई पिता पूर्खाको प्रतिकको रुपमा यथास्थानमा स्थापना गरी भक्ति गर्नेछौं । हामीलाई दीर्घायू, बुद्धि, विवेक, दिनुहोस् है सूतूलूङमा रहनु भएका पितृपूर्खाहरु हो भनी कुविमी होमेको दोदूमी भाषा वा मन्त्रमा पुकारिन्छ । सामाग्रीहरु ४.१.१ कै जुटाइएका वस्तुहरुले पूजा गर्दछन् ।

माथि उल्लेखित मन्त्रहरु वाचन गर्दै, रक्सी, अक्षता र अदूवाले पूजा गरी भाँचिएको सूतूलूङलाई उखेली, त्यस ठाउँमा नयाँ चुला गाडी, चोखो रक्सी सोलेवाको जाँड, अक्षता र अदूवा कलश पानी आदिले छकिँदै चोख्याउँदै मन्त्र वाचन गर्दै सूतूलूङ स्थापित गर्दछन् । कुखुराको भालेलाई बखान्दै सोलेवा जाँड रक्सी, अक्षता अदुवाले पर्सी उक्त सूतूलूङमा भोग दिने गर्छन् । अन्तमा भाँचिएको चुला वावियो वा खरले वाँधेर, हिजोसम्म तिमी हाम्रो पिता पूर्खाको, प्रतिक तत्वका रुपमा थियौँ आजबाट सामान्य ढुँगामा परिणत गरेको छौ है । मलाई सामान्य ढुँगा जनाएर फाले भनेर चित्र नखुखाई देऊ भनेर दसाई फसाई घरदेखि माथितिर चोखो ठाउामा राखिदिने प्रचलन रहेको छ । किरात साम्पाङ राई समुदायमा ।

## ४.३.१ सूतूलूङ सोइमा दोप्माक (चुला सार्ने पूजा)

किरात साम्पाङ राई समुदायमा एक ठाउँबाट अर्को ठाउँमा घर वा सूतूलूङ सार्नुपरेमा सूतूलूङलाई उखेल्दा र स्थापना गर्नुपर्दा सम्पूर्ण सूतूलूङलाई बोकेर लान असम्भ हुनाले उक्त सूतूलूङलाई विधिगत सामग्रीहरुले दसाई फसाई सम्बोधन गरी सूतूलूङ भित्रको ओच्छ्याइएका मिचेलूङ्गको छेस्का र ढुँगा र त्यस भित्रको तामाको सिक्का र खरानी चाहिँ निकालेर सारिएको ठाउँमा लाने गर्दछन् । अर्को कुरो एकै घरको बाबुछोरा वा दाजु भाइहरुमा पनि सूतूलूङ छुट्याउनु पर्ने अवस्थामा पनि मूल सूतूलूङबाट खरानी बाँडेर लगी आ-आफ्नो नयाँ स्थापित घरहरुमा माथिकै विधिविधान सरसामाग्रीहरुलाई जुटाई उपयोग गरी सूतूलूङ स्थापना गरी उक्त नयाँ सूतूलूङमा विधिपूर्वक भालेलाई पर्साएर भोग लिने गर्दछन् । नकी सूतूलूङको मूल्य मान्यता, आस्था र विश्वास नरहने किरात साम्पाङ राई समुदायमा रहेको छ ।

## ४.३.२ सायाचोमा दोप्माक (शिर उठाउँदा गरिने पूजा)

किरात सामाङ राई समुदायमा पितृ तथा मातृ श्रद्धा, पूजाको बेलामा वा अन्य समयमा पनि घर परिवारको मूल मान्छे वा अन्य पुरुष वा स्त्रीका नाममा वा

देशपर्देशबाट घरमा आउँदा शीर उठाइदिने (सायाचोमा) वा जन्मोत्सव) को रुपमा सायाचोमा दोप्मा गर्नेन परम्परा रहेको छ । सामाचोमा दोप्मा पूजाको लागि विधि र सामग्रीहरु यस प्रकारले जुटाउँछन् ।

१) नाङ्लो काँशे थाल वा तुप्लामा एक माना भरेकै चामल हुनुपर्छ ।

२) एक जोडी सोलेवा चिण्डो भरी जाँड र सोली सहित

३) एक जोडी दुनामा पोखेमा उसिनेको मासहरु

४) एक जोडी दुनामा सुवीखो र विछूखो (चामल र अदुवा चानाहरु)

५) होमे, कुविमीको लागि एउटा जाँडले भरिएको सोलेवा र काठको आरी वा वटुकामा सीमा चामल र अदूवाका केही चानाहरु जुटाईदिने गर्दछन् र सूतूलूङको अगाडि दायाँ र वायाँतिर दुईतिर छुट्याई राखिन्छ, मातृ र पितृका रुपमा अनि पुरुष भए भाले, स्त्री भए फूल नपारेको पोथी कुखुरी तर्पिएका हुन्छन् । यसरी कुविमी होमे वा मुक्तुमीले सूतूलूङको अगाडि बसेर माथिको ४.२.१ को सूतूलूङ दोप्मा पूजाको सम्बोधन मन्त्रहरु वाचन गरी, सकेपछि पुरुष वा महिलाको साभेई सहित वखान गरी पाछा अनुसार दाम्रेवा दुमेना बुभिङ्ङोयोत्रँपी, लम्लोत्रँपी, सायापोक्माऔं.... कुविहापाका, पोमापत्रँदुका, खोछनीतोले सापापोकाऔं, दाम्रेवा, दुमेना साया, हरिमी दुँतिमी सायापोकाऔं.... खरुकु साया, जिप्लुकुसाया, चिखिक्कु साया, साया, रिमाकूसाया पोकाऔं, फुलेकु साया, खोप्तेकु साया, खोलुसु साया, पातेकु साया, रिमाकू साया, धिनारसाया, भुक्सापा साया, तुरीका साया, सायापोकाऔ (ययोमोकवी नोसाचोसाया) (पंचतत्व) कवाँ साया, मीसाया, धिरती साया.. हुः साया, नाम्छुरी साया खोल्लाका साया पोका औ, आदि मन्त्रहरु भनेर भाले वा पोथी कुखुरा सोलेवाको जााड (सीरा) चामल र अदूवा विछुले छर्कि पर्साए र ४.२.१ कै कुखुरा पर्साउँदाको मन्त्रहरुले वखान गरी सकेपछि पुरुष भए भाले र महिला भए पोथी कुखुरा काटी चुलैमा भोग दिने गर्दछन् । यो कार्यहरु कुनै पनि राम्रो काम सफल भएमा, वा कसैबाट नराम्रो हिनता बोध हुने खालका अभियोग लगाएको बेलामा पनि यी माथिकै विधि सामाग्रीहरु जुराई शीर उठाउने (सामाचोमा) गर्ने साम्पाङ राई समुदायमा रहेको छ ।

### ४.३.३ छेवेदम् दोप्माक (पैसाको पूजा)

किरात साम्पाङ राईहरुमा आफ्ना जागर, परिश्रम, पौरख, सीप बुद्धि, विवेकले युग अनुसार वा कृषियुगमा खेतीपाती गरी, बढी अन्नहरु उत्पादन गरेका कारणले नै उधौलीका समयमा पित्रामा (सूतूलूङमा पितृ कार्य गर्दा अन्नका माऊँ, धान र कोदोहरु उत्पादन गरी ढिकुटीमा भरी पूजा गरेझैं धेरै पैसाहरु आय आर्जन गर्ने किरात साम्पाङ राई समुदायले कमाईएका पैसाहरु सूतूलूङमा देखाउने प्रचलन रहेको छ । जसलाई (छेवेदम) भनिन्छ । छेवेदम, दोप्माक गर्दाको विधि र सामाग्रीहरु ४.२.१ विधिहरु हुन् । मात्रै छेवेदमको पूजामा मन्त्रहरु चै बढीमा बढी पैसाको कमाई महत्व प्रयोग, अटल भै सह बसी राख्नु है जस्ता बढीमा बढी केन्द्रित भई होमे, कुविमी मुक्तुमीहरुले सूतूलूङको र सरसामग्रीहरुका अगाडि बसेर *हौं ......चसुम हामू .... छेवे हामू ... वुलूहासु ......* भन्दै मन्त्रहरु वाचन गर्दछन् । मन्त्र पछि पूजारीको सोलेवाको जाँड चामल र अदूवाले कुखुरा भालेलाई तर्पाएर काटी सूतूलूङमा नै भोग दिने गर्दछन् ।

### ४.३.४ सूतूलूङपी नाम्मे गोइमा खँमा छ्याकूमा सूतूलूङलमा लैमा दोप्माक (चूलामा बुहारी भित्र्याउँदा र छोरी चेली चूलाबाट निकाल्दाको पूजा)

**भित्र्याउँदा :** किरात साम्पाङ राई समुदाय अथवा (म्या) विवाहको सन्दर्भमा, केटा र केटी दुवै पक्षहरका रक्त र दूध वंशीय, हाड नाताहरुलाई फैलाएर किरात मूद्दूम अनुसार हुने र नहुने आदिका बारेमा दुवै पक्षका आमा, बाबु र नरनाताहरुले सोमेई र पाछाका बारेमा समेत निक्र्यौल गरी विवाह गर्न हुने र नहुने टुङ्गोमा पुग्छन् । यदि हुनेमा पुगे भने, विवाहको सम्पूर्ण कर्मकाण्ड गरी सकि, जब केटीको वा बेहुलीको माइतीघरको सूतूलूङबाट सूतूलूङ खनाएर अथवा आजको दिएको घडिसम्म तिमी हामी छोरी, फलाना थर, पाछा सामईको छोरी थियौं । अवदेखि हामीले फलाना गाउँका, पलना, थर, पाछा, साभेईका ज्वाईलाई दिएका छौं । सूतूलूङलाई साक्षी राखी सूतूलूङबाटै निकाली दिइयौ है भनेर माइतीपक्षको सूतूलूङमा सम्बोधन गर्दछन् । सूतूलूङमा कुखुरा भोग दिने बेला माइती पक्षका सूतूलूङमा ।

यति गरिसकेपछि बेहुलीको माइतिघरबाट बेहुला बेहुली जन्तीहरु लगायत बेहुलाको घरमा पुगी बेहुलाको घरको सूतूलूङमा बेहुली भित्र्याउँदाको अवस्थामा बेहुला पक्षका सम्पूर्ण दाजु भाई नर नाताहरुले, बेहुलीलाई नाङलोमा राखिएको दियो कलश, दही चामलको टीकाले पर्छाउने गर्दछन् । त्यसपछि बेहुला, बेहुलिलाई घरको आँगनमा नै होमे, कुविमी, तम्सबुहरु जानिफकार बुढापाकाहरुद्वारा आजको दिनदेखि, हामी फलाना थरका, फलानो पाछाका फलानो सामेई राईको छोरा, फलाना नाम गरेका छोराको लागि बुहारी (नाम्मे) हाम्रो वंशमा, सूतूलूङमा भित्राउन ल्याएका छौ है भन्दै आँगनमा होमे कुविमी पुजारीले सार्वजनिक रुपमा बेहुला र बेहुली दुवै पक्षका थर, पाछा, सामेइ बताउने गर्दछन् । त्यसपछि घरभित्र पनि बेहुला बेहुली दुवैलाई लगी सूतूलूङ अगाडि उभ्याएर होमे कुविमी द्वारा नै मन्त्र वाचनहरुद्वारा हे कुल पितृमा रहनु भएका, पिता पूर्खाहरु हो ! आज हामीले फलना पाछाको फलना साम्मेको छोरी चेलीलाई बुहारी तपाईहरुकै, छोरा नातीलाई हाम्रो घर दलान, सूतूलूङमा ल्याएका छौं, रीष नगरिदिनुहोस् । हाम्रा छोरा, बुहारीलाई लामो आयु दिनुहोस्, आशीर्वाद दिनुहोस्” भनी मन्त्रवाचनहरुबाट विवाहको अवस्थामा वा बेहुलीको माइती घरबाट वा सूतूलूङबाट खन्याउँदा वा क्रिया सार्दा बेहुली पक्षका बाबु, बाजे, माईती र मामली समेत र बेहुला पक्षका बाबु बाजे, मामली पितापूर्खा, बुपाका वा कलियाहरु बीचमा दोहोरो संवाद एक आपसमा चलाउँदछन् । जसलाई वाग्दत्ता, सुदत्ता भनिन्छ । उक्त बचनहरु बोल्दा सूतूलूङलाई साक्षी राखेर १ पटक, २ पटक, ३ पटक गरी दोहोरो बचनबद्धता दिने र लिने गर्दछन् ।

(१) बुढापाकाहरु र मामालीहरु : ए कुटुम्बहरु हो, हाम्रो कुन पितृ, सूतूलूङबाट, मूलढोका दलान आँगन हुँदै यहाँको सखेवा धानबाट हाम्रा ज्वाई फलाना नाम, जाति, पाछा, सामेइको कुल पितृ सूतूलूङमा हाम्री भान्जी, फलाना नाम, फलाना पाछा, फलाना सामेईलाई आजदेखि एक दियौं ।

(१) बेहुलापक्षका बुढापाकाबाट : सेवाः तपाईहरुकी भान्जी, फलाना नामकी जाति पाछा, सामेइलाई तपाईहरुको कुल पितृसूतूलूङबाट हाम्रो कुलपितृसूतूलूङ, हाम्रा भाई भतिजा, फलाना नाम, जाति पाछा सामेइमा आजदेखि एक पायौं ।

(२) बेहुली पक्ष : ए ... कुटुम्ब हो ... आकाशको तेत्तिसकोटी देवी (देवताहरुलाई) साक्षी राखेर, पातालको सिमेभूमे नाग नागेनीहरुलाई साक्षी राखेर हाम्रो ज्वाई फलानो नाम, जाति, पाछा, सामेईलाई हाम्रो भाञ्जी वा छोरी फलानो नामकी, जाति पाछा, सोमईलाई आजदेखि दुई दियौं, दियौँ ।

(२) बेहुला पक्षबाट = धन्यवाद । सबै देवी देवताहरुलाई साक्षी राख्दै सिमे भूमेलाई र नागनागेनीहरुलाई साक्षी राख्दै, तपाईहरुकी भान्जी वा छोरी फलानो नामकी जाति पाछा, सामेईको हाम्रा भाई भतिजा फलानो नामको जाति पाछा मामेईमा आजदेखि दुई पायौं-पायौँ ।

(३) बेहुलीपक्षबाट ए ..... कुटुम्बहरु हो ........यी कुलपितृ देवी देवताहरु सिमेभूमे नागनागेनीहरु सबैलाई साक्षी राखेर हाम्रो ज्वाइँ फलाना नामको जाति, पाछा, सामेईलाई हाम्री छोरी चेली भान्जी फलाना नामकी, जाति पाछा सामेईलाई आजदेखि एक दियौं दुई दियौं तीन दियौँ दियौँ दियौँ । तर कुटुम्बहरु हो, मासु दियौ हड्डि चै हामीसँगै छ है ।

(३) बेहुला पक्षबाट : धन्यवाद छ हजूर ..... सबै देवी देवताहरु सिमे भूमे नागनागेनीहरुलाई सही साक्षी राख्दै, तपाईहरुकी भान्जी छोरी चेली, फलाना नामकी, जाति, पाछा, सामेईलाई हाम्रो भाई भतिजा फलाना नामको जाति पाछा, सामेईमा आजदेखि एक पायौं, दुई पाऔं तीन पायौं पायौँ पायौँ, तर मासु चै पायौँ तर हड्डि चै पाएका छैनौ है ।

(४) बेहुली पक्षबाट : कुटुम्बहरु हो ... हाम्री छोरी चेली पनि सुम्पिसक्यौँ काम पनि सकियो तपाईहरुको मनमा घाम पनि लाग्यो होला ? अब त छुटौंकी कसो हो ?

(४) बेहुला पक्षबाट : अलि अलि खुशी भए पनि तपाईहरुको छोरी छेली पाए पनि अलिकति चिन्ता रहिराखेकै छ नि यसै वागदाताको क्रम सकिएपछि बेहुलीको बाबु आमाको घरको सूतूलूङमा बेहुला बेहुलीलाई सूतूलूङ अगाडि उभ्याएर होमे, कुविमी वा मुक्तुमीहरुले सूतूलूङलाई आजदेखि हाम्रो फलानो नामकी जाति पाछा र सामेईकी छोरी फलानो गाउँको फलानो नामको जाति पाछा सामेइको सुतुलुङमा जाने गरी यस सूतूलूङबाट निकालिँदै छौ । अब उप्रान्त बाँचे र पाले पुण्ये मरे सून्य जस्ता वाचनहरु गरी बेहुली र बेहुलालाई सूतूलूङबाट निकाली अन्माई दिन्छन् । बेहुली घरबाट त्यस सूतूलूङमा छोरी र ज्वाईका नाममा सूतूलूङको पूजा विधिविधान गरी एक जोडी भाले र पोथी कुखुरालाई ढाडमा हिर्काई तुप्लामा रगत चुहाईन्छ । दुवैबाट रगत आएमा राम्रो शुभ छोरी ज्वाईको जिवन निर्वाह भविष्य राम्रो भएको संकेत चिन्ह यदि रगत नआए नराम्रो अशुभको संकेत चिन्ह हो भनी स्वकीदर्छ । जसलाई हेङ्खुवा ( हाइखुवा) भनिन्छ । हेङ्खुवा ढोप्मा सामग्रीहरु ४.२.१ कै जस्तो हुन्छ भने हेङ्खुवा पूजा विधि नै हेङ्खुवा पूजाको विशेषता अनुसार कुविमी होमेले नै जानीफकारबाटै हुने गर्दछ । यसरी आफ्नो छोरी चेली, कुटुम्बेरीमा, सुजातमा दिँदा र सूतूलूङबाट क्रिया सार्दा, सूतूलूङ खन्याउँदा पनि सूतूलूङमा भोग बलिदिने किरात साम्पाङ राई समुदायमा परम्परा रहेको छ । तर किरात इतर जातिमा मूद्दूम विपरितमा केटाले केटी ल्याए पनि छोरी पनि अन्य केटामा गएमा यो हेङखुव दोप्मा गर्ने कार्य वर्जित नै रहेको छ ।

### ४.३.५ सखेवा लैमा दोप्माक (सिमेभूमि निकाल्दा गरिने पूजा)

किरात साम्पाङ राई समुदायमा सखेवा देवताहरु निकाल्नु पर्दा पनि सखेवा पुजारीवा नागीरे कुविमीले मात्रै निकाल्न सक्छ । अन्य कुविमीले सक्दैनन् । सखेवा

देवता निकाल्ने प्रमुख समय चै वैशाखे पूर्णिमा ताका मानिन्छ । उक्त समयमा नागपूजा गरि सकेर मात्र सखेवा देवता खोज्ने र निकाल्ने साइत खुलेका आत्मा विश्वास गर्दछन् । कुविमीले सखेवा निकाल्नलाई धरतीका सम्पूर्ण देवी देवताहरु सिमेभूमे, नागनागेनी प्राकृतिक देवी देवताहरुसँग वल शक्ति आशिर्वाद माग्दा सम्पूर्ण भेला भएका बुढापाकाहरु तम्सुकहरु र भुक्तुमीहरुका सर सहयोगबाट नै सखेवा देवता निकाल्ने उद्देश्यमा पुगेको हुन्छ । पूजाको समयमा कुविमीले जाँड रक्सी चामल अदूवाको उपोग गर्दै हातमा भाला, तरबार बोकेर कोकोदहरु ढोल बजाउँदै, मासुमेहरु झ्याम्टा बजाउँदै, कुविमीको दायाँ र बायाँ पट्टि वस्दछन् । कुविमीचै यस थपना सहित (कँलेम्खँ) आसनमा बसेको हुन्छ । अन्तमा घरमुली र कुविमी सबैले मालेलाई पसाउँछन् र अनि सबैले सूतूलूङमा सोलेवा जाँड र रक्सीले खन्याउँदछन् ।

भाले काटेर सूतूलूङको वरिपरी घुम्दछन् । तीन पटकसम्म । यसरी साखेवा निकाल्दा पनि सूतूलूङमा भोग दिने किरात साम्पाङ समुदायमा रहेको छ ।

## ४.४ सूतूलूङमा सम्बोधन गरेर गरिने पूजाहरु

**नागा चाम्चे दोप्माक पूजा (नागनगेनी पूजा)** : यो पूजा किरात साम्पाङ राई समुदायका नियमित अवस्थामा नभै विशेष अवस्थामा गरिदिने पितृभूजाहरुमध्ये नागा, चाम्से पूजा हो । यो अरु नियमित पूजा जस्ता होईन । नागापूजा गर्दा कुलपितृका साथै नागनागेनीको समेत पूजा गरिन्छ । नाग नागेनी पनि किरात जातिका आदिम पूर्खाकै रुपमा मान्ने परम्परा रहेको छ भन्ने आत्मा विश्वास रहेको छ । नागनगेनी कै आशीर्वादबाट फैलिएका किरात सन्तानहरु हुनाले र हामीले आजसम्म कसैको विवाह भएको लामो समयसम्म सन्तान नभएमा, सन्तानहरु माग्न र अर्कोतर्फ सन्तान भएर पनि ठूलो रोग कष्ट लागि राखेमा उक्त रोग र कष्टहरुबाट मुक्त हुनलाई र कम आयु लिएर जन्मेका शाखा सन्तानहरुलाई लामो आयु बढाउनको लागि नाँगा वा चाम्चे दोप्मा (पूजा) गर्ने प्रचलन रहेको छ । साम्पाङ राई समुदायमा त्यो पूजा दुई चरणमा पूरा गर्ने गर्दछन् । उधौली र उभौली गरी दुईपटकमा कार्य सम्पन्न गरिन्छ । दोप्मा

थालनीलाई छिदम अन्तलाई दिदम भनिन्छ । छिदमको बेला कुखुराको भालेद्वारा र दिदमको बेला, सुँगुरले नै अन्य पूजाको विशेषताद्वारा सामग्रीहरु जुटाई उधौली र उभौलीका समयमा पूजा गर्दछन् ।

### ४.४.१ छम्दम दोम्पा (जिउँदै काजक्रिया)

किरात साम्पाङ राईसमुदाय, विशेष प्रकारको पूजा छम्मधम हो । तर यो छम्मधम पूजा गर्ने, कविमी, पुजारीहरु पाउन गाह्रो भएको संस्कार पनि हराउँदै गएको बताउँछन् । यसरी जिउँदै आफ्ना काज क्रिया गर्नुको अर्थ, पेसा, व्यवसाय सफल, आय आर्जन सम्मान ख्याती प्राप्त, उन्नति आत्मा सन्तुष्टि, कुल पितृहरुप्रति कृत कृतज्ञता, अर्पण, कुल पितृ, पूर्खाहरुको आशीर्वादबाटै उसले उसको जीवनको उत्तारार्धमै, छम्मधम पूजा गर्न सक्दछन् । तर यो छम्मदम पूजा दुवै जना पति र पत्नि जिवित हुँदै छम्मधम पूजा गर्न सक्दछन् तर यो छम्मदम पूजा दुवै जिवित हुँदै गर्न मिल्छ नत्र कदापि मिल्दैन । अनि यो पूजा अति नै खर्चालु पूजाका रुपमा मान्ने गर्दछन्, पूजाको आवश्यक सर सामानहरु यसप्रकार जुटाउँछन् ।

१) साखेवा, मुक्तुमी, कुवि, तायमीहरु गरी १६ जना

२) कोकोदहरु १६ जना

३) मासुमीहरु, १६ जना यसमा, कुविमी तर्फबाट ८ जना रछम्मद तर्फबाट ८ जना हुनुपर्छ ।

४) ढोल-झ्याम्टा

५) कुखुराको भालेहरु ९ ओटा, सुँगुर एक

६) कोदोको जाँड १६ घ्याम्पा

७) अदूवाको ३२ सर, १६ चिण्डो रक्सी, आठ चिण्डो रक्सी र आठ चिण्डो जाँड

८) १६ पाथी कोदो, १६ पाथी चामल एउटा राँगा, एउटा जुरेचरा, एउटा कल्चुडा चरा, एक वल्छिचरा, एक मुनाल चरा, एक लाहाचेचरा, छँरोसा, तवासुङ थानको दायाँ र बायाा दुवैतिर एक एक खुडा र तरबार हातहतियार कलश,

दियो, केटाको पातहरु जुटाउँदछन् । यो छम्मधम उभौलीको समयमा गर्ने गर्दछन् ।

छन्दमधम पूजा गर्ने थान थपना बनाउँदा घरभित्र सूतूलूङ भन्दा तल र अर्को बाहिर आगनमा गरी दुई ठाउँहरुमा स्थापना गर्दछन् । घरभित्रको थात बजाउँदा, केराको पातहरु चार पत्रहरुमा विच्छयाइएको त्यसमाथि चार पाथी, चामल र चार पाथी कोदो राख्दछन् । त्यसको दायाँ र बायाँ एक-एक तोम्बासिङ राखिन्छ । दुईपट्टि ८।८ ओटा चिण्डोहरु मध्ये, चारओटा चिण्डोम कोदोको छानुवा जाँड राखिन्छ । ८।८ ओटा कुठुवामा रक्सी, ८।८ दुनामा छँरीसा।नुनैसा, दियो कलश राखेर थान तयार गर्दछन् । यी पूजाहरु निकै कठोरको रुपमा मान्दछन् ।

अर्को थान थपना, बाहिर आँगनमा, एउटा सेउली कटुसको लिङ्गो गाडी, फेदमा थपना तयार गर्दछन् । थानमा विभिन्न हातहतियार, खुँडा, तरवार, बन्दुक खुकुरी, खुर्पा कुटो कोदाली आदि राख्दछन् । साथै एउटा दिछिम बनाई विभिनन सर सामानहरु राख्ने ठाउँहरु बनाउँदछन् । जसमा १६ घ्याम्पा कोदोको जाडै राखिदिनु पर्छ । कुविको तयामीले कोइलाद्वारा कुविको नाम थर पाछा, सामेई नाम लेखेर खजुरो, सर्प र बाघ, जुन ताराको नक्साहरु बताउँदा छन् । कुविलाई लाम्तुप्पा स्वागत गरी ल्याएर ललाहिमम, बुलाहिम पारुँच, सिल्तँकुमा कसैले, सिकिच लगाउँदछन्, कुविले छम्मधम पूजा, घरभित्रबाट सुरु गर्दछ । कुवि घरभित्र, वलेम्खमा बसी, आफ्नो छीः सुम्निमा, पारुहँ, उदूहाँङ्ग नागनागेनी सखेवा-सुविबा, धेरै देवी देवताहरुसँग शरणमा परी वल शक्ति, भागी मूद्दूम अनुसार पूजा विधि सुरु कोकोदेहरु दायाँ बसी ढोल बजाउँदछन् । मासुमेहरु वायाँति बसेर झ्याम्टा बजाउँदछन । पूजा शुरुमा सूतूलूङबाटै, फलेक्कु दुवारी सिकेल्क, पँतेकु चारीक, साखेवा सुविवा, छेपुवा, पूइभवा हुँदै धेरे स्थान विभिन्न स्थानहरु घुमेर सखेवा तराई फाँट, मधेश, पहाड हिमाल, खोला नाला हुँदै सूतूलूङमा नै घुमेर प्रवेश गर्दछन् फेरि दोस्रो चरणको कार्यमा कुविमीको पँःल हान्ने कार्यले जीवित व्यक्ति र मृत आत्माको लावा चिनेर तत्काल छुट्याई अलग अलग गर्न सक्नुपर्छ । यदि

छुट्याउन नसके जीवित व्यक्तिको वा मृत आत्मामा मिसिइ गएमा, उसको चाँडै मृत्यु हुने जनविश्वास गर्दछन् । परिक्षण चै सूतूलूङमा हाडी तताएर गर्ने गर्दछन् । उक्त समयमा तथापीले छम्मधम गर्ने व्यक्तिको नाम, उच्चारण गर्नैपवर्छ पँःल हानिसकेपछि बाहिर घरभित्रबाट बाहिर निस्कि विविध सिलिका साथ तयामी, बुढापाकाहरुले बीचमा ले कुविमीमालाई छम्मधम कर्ताको नाम सुँवा वा पितृपुर्खाको साथ, बसे नबसेको सोधनी गर्दछन् ।

त्यसपछि, बाहिरको थानमा पूजा सुरु गर्दछन् । कुविमीले मूद्दूम विधि अनुसार पूजा पूरा गरी पुन घरभित्र पूजा विधिहरु पूरा गर्दछन् । कविले सबैलाई शुभ अशुभ भविष्यवाणी समेत सुनाउँदछ । साम्पाङ थरका राई समुदायमा छम्दमी जिउँदो क्रिया गरी नाम लगाउने कर्म गर्दा पनि सूतूलूङमा सम्बोधन गर्ने परम्परा कुविमीको घरको सूतूलूङमा रहेको छ ।

### ४.४.२ खँः वा मायुम काट्ने (भाई चिन्ता)

हिवा र माफुई बगाउने दोप्मा किरात साम्पाङ राई समुदाय दाजुभाई आपसी बीचमा ठूलो झैंझगडा भएरकाटमार भएमा, सूतूलूङलाई लात्ताले हान्ने, फुटाउने उखेल्ने, भाच्ने कार्य गरेमा घरको मूलखावो, दलिन काट्ने घरको भाडाकुडा थाल वटुकारु फ्याक्ने फुटाउने एक अर्काको धनसम्पत्ति श्रममा लुटपाट गरी खोसी खाने आत्मिय श्रापले पिर्ने आपसमा श्राप गराएर गर्ने, कुल वंश मित्र (हिवाँ) सेक र (माफूई) रीसाई डाही आत्मिय असन्तुष्टिको वातावरणलाई हटाइने, पर पार्ने शान्त, सदव्यवहार पवित्र भनेको वातावरण सृजना गर्ने उद्देश्यले सबै दाजुभाई मिली सर सल्लाह अनुसार हिवाँ र माफूई (खँः) वगाउने वा खंः झार्ने प्रचलन किरात साम्पाङ राई समुदायमा रहेको छ ।यसबाट जोगिन परै रहन यो माफुई र हिवाँ (खँः) वगाउने सुकार्य कुविमी होमेहरुबाट गरिन्छ । कसको घरमा भाईचिन्ता गरिने हो त्यो घरमा सबै दाजुभाई मेला मै प्रत्येक घरबाट खरानी समेत ल्याई उक्त दिन र रात अरु दाजुभाइका घरमा आगो बाल्न नहुनेचलन पनि छ । भाई चिन्ता बसेको घरको सूतूलूङबाट के के नराम्रो काम

गरेको थियो, त्यो नराम्रो गरेको चिन्ह संकेत सूतूलूङबाट एक काँशे थालमा निस्किन्छ। कुविमी होमेको मूद्‌दूम विधिबाट त्यही वस्तुहरुलाई बगाउने वा हटाउने प्रचलनलाई ( खँः) पूजा दोप्मा भनिन्छ। यो चिन्ता हिवा माफूई बगाउने कार्य गर्दा किरात साम्पाङ राई समुदायका कुविमी, होमेका अनुसार निमन सर सामग्रीहरु जुटाउने गर्दछन्।

१. कोदोको जाँड र रक्सी
२. चामल र कोदो
३. छँरीसाँ (पाँहा माछा चराचुरुङ्गी, मृग घोरल, धार डाँफे, मुनाल, कालिज, प्युरा, चमेरा, लाटकोसेरो, सुँगुर, कुखुरा, चौरीगाईं, गाई गोरुको मासु।
४. कुखुराको भाले पोथी
५. कुडुवाम रक्सी
६. पाथीडालो, नाङलो, थुन्से, मान्द्रो
७. सुँगुरको ढाडे (हारती, करङ्ग दुवैतिरको दशबाट सम्म अन्य मासु)
८. केराको पात, दुना टपरा
९. बासको टुप्पा (चोङ्ग)
१०. हरिस घुङ्गीङ, सेउली, काउलो, अदूवा, अम्रिसो पारी
११. दियो कलश र बावीयोको डोरी
१२. केमाराको कही गानाहरु कछूर हालनलाई।

यो खँः झार्ने कार्यमा सम्पूर्ण आफ्ना दाजुभाई र छोरीचेलीहरुलाई नियन्त्रण गर्नै पर्छ।

### ४.४.३ रुँःरी चिन्ता (घर चिन्ता)

किरात साम्पाङ राई समुदायमा कुनै घर परिवारका विमार परि, रोग, कष्ट र ब्याथा लागी अशान्ति भएमा ती खालका आपत, विपत, दैविक समस्याहरु आई नपरोस भनी समय समय साल सालमा रुँःरी चिन्ता (घर चिन्ता) राख्ने प्रचलन रहेको

छ) । यी खालका चिन्ताहरु खास गरी उधौली र उभौली ताका कार्तिक र चैत्र महिनामा राखिने प्रचलन छ, जसले आफना घर परवारका भाविष्यमा राम्रो र नराम्रो जोखाना, हेराउने दिन दशा, ग्रह आपत विपत आई पर्ने भए कसरी हटाउने वा पन्छाउने उद्देश्यले राखिएको हुन्छन् । यो घर चिन्ता राख्ने वेलामा पनि किरात साम्पाङ राई समुदायमा म हामी घरचिन्ता गर्न खोज्दै है भनेर सूतूलूङलाई सम्बोधन गरी आदेश र आज्ञा माग्ने प्रचलन रहेको छ । घर चिन्ताको लागि, आवश्यक सर सामग्रीरु सामान्यतया, सेउली, अम्लिसो, काउलो, घुङरीङ, कोदो, धान चामल, केराको बोट, जाँड, रक्सी, अदुवा, दुना, टपरा, पैसा, सुँगुर, कुखुरा, तुप्ला, आदि जुटाउने गर्दछन् । बेलुका घर चिन्ता बसी बिहान कुविनीले घर परिवारमा के के कारणहरु दुखाइ पिराई आपत र विपत आइपर्नको कारणहरु पत्ता लगाई बताइ दिने गर्दछन् । कुविमी र घरपरिवार र भेला भएका इष्टमित्र बिचमा आपसी सोधा सोध गरी जानकारी लिने गर्दछन् ।

### ४.४.४ तँदूम्से तम्मासूङ दोप्माक (मूल खाबोको पूजा)

किरात साम्पाङ राई समाजमा, आफ्नो घरभित्र माझमा निदाल अडयाउन वा तोक्चैं दिन एउटा बलियो खाँवो भुईमा गतिलो मोटो ढुँगा राखी त्यसमाथि मूल खाँवो टेकाएर माथि निदालाई पूरै सपोर्ट दिने गरी ठड्याएको हुन्छ जसलाई मूल खाँवो भनिन्छ । यी खालका खाँवो भई तला, माझ तला र वुइकल सम्म छाना अड्याउने उद्देश्यले राखिन्छ । पहिले-पहिले भुई तलाको मूल खाँवो देखि सूतूलूङसम्म आफ्नो दाजुभाई बाहेक अन्य जुनसुकै जात जातिलाई जान नदिने प्रचलन रहेको पाइयो । तर आज सहज भएको बताउँछन् । सुङ्सा जाति बाहेकलाई साम्पाङ समाजमा मूल खाँवोलाई घर परिवारका सम्पूर्ण सदस्यहरुलाई सु-स्वास्थ्य दीर्घायु, सुशक्तिका साथ बाँची रहनु भन्ने निश्चित निर्धारण गर्ने स्तम्भको रुप मानेर पूजा (दोप्मा) गर्ने प्रचलन रहिरहेको छ । यो पूजा गर्नलाई पनि सूतूलूङसँग सम्बोधन गरेर मात्र गरिन्छ । यो पूजा

विविध पितृकार्य शीर उठाउँदा गरिन्छ । मूल खाबोलाई सेतोदमी, टीका, लगाएर अन्य घर परिवारका सदस्यलाई समेत टिका लगाइदिने प्रचलन रहेको छ ।

### ४.४.५ तँदूम्से तम्मासूङ दोप्माक (मूलढोकाको पूजा)

किरात साम्पाङ राई समुदायमा आफ्नो घरको मूल ढोकामा, पूजा गर्ने प्रचलन रहेको छ । मूल ढोकाबाट भित्र पस्दा अलिक निउरीएर वस्नुपर्छ भन्ने मान्यता राख्दछन्, यस ढोकामा खास गरी, पितृपूजा कै बेलामा गरिन्छ । यो पूजामा पनि सूतूलूङसँग पुकारा गर्नै पर्छ । अनि मात्रै पूजाको वाटो खुल्छ । ढोकाको शिरमा टीका लगाई जाँड रक्सीले तर्पाउनै, अक्षता अदूवाले पुज्ने समेत गर्दछन् । मूल ढोका र मूल खाँवोलाई एक प्मुख भागको रुपमा ठानी पूजा गर्ने स्मरण गर्ने प्रचलन अपनाइरहेका छन् । तर नयाँ घर निर्माण गरी मूल ढोका बनाइ सकेपछि घरपैसा, सूतूलूङ गाडी सूतूलूङसँग आज्ञा आदेश मागेर मूलढोकामा कुखुराको भाले काटेर भोग दिई पूजा गरेर मात्र भित्र बाहिर गरेमा आत्मा खुशीका रुपमा ठान्दछ साम्पाङ राई समाजहरुमा ।

### ४.४.६ सखेवा दोप्माक (सिमेभूमे पूजा)

किरात साम्पाङ राई समुदायमा सूर्यमार्गी सँगसँगै उधौली र उभौली ऋृतुरु अनुसार दँःदाप र मंसिरे धान्य पूर्णिमा र दँःवाङ वैशाखे पूर्णिमामा आधारित कार्य गरी जीव्न जिवन्त दिइराखेकै छन् । किरात पूर्वजहरुका भनाइ अनुसार जंगली तथा शिकारी युगदेखि नै कृषि कामका लागि आफूहरुले लगाएको बाली नाली राम्रो होस् फलहरु राम्ररी उब्जनी होस् बाली नालीलाई नोक्सान पुऱ्याउने खालको कुनै पनि हुरी बतास असिना पानी सुख्खा खडेरी किरा फटेङ्गाहरु रोगहरु नलागोस् भनी कृषि पूजाको रुपमा सिमेभूमे नगिनागेनीहरुसँग कृतज्ञता प्रकट गर्दछन् । भूमे र सखेवासँग सम्बन्धित धरती वन,जंगल, जमीन पहाड पर्वत भीर, गुपा कनदरा, उत्पादिन वनस्पतिका बोटविरुवाहरु ज्ञात अज्ञातका रुपमा नागनागेनी आदिका नाममा उधौली उभौलीमा दुई पटक पूजा

गर्ने प्राकृतिक पूजक गर्दछन् । उक्त पूजा कार्य अगाडि सूतूलूङसँग आज्ञा आदेश लिएर गर्दछन् ।

### ४.४.७ बुढेती दोप्माक (मातृप्रधान देवीको पूजा)

दोप्मा किरात साम्पाङ राई समाजमा मातृ इष्ट देवताको रुपमा कुलवजुको रुपमा पूजा गर्ने गर्दछन् । यो पूरा खासगरी अन्न राख्ने अन्न भण्डारमा थान थपना स्थापना गरी गर्दछन् । यो पूजा घरको माथिल्लो तलामा अन्न भकारी, के ढिकुटीमा गर्दछन् । पूजाका सामग्रीहरु लिपपोत गरी ढिकुटी भकारी अगाडि केराको तुप्लाहरु राखी दुईतिर र सोलेवा,चिण्डी जाँड सहित तुप्लामा चामल दुईतिर खोखेदाम, सोलेवादम, विछूखो सुविखो छँरीसा र एकजोडी कुखुराको भाले पोथी सहितले तर्पाएर पूजा गर्ने गर्दछन् । उक्त पूजा गर्दा सूतूलूङसा आदेश माग्ने गर्दछन् ।

### ४.४.८ सीकारीहँपामी दोप्माक (सिकारी पूजा)

किरात साम्पाङ समुदायमा शिकारी पूजा सिकारी युगबाटै गरी ल्याएको दावी गर्दछन् । पूर्खाहरुले, किम्बदन्ती अनुसार किरात मानव पूर्वज खक्चुक्वाको पाँच छोराहरु सबै सिकारी देवताहरु मान्ने गर्दथे । जेठाछोरा नामरुङसिकारी, माइला छोरा सुंरिगी सिकारी, साइला छोरा सेता सिकारी, काइला छोरा साप्ला सिकारी र कान्छा छोरा तौंसा सिकारीको रुपमा मानिएका कुराहरु बताउँछन् । यो शिकारी पूजाहरु खास गरी उभौली समयमा गरिन्छ । यो पूजाहरु गर्नुभन्दा अगाडि सूतूलूङलाई आज हामी यो सिकारी पूजा गर्दछौं भनेर सम्बोधन गर्ने गर्दछन् । पुजाका लागि सर सामग्रीहरु : (१) थाल वा टपरामा एक माना चामल, दियो, बत्ती २) अदुवाहरु, चामल ३) एउटा अण्डा र छँरीसाँहरु ४) धूप भैरुङ पाती, घ्यू ५) दियो, कलस, काइयो, थाप्रो, धनुकाँण ६) कादोको रोटी ७) मर्चा, पानी, जाँड ८) काँचो धागो र सिन्दुर

## ४.५ सूतूलूङ दोप्माक (किरात संस्कारसँग यसको सम्बन्ध)

यस सामग्रीहरु सम्बन्धमा विविध पूजाहरुका विशेषताहरु विधिविधान अनुसार जुटाउनु पर्ने हुन्छ । सम्पूर्ण पूजाहरुका विधिगत पूजा गरेको अवस्थामा नै सर सामग्रीहरु नामक उल्लेख गरिएको छ ।

### ४.५.१ सूतूलूङ दोप्मा विधिसँग संस्कारित सम्बन्ध

किरात साम्पाङ राई समुदायमा प्राचीन कालदेखि नै जन्मपूर्वदेखि, मृत्युपर्यन्त सम्म गरिने धार्मिक सांस्कृतिक परमपरागत रुपमा जातीगत मूल्य मान्यता, आस्था र विश्वासमा आधारित भै विविध संस्कारहरु मानि आएका छन् । जुन संस्कार संस्कृतिहरु मानवीय गुण आचरण व्यवहारबाटै उत्पन्न हुने र त्यही संस्कार र संस्कृतिले उही मानवजातिको पहिचान चिनारी गराउने र अस्तित्वमा उभ्याउने अठोट गरेको हुन्छ । यस विश्व मानव समुदायमा । त्यसकारण धार्मिक संस्कार सांस्कृतिक पक्षहरु किरात साम्पाङ समाजको लागि नभई नहुने र नगरी नहुने एक महत्वपूर्ण पक्षहरु हुन् । नकि साम्पाङ राई समाजको अस्तित्व माथि नै प्रश्नचिन्ह उठ्न सक्छ । अतः सूतूलूङ दोप्मा विधिविधानसँग किरात साम्पाङ राई समुदायका संस्कार, संस्कृतिको अति नै महत्वपूर्ण सम्बन्ध रहेको हुन्छ ।

#### ४.५.१.१ मूनीको (जन्म)

किरात साम्पाङ राई समुदायका जुनसुकै परिवारहरुमा महिलाहरु गर्भवती (वखँदिमा) भएपछि गर्भको भ्रुणसँग संस्कारहरु थालनी हुन्छ । जस्तैः सूतूलूङसँग लहै तपाईहरुका कुल वंश सूतूलूङमा एउटा शाखा वा सन्तान आउँदैछ कुनै प्रकारका रोग कष्ट दोष नदेऊ, है भन्ने भावना प्रकट गर्दछन् । आदि जस्ता संस्कार गर्दछ र ५।६ दिनसम्म सुतक बार्ने प्रचलन समेत रहेको छ ।

### ४.५.१.२ नूङ वईमाक (न्वारान/नामकरण)

किरात साम्पाङ राई समुदायमा पहिले छोरा वा छोरी शिशुको न्वारान जन्मेको ९ दिन मात्रै गर्ने गर्दथे । तर आजकाल छोरो भए ५ दिनमा र छोरा भए ६ दिनमा न्वारान गरी नामकरण गर्ने परम्परा बसाए । यो कार्य गर्नको लागि निम्न सामग्रीहरु जुटाएका हुन्छन् । जस्तैः

१. चिण्डोमा चोखो कोदोको जाँड/नभए कोदो मर्चा, पानी
२. दुईओटा कलशमा, तितेपानी, दूवो, फूलहरु
३. दुई काँशे थालमा एक, एक माता चामल, त्यसमाथि जोडी दियो र जोडी गोहोर पैसा
४. कठुवामा वा बोटलमा रक्सी ।
५. नयाँ कोक्रो
६. छोरा भए कर्दा र धनुकाँण, छोरीभए काइँयो थाक्रो
७. विछूखो र सुविखो दूवामा
८. नयाँ बस्न भोटो लुगा
९. शिशु छोरा भए, भाले, छोरी भए पोथी कुखुरा
१०. शिशुलाई हात खुट्टा कम्बरमा बाँधनि काँचो धागोको डोरी
११. सूनपानी, तितेपानी, फूलदूवो पानी आदि सामानहरु जुटाई सकेपछि, न्वारान, कर्मकाण्ड गर्ने बुढाबुढी फूपा, मुमा वा जानीफकारबाट लहै सूतूलूङ्चीऔं तपाईहरुका कुलवंश, स्थानमा एउटा नयाँ बालक भए (तेँरेपाछा) र छोरी भएका (तँरेमाछा) आएकी छिन् । आजदेखि न्वारान गरी नामकरण गरी जात दिई तपाईहरुकै हार र जातमा राखेका छौं ।

### ४.५.१.३ यायालाई चा ताङ्माक (अन्नप्राशन वा पास्नी)

किरात साम्पाङ राई समाजमा नयाँ शिशुलाई पहिलोपटक भात खुवाउनुलाई (चाँ यमा) भनिन्छ । चाँ यमा खुवाउँदा न्वारान गरेको दिन अनुसारकै महिनामा खुवाउने प्रचलन रहेको छ । पास्नी मंगलबार र शनिबार गर्न हुन्न भन्ने भनाई रहेको छ । पास्नी कार्यमा आफन्तहरु (लम्लँवु, दँवस) मान्यजनहरुलाई छोरीचेली दाजु भाइ सबैलाई निमन्त्रणा गर्ने गर्दछन् । पास्नी कार्यमा निम्न सामग्रीहरु जुटाएका हुन्छन् । जस्तैः

१. दही चामलको सेतो टीका
२. दुईकाँमे थालमा चामल
३. शिशु कपडाहरु
४. चुरा कल्ली
५. दुई दियो बत्तीहरु र सिक्काहरु
६. भात तरकारी रक्सी
७. दूबो र तितेपाती
८. भिमसेन पाती
९. फूल सहित जोडी कलशहरु आदि गराउने गर्दछन् ।

यति गरिसकेपछि, लहै सूतूलूङ ची औ आजको दिनदेखि हाम्रा फलना नाम गरेको बालक *तँरेपाछ्या* वा बालिका *तँरेमाछ्या*लाई पहिलो पटक भात खुवाउने कार्य गर्न लागेका छौं आशीर्वाद देऊ है ।

### ४.५.१.४ यायामी तँखोमायिमाहँ लछूम सुम्बालो वप्तँ पीमाक (छेवर र बालकलाई पहिलो पटक कपाल काट्ने)

किराँत साम्पाङ राई समुदायमा आफ्ना बालकहरुलाई शुभ साइत पारी दौरा सुरुवाल र टोपी दिने र छेवर गरिदिने प्रचलन रहेको छ । छेवार गर्ने समयमा निम्न सामग्रीहरु जुटाउने गर्दछन् । जस्तै:

१. काँशे थालमा चामल दियोहरु
२. दही चामल टीका
३. सुँगुरको मासु
४. दियोमा राख्ने सिक्का पैसाहरु
५. विविध रङ्गमा फूलहरु
६. नाङलो र टपराहरु
७. रक्सी, जाँड
८. जाँडका निधार
९. बालकलाई दिने लुगा दौरा सुरुवाल
१०. तितेपानी, दूँवो, भिमसेन वार्ता फूलका जोडी कलशहरु

उपयुक्त सामग्रीहरु जुटाइसकेपछि जानिफकारहरुबाट सूतूलूङतिर फर्केर लहै ... सूतूलूङची औ आजदेखी फलाना नाम गरेको तँरेपाछा बालकको किरात साम्पाङ मूद्दूम अनुसार पहिलो पटक कपाल काटी, नयाँ लुगा, दौरा, सुरुवाल, टोपि लगाई मानवको मुल्य मान्यता दिएका छौ उक्त समयमा एकजना दाजुको काखमा राख्नुपर्छ । तपाई सूतूलूङले तपाइकै सन्तान पुस्ताहरुलाई सधैंभरी वल, शक्ति बुद्धि विवेक र लामो दीर्घायु दिनु होस भनी सूतूलूङ प्रति प्रार्थना गर्ने परम्परा किरात साम्पाङ राई समुदायमा रहिरहेकै छ । संस्कार र संस्कृतिहरुका परम्परा गरी ल्याएका छन् ।

### ४.५.१.५ तँरैमाछ्चालाई ह्याम्वारी चोला पीमाक (गुन्यूचोलो दिने कर्म)

किरात साम्पाङ राइ समाजमा परापूर्व कालबाटै किरात पूर्वज खक्चुलुक्पाको चेलीहरु तँमा र खेमाद्वारा निर्मित लुगा कपडाहरु विशेष विधिहरु अनुसार आफ्नो शरीरमा लगाएर मानवको रुपमा स्थापित भएको कारणले किरात बालिकालाई गुन्यूचोलो लगाइ दिइ महिला जातिको पहिचान दिने, परमपरा रहेको लोक कथा र किम्बदन्तीहरमा विश्वास गर्दछन् । यो गुन्यूचालो दिने कार्य गर्दा निमन सर सामग्रीहरु जुटाउने गर्दछन् । जस्तैः

१. सुँगुर/बँदेलको मासु
२. काँशे थालमा चामल र दियोवत्ती
३. दियो कलशमा सिक्का पैसा
४. दही चामलको सेतो टिका
५. फूलहरु
६. एउटा नाङ्लो
७. जाँडपानी, रक्सी
८. बालीकालाई दिने गुन्यूचोलो, वर्की, पटुकी
९. तितेपाती, भिमसेन, भैरुङपाती
१०. दूबोहरु
११. विविध फूलहरु सहित जोडी कलशहरु जुराइन्छ ।

यति सरसामग्रीहरु जुराईसकेपछि बालिकार्ला एकजना दिदीसँग राखी सूतूलूङतिर फर्काएर भेला पारिएका सम्पूर्ण पूजा सामग्रीहरुले पूजा गरी घरमूलीले घरको कुलपितृ देवी देवताहरु, सिमेभूमे नागनागिनी आदिलाई चोखो टीका चढाई सार्ने गर्दछन् । यो कार्य गर्दा पनि सूतूलूङलाई सम्बोधन गरी सहयोग माग्ने गर्दछन् किरात साम्पाङ समाजमा ।

### ४.५.१.६ भ्या सँमाको (विवाह संस्कार)

किरात साम्पाङ राई समुदायमा आफ्नो घरभित्र छोरा नाती भई भतिजाको लागि बुहारी (नाम्मे) भित्राउँदा वा आफ्नो छोरी चेली कुटुम्ब ज्वाइँमा दिँदा वागदाता दिँदा आफ्नै खालको रीति थिति रहँदै आएको मूल्य मान्यता आस्था र विश्वास राख्दछन् । सूतूलूङमा साक्षी राखी बुहारी भित्र्याउने र छोरी दिँदा पनि सूतूलूङलाई साक्षी राखी दिने गर्दछन् । विवाह सम्बन्धमा बुहारी भित्र्याउँदा ४.७ र छोरी चेलीलाई कुटुम्बमा दिँदा ४.८ मा उल्लेख भइसकेको छ ।

### ४.५.१.७ सिकावीलाई लाम्तेमक रुप्सा (मृतकलाई बाटो लगाउने तरिका)

किरात साम्पाङ राई समुदायमा पुरुष वा स्त्री जोसुकै उमेर परिपक्व, मृत्यु भएमा राम्रो मरण मान्दछन् । जो भैं झगडा गरेर, आत्महत्या, दुर्घटना, भीर पहरा लडेर, काटकाट गरेर, सुत्केरी व्यथाले मृत्यु भएमा । त्यस्ता पुरुषलाई हिल्लासी र महिलालाई ममँसी भनिन्छ । यसरी जो हिल्लासी र मर्मसीमा तर्दा भएर मरेकालाई नराम्रो बाटोको मृत्यु भनिन्छ । बालबालिकाहरुमा बालकको छेवार र बालिकाको गुन्यूचोलो दिएपछि मृत्यु भएमा राम्रो गतिको मरण र ती कर्म नगरी मृत्यु भएमा नराम्रो मरण भनिन्छ । अर्को तर्फ भाई वा वैनी जन्मेर मरेमा राम्रो बाटो र भाई बैनी नजन्मी मरेमा नराम्रो बाटो दिनुपर्छ भन्ने मान्यता पनि राख्दछन् यी समाजमा । राम्रो गतिले मरेका मृतकलाई आफ्नै जग्गा जमिनमा चिहान बनाई दफन गरी उसको आत्मालाई, कुलपितृ र पितापूर्खाको साथमा लगाइने गर्दछन्  परदेशमा मरे पनि जग्गा किनेर आफ्नो बनाएर मात्रै, चिहान खनी दफन गर्ने गर्दछन् । जहाँ दफन गरेपनि, उसकोे आत्मामनलाई आफ्नै घरको कुलपितृमा बोलाई पितापूर्खाको साथमा राख्ने परम्परा रहेको विश्वास गर्दछन् । नराम्रो मरनले नराम्रै बाटोमा जानुपर्ने हिँड्नुपर्ने मान्यताको साथ, घरदेखि टाडो वन जंगलमा लगि दफनाउने र उनीहरुका मृतआत्मालाई कुलपितृमा र पितृपूर्खाका साथमा राखिँदैन र बाहिरै राखिन्छ मृत आत्मालाई ।

**४.५.१.८ सिकावीमी का:मा म्याम्लो साम्खाईपी हाल्माक थोकाची (मृतकको काजकिरीया गर्दा साम्खाईमा राखिने सामग्रीहरु)**

१. केराको पातहरु

२. एकमाना चामल

३. अदुवा

४. रक्सी

५. कठुवाहरु

६. दुई तोम्वा जाँड छोक्रा

७. छँरिसा

८. कलश

९. दुई टपरा साम्साई मान

१०. एउटा हतियार

११. दही चामलको सेतो टीका

१२. सिन्दुर

१३. विविध फुलहरु

१४. फलफूलहरु

१५. विना नुनको दुई दुना मासु

१६. एउटा सिक्का उनेको छिक्मासा जसमा कलेजो मुटु कान, खुट्टा, फियो, मृगौला, डडाल्लाको मासु र लाम्टाको मासु ।

यी माथिका सामग्रीहरु होमे वा कुविनीले विधिपूर्वक उपयोग गरी किरीय कर्म शुद्ध गर्ने गर्दछ ।

नुनतेल छुई शुद्ध हुने प्रचलन रहेको हुन्छ । ती सामग्रीहरु निम्न छन् :

१. एउटा उल्यो पातको दुनामा नुन तेल सिन्काहरु

२. तिनेपाती, दूबो, सिक्का सहित कलश

३. एउटा दुनामा कोदो मर्चा, पानी

४. नुनिलो तरकारी जुटाइन्छ । अन्तमा मलामी, सबै आफन्तहरु छरछिमेक नरनाताहरु भेला भै मृतकबाट अशुद्ध अवस्थाबाट नुन तेल फुक्का भै शुद्ध खुला धर्म फरक भएको घोषणा गर्दछ । कुविमो जातिफकारबाट यी खालका विधि र सामग्रीहरु उपोग गरी कार्य र कर्म गरी शुद्ध भएका मृतकहरुलाई, सरासर सूतूलूङमा पितृहरुका रुपमा राखिने र केही विशेष व्यक्तिहरु उमेरभै केही असल कर्महरु गरेका वा ज्ञानी दूरदर्शी पराक्रमी दर्शनवादी व्यक्तिहरु भएका मानिङ्मा वा माच्छेममा राख्ने परम्परा पनि छ ।

## ४.५.२ *सूतूलूङ पूजा*सँग अन्य किरात राई समुदायको सहभागीता

किरात साम्पाङ राई समुदायको सूतूलूङ दोप्मा पूजा विधिहरु र सामग्रीहरु जुटाई विभिन्न प्रकारको पूजाहरु गरेको बेलामा अन्य थरीका राईहरुका सहभागीताको बारेमा *सूतूलूङ पूजा* निजी पूजा हो । सार्वजनिक पूजा होइन । जुन पुजा थानमा अन्य जातिले जान पनि वर्जित हुन्छ ।

किरातहरु जातै गंगा हो, त्यसमाथि "दश थरिका राईहरु एकै सूतूलूङमा मिलन" भनाई उक्त छँदैछ । तर *सूतूलूङ पूजा*सँग सम्बन्ध राख्ने धेरै किसिमका पूजाहरु हुन्छन् । जस्तै कम विशेषताहरु भएका पूजाहरु र धेरै ठूलो विशेषताहरु भएका पूजाहरु गर्ने गर्दछन् । यिनै विशेषताहरुका अनुसार आफन्तहरु नरनाताहरु छोरीचेली, छरछिमेक, दाजुभाई, कुटुम्बरी, नरनाताहरु आदिलाई के, कसरी निम्तो निमन्त्रण गरेका छन् । त्यसकै आधारमा निम्तोको आधारमा उपस्थित भै सूतूलूङ कार्यमा सहभागिता हुने गर्दछन्  यस कार्यमा जाड पानीको बढी प्रचुरमात्रामा छेलो खेलो हुने भएकाले बढीमा, मतवाली जातीकै बढीमा बढी सहभागी हुने परम्परा रहेको छ । अर्को शब्दमा भन्नुपर्दा कस्तो खालको विधिविधान अपनाएर घर मूलीले *सूतूलूङ पूजा* गर्ने हो । त्यही अनुसार घरमुलीले निमन्त्रणा गर्दछ । उही अनुसार उपस्थिति भै सहभागीता जनाउने गर्दछन् । जसरी पनि गरिएको कार्य सफल बताउने हेतुले सहभागिता गराउँदछन् । किरात साम्पाङ राई समाजका *सूतूलूङ पूजा*का मूल्य मान्यता, आस्था र विश्वास अति

नै कठोर रुपमा मानेका हुनाले यसलाई सीमित र गहकिलो रुपमा स्वकिारको हुनाले यस *सूतूलूङ पूजा*मा सहभागिता गराउनको लागि पनि उत्तिकै सोच विचार पुऱ्याएर मात्र आमन्त्रण गर्दछन् र आमन्त्रण अनुसार नै सहभागिता हुने गदृछन् । बिना निम्तो सहभागिता जनाउँदैनन् । किनकी सूतूलूङ दोप्मा भनेको कुल पितृ र कुलदेवतासँग सरोकार राख्ने भएका कारणले यस पूजालाई त्यति सारो खुला स्वतन्त्र रुपमा सहभागिता गराउन सूतूलूङ पुजारी, होमे कुविमी र मुक्तुमीहरु बुढापाकाहरु त्यति खुलेर मानेको पाइँदैन । अर्को जातीयगत, थरगत परम्पराको घेराभित्र बसेर सहभागिता हुनुपर्छ भन्ने मान्यता राख्ने गर्दछन् ।

### ४.५.३ सूतूलूङ दोप्मा पुजाले वातावरण तथा पर्यावरणमा प्रभाव

सूतूलूङ दोपमा पूजा किरात साम्पाङ राई समुदायका एक आत्मिय तत्वका रुपमा पुजित हुँदै आएको पूजा हो । जुन पूजा गर्ने परम्परा किरात धर्मको मूद्दूम आधारित विधिविधानका धार्मिक संस्कार संस्कृतिहरुबाटै पुजित हुँदै आएको बताउँदछन् । सूतूलूङ दोप्मा पूजा कार्यहरु किरात साम्पाङ थरीका राईहरु बाहेक अन्य विविध थरीका राईहरुले पनि गर्ने गरेकै छन् । तर किरात इतर जातिहरुमा यो परम्परा कदापि गरेको पाइन्न । तर यहाँ किरात साम्पाङ राई समुदायले उनीहरुका पूर्वज कालबाटै जुन सूतूलूङलाई पूजा गरी ल्याएको पूजा कार्यले उनहिरु बसोबास गरेको भौगोलिक भूक्षेत्रका वातावरण र पर्यावरणमा के कस्तो खालको प्रभाव परेको छ त ! भन्ने सन्दर्भमा सकरात्मक वा नकरात्मक प्रभाव के हो ? सर्वप्रथम किरात राई जातिहरु, प्राकृतिक पुजक हुन् भन्ने कुरो माथि नै पटक पटक उल्लेख भइसकेको छ न की मठ मन्दिर, चर्च, मष्जिट, चैत, गुम्बा मूर्तिमा गै पूजा आराधना गरेर आत्मा सन्तुष्टि लिनुभन्दा, आफूलेहरु बसोबास गरी आएको भौगोलिक वातावरण र पर्यावरणमा उम्रिएका हुर्की बढेका प्राकृतिक वनस्पतिका बोटविरुवा अन्नबाली, फलफूल, जराजुरी, जडिबुटी, मुजुरा पाउला, मुन्टाहरु दिने, रुखहरु, खोलानाला, धारा कुवा, ताल तलैया, पोखरी, समुन्द्र, पहाड पर्वत, भीर पाखा गुफा, ओडार भूमिमाटो, हावा, वायु, वतास, सिमेभूमे नागनागेनी आदि आदि प्राकृतिक स्रोत साधनहरुबाटै किरात पूर्वजहरुले जिवन निर्वाह गर्दै आएका गुणहरुका कारणहरुले गर्दा, अथवा

मानवीय गुणहरुका परिचय हुनुभन्दा अगाडि प्राकृतिक, युग, कन्दमूलयुग, शिकारीय, युग, पार गर्दै कृषियुग ताकादेखि हालसम्म पनि किरात पूर्वजहर वाच्न र जीवनका अवयावहरु चलाउन प्राकृतिक स्रोत साधन वस्तुहरु माथि नै भर पर्नु परेको हुनाले हालसम्म प्राकृतिक पूजनककै परिचित भइरहेका छन् ।

किरात साम्पाङ राई समाजले परापूर्व कालबाटै आ-आफ्नो घरभित्र जुन सूतूलूङ दोप्मा पूजामा, आफ्नै जातीयगत, कुल वंशीय, निजी देवाका रुपमा कुलपितृ र कुल देवताहरुको सम्मानको रुपमा पूजा गर्दछन भने अर्कोतर्फ किरात साम्पाङ रिाई समुदाय परम्परागत रुपमा बसोबास गरिरहेका भौगोलिक जैविक विविधता र वातावरण र पर्यावरणमा उब्जिएका खाद्य वस्तुहरु, उपयोग गरिएका वस्तुहरु तथा प्राकृतिक वस्तुहरुका नाममा पूजा गर्ने परम्परा छँदैछ । यी दुई पक्षहरुका पूजा आराधनाको विषयलाई सहि किसिमले विश्लषण गर्ने हो भने सूतूलूङ दोप्मा पूजाले जातीयगत निजी मातृ, पितृ तथा कुल देवताहरुको मान सम्मान, मूल्य मान्यता, आस्था र विश्वासका रुपमा मान्ने गर्दछन् । अर्को तर्फ, किरात साम्पाङ राई समाजको घर बाहिरको गरिने पूजा आराधनाले प्राकृतिक वातावरण र पर्यावरण सम्बन्धीका पूजाका रुपमा मान्ने गर्दछन् । सूतूलूङ दोप्मा पूजा गर्दा खास गरी सूर्य मार्गीको रुपमा, "उत्तारायण र दक्षिरायन मार्गी", अथवा 'उभौली र उधौलीका" रुपमा, "खरुमे र सिखिमे" गर्मीयाम र जाडोयामका आधारमा टेकेर पूजा गर्ने गर्दछन् । ऋतु परिवर्तन अनुसार हरेक किसिमका अन्नबालीहरु फलफूलहरु फुली फली पाक्ने समयलाई हेक्का राखी सूतूलूङमा पूजा गर्ने किरात साम्पाङ राई समाजमा एक प्मुख प्रचलन रहेकै छ । जस्तै उधौलीको समयमा नयाँ धान घैयाँ, वेगेनी चाा, नयाँ कोदो पाङ्गदूर पाकेको बेलामा नयाँ अदूवा फलेको बेलामा सोह्रश्राद्धको बेलामा ती अन्नहरुको चोखो भाग *सूतूलूङ पूजा*मा आफ्ना मृतक पूर्वजहरुका आत्मालाई नचढाई आफूले खान नहुने र जब सूतूलूङमा चढाई होम हवन गरिसकेपछि आफूले खाना हुने परम्परा रहेको छ । उक्त *सूतूलूङ पूजा* कार्यमा आफू बसोबास गरिएका वरिपरिको भौगोलिक वातावरण र पर्यावरणमा उभ्रिएको हुर्किएकै फलेकै वस्तुहरुलाई चढाएर अर्पण तर्पण सूँवाचाका रुपमा दिने गर्दछन् । यसैगरी मंसिरे धान्य पूर्णिमा ताका सम्पुर्ण लगाएका बालीनाली

पाकी थन्काएको उपलक्ष्यमा वा कृषिबाली लगाउँदाको अभिनय इशारा र बालीनाली पाक्यौं है अब धन्काउँ हे घर घरको ढिकुटी भकारीमा अन्नहरु भर खुशीयाली वातावरणमा कृषि नााचको रुपमा प्राकृतिक सृजित खाद्य वस्तुहरु खाएर जिवन्त भएर मरे । मृत्यु पर्यान्त पनि तिनै खाद्यवस्तुका चोखो भाग पिण्ड, तर्पणपानीका रुपमा (सूँवाचा) का रुपमा सूतूलूङमा चढाई अर्पण गरिने हुनाले *सूतूलूङ पूजा*ले वातावरण र पर्यावरणमा अति नै प्रभाव पारीराखेको हुन्छ । किनभने भौगोलिक वातावरण र पर्यावरण विना *सूतूलूङ पूजा* गर्ने सर सामग्रीहरु उत्पादन हुन नसक्ने र आवश्यक वस्तुहरु आपूर्ति गर्न नसकिने भएको कारणले *सूतूलूङ पूजा* गर्नु नै असम्भव हुने अवस्था आउन सक्छ । त्यसकारसण *सूतूलूङ पूजा* र भौगोलिक वातावरण र पर्यावरण बीचमा बाह्य वा आन्तरिक रुपमा सकरात्मक रुपमा प्रभाव पारी राखेकै हुन्छ ।

### ४.५.४ सूतूलूङ दोप्माक (चूलो पूजाको समाप्ती)

किरात साम्पा राई समुदायले अनादिकालबाटै पुँजी ल्याएको सूतूलूङ दोप्मा पूजाको समापन बारेमा आफ्नै खालको विधिविधान र प्रक्रिया पुऱ्याई गर्ने गर्दछन् । समापन कार्य गर्दा हरेक पूजाहरुको विशेषताहरुका आधारमा, पूजा गनुको आवश्यकता के के परो त ? निराकरण कसरर गर्ने ? पूजा गर्नुको उद्देश्य के के हो ? महत्व के के हुन गयो आदि सम्पुर्ण क्रियाकलापहरुलाई मध्यनजर राख्दै, *सूतूलूङ पूजा* प्रति समर्पित, हुने पूजाहरु र सूतूलूङलाई सम्बोधन गरी गरिने अन्य पूजाहरुको विधिविधानहरुलाई सदूपयोग गर्दै पूजाका सुरुदेखि अन्तयसम्मको परिणामहरुका बारेमा पूजा पूजा गरिएको जोखन । संकेत, चिन्ह, कुन खालको दुःख पीडा कष्ट विमार, व्यथा सञ्चो हुने नहुने रोगहरु छुट्ने कि नछुट्ने सुख शान्ति दुःख अशान्ति भरी मराउ दिन, दशा, आदिका बारेमा जानकारी लिन बिजुवा, सेलीमा, नागिरे, कुविमीहरु वा निमन्त्रित भै उपस्थित भएका नर नाता, छिमेकी बुढापाकाहरु दाजुभाई छोरी चेली र कुविमी, नाक्छुङ माङपासँग उपस्थित सहयोगी ढोलेहरु र कोंकोदकेहरु, मासुमीहरु आदि सबैका सामु *सूतूलूङ पूजा,* सूतूलूङसँग सम्बन्धित पूजाहरु समष्टिगत पूजाहरु प्रतिको परिणाम के के भयो त ? आदिका बारेमा आपसी सोधासोध गरी भविष्यवाणीका रुपमा सञ्चो सुविस्ता, सुख, शान्ति, अशान्ति आदिका देश प्रदेश शुभदिनका बारेमा सार्वजनिक

रुपमा जानकारी लिने र दिने कार्यक्रम गर्दछन् । पूजाको विशेषता अनुसार पूजा स्थापना गर्ने र पूजा गरिसकेपछि पूजा स्थान थपना उठाईन्छ । अन्तमा सबैको अगाडि होमे पुजारी, कुविमी, सेलेमी मुक्तुमीको द्वारा पूजा गर्ने कार्य सम्पन्न भएको सार्वजनिक गराउने र उसलाई उसको सहयोगी ढोले, कोंकोपके, वा मासुमीहरु लगायतलाई रीत, विधि अनुसार जाँड रक्सी भेटी पैसा फेटा सहित लगाई शीर उठाई दिई, होमे पुजारी घरमुली, परिवार निमन्त्रित पर पाहुनाहरका समेत दिल खुशी पारी सूतूलूङ दोप्मा पूजा अवदेखि समाप्त भया है भनी सबैका अगाडि सार्वजनिक गर्ने परमपरा किरात साम्पाङ राई समुदायमा आदिकालबाट आजसम्म चलिरहेको छ ।

# अध्याय - पाँच

# उपसंहार

## ५.१ सूतूलूङ दोप्याक अध्ययनको सारांश

नेपाल देश भू-धरातलले सानो भएता पनि यस भूमिमा अज्ञात कालदेखि हालसम्म पनि अनगिन्ति, जात जातिहरु अथवा जनजातिहरु र आदिवासीहरु र गैर जनजाती र आदिवासीहरुका आपसी मेल मिलाप र आत्मसाथको सम्योगबाटै नेपाली समाज र नेपाल देश निर्माण भएको सत्य र तथ्य भएको कुरो विश्व समुदाय र विश्व राष्ट्रहरुले स्वीकारेको मुलुक नेपाल हो । यही नेपाल र नेपाली समाज भित्रका विविध विशेषताहरुले ओतप्रोत भएका मानव जातिहरु मध्ये किरात राई जाति पनि एक प्राचीन जातिका रुपमा पहिचान दिइसकेका छन् । नेपाल भूमिमात्र नभै एशिया महादेशकै प्राचीन जातिका रुपमा चिनिन्छन् । जुन जातिहरुका आफ्नै पनको मौलिक विशेषताहरुका मानवीय व्यवहार, चरित्र, आचरण, भावना, आदर्श, स्वभाव, साथै धार्मिक संस्कार सांस्कृतिक विविधताहरुले भरिपूर्ण भै, आदिमकालदेखि हालसम्मको जीवनयापन चलाइ राखेकै छन् । हाल वि.सं. २०६८ सालको जनगणनाको प्रतिवेदन अनुसार नेपालमा १२६ थरीका जात जातिहरु भैसकेका छन् भने ५९ ओटा जनजाति तथा आदिवासीमा सुचिकृत भइसकेका छन् राज्यको तर्फबाट (स्टाटिक्स, सन् २०११, पृ. ४२) ।

तिनै ५९ जनजाति तथा आदिवासीहरु मध्ये किरात राई जाति पनि एक प्राचीन जाति हुन् । यो किरात राई जाति भित्र पनि भाषागत रुपमा संस्कार र संस्कृतिका रुपमा २९/३० थरीका किरात राई भाषीहरुबाट बोलीचाली भइसकेका र एक भाषिका राईहरुले अर्का भाषी राईहरुले बुझ्न नसके कुरोलाई भाषा शास्त्री वा भाषाविद्हरुले स्वीकारी सकेका छन् । यी २९ भाषी किरात राई जातिहरु मध्ये किरात साम्पाङ राई पनि एक फरक भाषी, संस्कार र संस्कृति बोकी पहिचान दिइसकेका छन् । किरात

साम्पाङ राई समुदायका अमूल्य भाषा, धर्म, मूद्दुम संस्कार, संस्कृतिहरुका भण्डार "सूतूलूङ दोप्माक पूजाले कोशे ढुँगाको आधारस्तम्भको रुपमा उभिएको छ दोप्माक पूजा संस्कार नेपाल राष्ट्रको लागि अमूल्य निधिहरु हुन् । यी निधिहरुको अध्ययन र अनुसन्धान गरेर संरक्षण र सम्बर्धन गर्नु नेपाल राष्ट्रको एक प्रमुख कर्तव्य र दायित्व पनि हो । तर कतिपय नेपाली शब्दकोषमा सूतूलूङ शब्द नै नअटाएको पाइयो ।

हाल वर्तमान अवस्थामा किरात साम्पाङ राईहरुका करीब ५०,००० सम्म जनसंख्या भइसकेका दावी गर्दछन्, किरात साम्पाङ राई जुम्लेखा नेपाल । किरात साम्पाङ राई समुदायका प्रमुख वस्ती थलोहरु खोटाङ्ग जिल्लाको वासपाती, पाथेका फेदी र खार्ताम्छा गा.वि.स. मानिन्छ । जुन गा.वि.स.हरुलाई उत्पत्ति थलोको रुपमा मानिन्छ । त्यसपछि खोटाङ्कै अन्य गा.वि.स. लगायत भोजपुर सोलु, उदयपुर, वखलढुंगा, संखुवासभा, ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, झापा, मोरङ, सुनसरी र उपत्यका भित्र र अन्य देश विदेशमा समेत बसोबास गर्न पुगेका छन् । किरात साम्पाङ राई जुम्लेखा नेपाल अनुसार ।

नेपालका प्राचीन किरात राई जातिमध्ये किरात साम्पाङ थरीका राई जातिहरुका संस्कार र साँस्कृतिहरु मृतक मातृ र पितृहरुको नाममा र प्रकृतिका सम्पूर्ण अवयवहरुसँग गहिरो र घनिष्ट सम्बन्ध रहिरहन्छ भन्ने पूर्ण मूल्य मान्यता, आस्था र विश्वास राख्दै आएका छन् । यसैगरी किरात साम्पाङ राई समुदायका अनेकौं पैतृक मातृक कुलदेवताहरु र प्राकृतिक क्षेत्रहरुप्रति शिरोधार्य राखी पुज्ने पूजाहरु मध्ये *सूतूलूङ पूजा* अति नै महत्वपूर्ण पूजा मान्दछन् । जुन *सूतूलूङ पूजा* र प्राकृतिक वस्तुहरुका पूजाहरुसँग एक आपसमा आन्तरिक र बाह्यरुपमा आश्रित रहेका हुन्छन् । प्राकृतिक पूजा, अवयवहरुका वनजंगलका रुखहरु, औषधि, जटीबुटिका, बोटबिरुवाहरु, अन्नपानी, गेडागुडी, कोषाहरु, फलफूलका, बोट, बिरुवा, पाउला, भुजुरा, मुन्टा, हावापानी, खोला, नाला, पहाड, पर्वत, जल, जमीन, पशुपंक्षीहरु, जिवजनावरहरु, चराचुरुङीहरु लगायतमा आश्रित भएर *सूतूलूङ पूजा* गर्दछन् । साम्पाङ पूर्वज पितृहरु र कुल पूजाको नाममा । किरात साम्पाङ राई समाजमा, अनादि कालबाटै हरेक उधौली र

उभौली ऋतुहरु अनुसार विविध प्राकृतिक नयाँ अन्न बालीहरु पाकेको बेलामा आफ्ना मृतक मातृ पितृहरुका आत्मालाई सूतूलूङमा नचढाई खान हुन्न भन्ने आत्मिय विश्वास रहेको छ । जब पाकेको अन्नबाली सबभन्दा पहिले पाक्ने धान, धैँया बेगेनी चाँ, कोदो पाङ्गँदूर अदूवा लगायत अन्य फलफूल बोटबिरुवाका मुना मुजुरा तार्मा, सबै खाद्य वस्तुहरुका केही अंश चोखो भाग तर्पणपानी, पिण्डपानी वा मर्नेको भाग (सूँवाचाका) चढाएर मात्र आफू र दर सन्तानहरुले खाने बाटो खुल्ने आत्मिय विश्वास राख्ने परम्परा रहेको छ । यसरी किरात साम्पाङ राई समुदायमा सम्पूर्ण जे जति प्रकारका पूजा आराधना घरभित्र र घर बाहिर गर्ने गर्दछन् । पूजा गर्नुभन्दा अगाडि उनीहरुका कुलपितृका केन्द्रीय वासस्थान सूतूलूङलाई सम्बोधन गरी आज्ञा आदेश मागेर मात्र अन्य सम्पूर्ण कुल पितृ कुल देवता र प्राकृतिक पूजाहरु गर्ने बाटो खुल्ने मूल्य मान्यता आस्था र विश्वास राख्दछन् । यसमध्ये सूतूलूङलाई सम्बोधन गरी सूतूलूङलाई अर्पण गरी सूतूलूङलाई भोग बलि दिने गर्दछन् । अर्को कुरो सूतूलूङलाई सम्बोधन गरी आज्ञा आदेश मागेर अन्य विशेषताहरु भएका कुल पूजाहरु गर्ने गर्दछन् । यदि त्यसो नगरी उक्त गरिएको पूजा कार्य सिद्धि नभै बिटुलो र अपवित्र हुने विश्वास राख्दछन् होमे पुजारी कविमीहरुको अनुसार । तेस्रोमा कतिपय पूजा आराधनाहरु सूतूलूङसँग सम्बोधन नगरी गर्ने प्रचलन पनि रहेको छ । यी समुदायमा सूँङसाको रुपमा जस्तै प्राकृतिक पूजाहरु सार्वजानिक पूजाहरु धार्मिक मठ, मन्दिर, चैत, गुम्वा, चर्च, मष्जिद, आदिमा पूजा आराधना गर्न जाँदा किरातहरु सूतूलूङसँग सम्बोधनको सरोकार राख्ने प्रचलन छैन । किनभने किरात साम्पाङ राई समुदायका प्रमुख पूजा आराधना सूतूलूङ दोप्मा हो भने, दोस्रोमा प्राकृतिक पूजक हुन् भन्ने प्रमाणित गरि सकिएको छ । प्राकृतिक स्रोतका उत्पादित खाद्यवस्तुहरु उपभोग गरेर अनादिकालदेखि अहिलेसम्म पुस्तौ पुस्तान्तरित जिउने गुण र प्रवृत्तिका जैविक कारणहरुले गर्दा *सूतूलूङ पूजा*ले किरात साम्पाङ राई समुदायका जन्मपूर्व देखि जन्म न्वारान, पास्नी, छेवार, गुन्यूचोला, विवाह, जिवन निर्वाह, मृत्यु पर्यन्त, मुत्युको गुण र दोषको आधारमा, कोचैं माच्छेममा वास लिने, को चैं सूतूलूङमा वास लिने र को चै भाच्छेममा, सूतूलूङमा वास नपाई घरको मूल ढोका र जस्केली ढोका बाहिर भूतप्रेत, सिए, वायुका रुपमा पुरुष हिल्लारी, महिला ममसीका रुपमा नराम्रो र हेय मृत्युको रुपमा वर्गीकरण गरी छुट्याउने घरदेखि बाहिर राखी

मृतक आत्माहरुलाई बाटो दिने परम्परा पनि सूतूलूङबाटै गरिने हुनाले *सूतूलूङ पूजा*को महत्व मूल्य मान्यता आस्था विश्वास र औचित्यपूर्ण भएको देखिन्छ । साम्पाङ समुदायका जानिफकारहरु/ *सूतूलूङ पूजा* जातीयगत, पूजा भएकोले यस पूजामा सहभागिता सन्दर्भमा किरात राई भित्रकै अन्य थरहरु छरछिमेक नर नाताहरुका सहभागिता हुने गर्दछन् । तर किरात इतर सुङसा जातिहरु समावेश सहभागिता हुने प्रचलन छैन । यस *सूतूलूङ पूजा*मा आफ्ना दाजुभाइ बाहेक अन्य थरका राईहरु वा कुटुम्बेरी राईहरुलाई समेत, घरको मूल खाँवोदेखि अगाडि जान नपाउने प्रचलन रहेको थियो । तर आज छैन । यस *सूतूलूङ पूजा* गर्नुको वास्तविक अर्थ, आफ्ना मृतक पूर्वजहरुका नाममा मातृ र पितृ पूजा कुल देवताहरुका नाममा पूजा गरी बल, शक्ति आशिर्वाद मागी आफ्नै वर्तमान र भविष्यका शाखा सन्तानहरु र दर सन्तानहरुलाई सुखशान्तिका साथ फैलिँदै जिवन्त दिँदै पुर्खाहरुका ज्ञानगुणका अमूल्य नीधिहरु पुस्तान्तरण हुँदै आयो, छदैछ र भविष्यमा पनि हुँदै जाओस् र जसले सूतूलूङ स्थापना गरी *सूतूलूङ पूजा* गर्दछ, ऊ किरात साम्पाङ राईको पहिचान दिन सक्छ तर जो सूतूलूङ प्रति मूल्य मान्यता राख्दैन, आस्था र विश्वास गर्दैन भने ऊ किरात पहिचान हुन सक्दैन । किरात राई, साम्पाङ आवश्यक ठाउँमा लेख्ला, तर ऊ केवल, आवाज विनाको बोली, चेतना विनाको मानिस, ईशाराविनाको अभिनय पनि हुन सक्छ । त्यसकारण यही सूतूलूङ दोप्मा पूजाले नै हालसम्म किरात, राई, साम्पाङ समुदायको वास्तविक विशेषताहरु, पहिचान, चिनारी र अस्तित्वको मूल आधारसिला स्तम्भको रुपमा उभिराखेको पाउँछौ, यस मानव संसारको अगाडि ।

## ५.२ सूतूलूङ दोप्याक अध्ययनको निष्कर्ष

यस धरतीमा जल, स्थल, आकाशीय आधारमा जे जति प्रकारका वनस्पतिहरु, किटपटङ्गहरु जीव जीवादी, पशुपंछीहरु र मानवीय प्राणीहरु उत्पन्न भए, जन्मिए, टुसाए अंकुरित भए सम्पूर्ण कारकतत्व चै प्राकृति नै हो भनेर किरात पूर्वजहरुका मिथकीय किम्वदन्तीहरुलाई आधारित मानी सुनि राखिएको छ । यिनै सुनाइलाई नै किरात साम्पाङ राईहरुले पनि स्वीकारेका छन् । किरात साम्पाङ राई समुदायको

पूर्वजहरु सर्वप्रथम, पारुहाङ्ग आकाशको स्वरुप र सुम्निमा धरतीको स्वरुप,स्वीकारी धरती नभए के मा अडिने वस्ने र अकाश नभए कसरी टाउको उठाइ उभिने त ! यिनै आकाश र पृथ्वी । अनि सुम्निमा र पारुहाङको समग्र सम्पर्कको हुनुपर्ने तत्वहरुबाटै मानवको सृष्टि भएको हुनुपर्छ । यिनै कारणले आकाशको पारुहाण्ङ्ग, धरतीको हरेक तत्वहरुलाई हेय दृष्टिले अवहेलना गर्नु हुँदैन भनाइ रहेको छ । यदि गरेमा आफै यस धरतीमा नरहने जनविश्वासको निष्कर्ष रहेको उखान वा टुक्का गर्ने गर्दछन् ।

१. यसकारण किरात साम्पाङ राई समाजका पूर्वजकालदेखि पूर्वजहरुले पुज्दै आएका सूतूलूङ दोप्मा अति नै महत्वपूर्ण र उपयोगपूर्ण पूजाका रुपमा मान्दै आएका छन् । यो सूतूलूङ दोप्मा कहिले देखि सुरु भयो ? कुन ठाउँबाट सुरु भयो र कोद्वारा सुरु गरियो, आदि किटानको बारेमा खासै सत्य तथ्य आधार भेटिन्न । तर कार्य शैली, उधौर्ला उभौलीको क्रियाकलाप आदिलाई मध्यनजर राखी शिकारी युगको उत्तरार्ध र कृषि युगको पूर्वार्धदेखि शुरु भएको तर्कहरु बताउँछन् कुविनी सेलेमी, नंगिरे माङपाहरुबाट । किनभने कृषिबाटै उत्पादित अन्नबालीका केही चोखो अंशहरु पितृहरुलाई अर्पण गरिएको आधारले । किरात राईहरुका पूर्वजहरुका उत्पत्तिकालमा फिरन्ते र डुलन्ते, कन्दमूलहरु खोजन्ते नै थिए होलान् । कालान्तरमा आएर उनीहरु बीचमा समूहमा बस्न थाले होलान् । समूहमा रहँदा बस्दा आफ्नो र विरानो चिन्न थाले । यसरी आफू नजिककाहरुबाटै मिलेर परिवारको सृजना गरे र अन्तका समाजको निर्माण भयो । समाजको निर्माणबाटै खेतीपाती र पशुपालनको प्रारम्भ बाटै युग सुहाउँदो उपयुक्त समाजको निर्माण गरे र अन्तमा आफ्ना मृतात्मा माता पिता पूर्खा र प्रकृतिका अवयवहरुको महत्व बुझी आफूहरुलाई आफू हुनुमा, बाच्नुमा, चेतनशिल हुनुमा पूर्खाहरु र प्रकृतिकै ठूलो भूमिका बुझेर पूर्खा र प्रकृति बीचमा घनिष्ट सम्बन्ध रहेको बुझि श्रद्धा र भक्ति हुन थाल्यो होला । जन्मनु, हुर्कनु, फैलिनु, बाँच्नु आदिमा, पूर्खा र प्रकृतिको योगदान रहेकोले आफूले उत्पादन गरेका खाद्य वस्तुहरुका केही अंशहरु पितृहरुका र प्रकृतिका

नाममा चडाएर सम्मान गर्दै आफूहरुले उपयोग गर्ने बानीबाटै क्रमशः *सूतूलूङ पूजा*को उत्पत्ति हुन पुगेको हो भन्ने आशय प्रकट गर्दछन् किरात जनसमुदायका कुविनीहरु र बूढापाका मुक्तुमीहरुले ।

२. किरात साम्पाङ राई समुदायहरु, *सूतूलूङ पूजा* नै, उभौली र उधौली यामअनुसार, अन्नबालीका बिऊ बिजन छर्ने र रोप्ने बेलामा र पाकेपछि चोखो अंश भागरु चढाउने खाने अनि उधौलीको समयमा सम्पूर्ण लगाएको बालीनालीका फलहरु थन्काई सकेपछि फेरि पितृहरुका नाममा सूतूलूङमा पूजा गर्ने गर्दछन् । उक्त समयमा प्राकृतिक अवयवहरु हावापानी, आकाश, धरती, सिमेभूमे, नागनागेनी, रुखबिरुवा, पशुपंक्षीहरु साथै मातृ पितृ पूर्खाहरुको स्मरण समेत पूजा *सूतूलूङ पूजा*ले नै प्रतिनिधित्व गरेको हुन्छ । मानव जन्मनु र बाँच्नको लागि, पंकृतिका अवयव र पूर्खाहरुको नै महत्वपूर्ण भूमिका रहने भएकोले नै हरेक वर्ष नयाँ अन्नबाली पाकेपछि पूर्खा र प्रकृतिको नाम लिई सूतूलूङमा चढाई पूजा गरी खानु किरात साम्पाङ राई दर सन्तानहरु प्रमुख कर्तवय ठान्दछन् ।

३. यो *सूतूलूङ पूजा* किरात साम्पाङ राईहरुका प्रत्येक घरहरुमा सूतूलूङ स्थापना गरिसकेपछि घरलौरीका रुपमा गर्ने परम्परा रहेको छ । सूतूलूङमा विविध प्रकारको देव देवताहरु विशेषता अनुसार नै पूजा विधिहरु, सामग्रीहरु जुटाई उही अनुसार दाजुभाईहरु तर नातालाई निम्तो दिई सहभागिता जनाउने गर्दछन् ।

४. यो *सूतूलूङ पूजा* हरेक वर्षमा गरिन्छ र पूजा स्थान स्थायी रुपमा सूतूलूङलाई नै मानिन्छ । यसको तिनओटा तिनतिर ठीक ठीक दुरिमा राखी गाडिन्छ । क्रमशः पापालूङ, मामालुङ र छेकमालुङ र मिचेलुङ, तारालुङ अनि + मीयालुङका संयुक्त संगनलाई सूतूलूङ मण्डल भनिन्छ । अरुको जस्तो मठ मन्दिर, चैत गुम्बा चर्च मष्जिद, गोठ, अस्थायी वा स्थायी मन्दिर मूर्ति हुँदैन ।

५. *सूतूलूङ पूजा* होमे कुविनी भुक्तुमी जानिफकार बुढापाकाहरुद्वारा गरिन्छ । सामान्य पूजाहरुमा तर विशेष पूजाहरु गर्नु परेमा हुँदैन । यो *सूतूलूङ पूजा* सुरुदेखि अन्तसम्मै जाड, रक्सी, कोदो, मर्चा, अदूवा, सोलेवा, चिण्डो अनिवार्य नै चाहिन्छ । पूजाको आवश्यकता अनुसार जहिले पनि गरिन्छ ।

६ किरात साम्पाङ राई समुदायमा सूतूलूङ दोप्मा पूजामा आफ्नो मृतक पूर्वजहरुलाई मातृ र पितृ कुल देवताहरुका रुपमा, नयाँ फलेका, पाकेका अन्नबाली फलफूल, बोटबिरुवा, पशुपंक्षीहरुद्वारा पूजा सामग्रीहरु जुटाउने र उक्त वस्तुहरु आफू रहेबसेका भौगोलिक भूखण्डहरुबाटै उम्रि फलि, पाकी, उपलब्ध हुने भएकाले धरती पूजा वा साखेवा पूजा जसमा सिमेभूमे र नागनागेनीहरु समाहित हुन्छन् तिनैक गुण, फाईदालाई सम्झी संयुक्त रुपमा गरिन्छ । एकातिर आफ्ना घरभित्रका *सूतूलूङ पूजा* गर्छ भने अर्कोतिर घर बाहिर साखेवा पूजा वा धरती पूजा पनि गरेकै हुन्छन् । *सूतूलूङ पूजा* किरात राई जातिहरुमात्रै वर्चश्व रहेको पाइन्छ । तर किरात राई जातिहरु बाहेक अन्य जातिहरुमा कदापी गरेको पाइन्न । *सूतूलूङ पूजा* किरात साम्पाङ राई जातिहरुको एक लोकप्रिय र आत्मा प्राणसँग गाँसिएको पूजा हो । भनाई नै रहेको छ कि दश थरीका राईहरु एउटै सूतूलूङमा मिलन
सय थरीका राईहरु एउटै सूतूलूङमा अटाउने
हजार थरीका राईहरु एउटै सूतूलूङको घेराबन्दीमा बाँचिरहने सूतूलूङ दोप्माक प्रमुख विशेषता हो ।

# सन्दर्भग्रन्थ सूची


क्षेत्री, गणेश र रायमाझी, रामचन्द्र (२०६०), *नेपालको इतिहास,* काठमाडौं : एशियन पब्लिकेशन ।

चालिसे, पुष्पराज (वि.सं. २०५८), *नेपालको इतिहास र सभ्यता (प्राचीनकाल र मध्यकाल),* काठमाडौं : रत्नपुस्तक भण्डार ।

नेशनल प्लानिङ्ग कमिशन (वि.सं. २०१५), *स्टाटिस्टिकल बुक्स* ।

प्रधान, केदारनाथ (वि.सं. २०५४), *नविन दृष्टिमा नेपालको प्राचीन इतिहास,* काठमाडौं : श्रीमती हरिवधन प्रधान ।

बराल, बासु (वि.सं. २०४४), *हिन्दु सामाजिक संगठनको प्रारुप,* ललितपुर : साझा प्रकाशन ।

भण्डारी, ढुण्डीराज (वि.सं. २००८), *नेपालको ऐतिहासिक विवेचना,* वाराणसी : ज्ञान कृष्ण सागर ।

मुकारुङ, बुलु (वि.सं. २०६६), *हाम्रो जाति हाम्रो थर,* ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

मुनकर्मी, लीललाभक्त (२०४१), *नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन,* भक्तपुरः सतिसचन्द्र ।

राई, किरात साम्पाङ (वि.सं. २०६७), *मूद्दूम,* ललितपुरः किरात साम्पाङ राई ।

राई, खगेन्द्र बहादुर साम्पाङ (वि.सं २०६९), *आदिवासी किरात राईहरु संक्षिप्त चिनारी,* खोटाङ्गः कल्पना ।

राई, खगेन्द्र बहादुर साम्पाङ (वि.सं. २०७०), *किरात साम्पाङ राई चिनारी (वंशावली) पुस्तक,* खोटाङ्ग : कल्पना राई ।

राई, खड्ग विक्रम चाम्लिङ (वि.सं. २०५३), *सुम्निमा (किराती लोक कथा),* ललितपुर : किरात समाज ।

राई, गडुलमान (वि.सं २०६३), *किरात संस्कार,* काठमाडौं : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

राई, जय सिवहाङ (वि.सं. २०६८), *किरात मूद्‌दूमी भित्रको विज्ञान,* भोजपुर : कृष्ण कुमारी राई ।

राई, प्रेम परदेशी (वि.सं. २०६४), *किराँत दुमी वंशावली,* झापाः किरात दुमी राईचु परिवार ।

राई, बालकृष्ण मुकारुङ्ग (वि.सं. २०६७), *किरात राई जातिको रितिरिवाज,* काठमाडौं : श्रीमती प्रेम कुमारी मुकारुङ्ग राई ।

लिम्बु, भीम विक्रम (२०५१), *किरात याक्वुङ्ग सामाजिक पुस्तक,* सिलगुढीः प्रेमसिङ्ग सेन लिमबु, भुनव सिङ सेन लिम्बु, तिलक सिङ सेन लिम्बु, मौखा सिङ सेन लिम्बु, जनक सिङ सेन लिम्बु, रविन्द्र सेन लिम्बु ।

सास्कृत्यायन, कमला (सन् १९८१), *किरात जातिको इतिहास,* दार्जिलिङ : वाङ्मय प्रकाशन ।

सिंह, जे.पी. (सन् १९९०), *प्राचीन भारतका किरातहरु,* सिक्किम : निर्माण प्रकाशन ।

सिवाकोटी, गोपाल प्रसाद (वि.सं. २०६५), *नेपालको राजनीतिक विचारधाराः प्राचीन र मध्यकाल,* काठमाडौं : पैरवी प्रकाशन ।

सुवेदी, ओमप्रसाद (वि.सं. २०६५), *लैकू पश्चिमका लोक संस्कृति तथा किरात सभ्यता,* खोटाङ्ग : परिजन सुवेदी ।

शर्मा, जनकलाल (वि.सं. २०३९), *हाम्रो समाज एक अध्ययन,* ललितपुर : साझा प्रकाशन ।

हतुवाली, चन्द्र कुमार (वि.सं. २०६५), *किरात राई जातिभित्रका केही विशेष सांस्कृतिक,* काठमाडौं : बान्तावा अनुसन्धान प्रतिष्ठान ।

George, A. G. (1967). *Linguistic survey of India.* Vol. 3, Part 1, Delhi: Motilal Banarasidas.

## परिशिष्ट क

## अन्तर्वार्ताका लागि छनोट भएका व्यक्तिहरुलाई सोधिएका प्रश्नहरु

सूचनादाता :

मिति :

स्थान :

परिवेश :

१. तपाईको विचारमा किरात राई जातिहरुले आआफ्नो घरभित्रका सूतूलूङमा पूजा गर्ने परम्परालाई कस्तो लाग्छ ?

२. यो परम्परा कुन युगहरुबाट सुरु गरियो हाला ?

३. तीनओटा ढुँगाहरुलाई मिल्ने गरी गाडिएको चुलोलाई सूतूलूङको नामकरण गर्ने सृष्टिकर्ताको होलान् ? यो कुन ठाउँबाट सुरु गरियो होला ?

४. सूतूलूङको खासगरी खाना पकाउन की पितृ र मातृहरुका नाममा पूजा गर्न स्थापना गरिएको हो ?

५. यो परम्परा किरात जातिमा मात्रै वर्चस्व छकि अन्य जातिमा पनि छ ?

६. सूतूलूङ स्थापना गर्दा तीन ढुगाहरु बाहेक अन्य, माटो, काठ, धातुबाट बनेका चुलामा पूजा गर्न मिल्छ श्र

७. *सूतूलूङ पूजा* कार्य सम्पादन गर्दा, के के आवश्यकीय खालको पद्धति वा विधि विधानहरु अपनाउनु पर्दछ ?

८. सूतूलूङमा पूजा गर्दा आवश्यक सामग्रीहरु के के जुटाउनु पर्दछ ?

९. *सूतूलूङ पूजा*लाई को को द्वारा कार्य सम्पन्न गर्ने परम्परा रहेको छ ?

१०. *सूतूलूङ पूजा* गर्ने पुजारीको भेषभूषा के कस्तो खालको हुन्छ ?

११. *सूतूलूङ पूजा* गर्नुको वास्तविक रहस्यको कारणहरु के को प्रतीक वा संकेतहरुका आस्था र विश्वास राखेका हुन्छन् ?

१२. *सूतूलूङ पूजा*सँग किरात र्रा जातिसँग जन्म, विवाह, जीवन, निर्वाह कर्मकाण्ड र मृत्यु संस्कार सँग, सम्बन्ध कतिको राख्छ ?

१३. सूतूलूङसँग, अन्य किरात धार्मिक, संस्कार साँस्कृकि पक्षहरुको पूजाहरु गर्दा, बाह्य र आन्तरिक सम्बन्ध कतिको राख्छ ? के-के पूजामा ?

१४. दश थरीका किरातहरु एउटै चुलग्मा मिलन भन्नुको वास्तविक अर्थको आश के हो ?

१५. सूतूलूङमा कुन-कुन समयमा, पूजा आराधना गर्नु अनिवार्य ठानिन्छ ?

१६. एक थरीका राईहरुका सूतूलूङलाई अन्य थरीका राईहरुले धुन मिल्दछी, मिल्दैन ?

१७. सूतूलूङ के आ-आफ्ना मृतक पूर्वजहरुका आत्माहरुलाई स्मरण गरी वासस्थान गर्ने, पविध चौतारोको प्रतिकको रुपमा हो त ।

१८. किरात र्रा जातिहरुले सूतूलूङमा पूजा गर्ने परमपरा के रुढीवादी अन्धविशस, असभ्य, अनूभ्m, सामाजिक कुरिती वा कुसंस्कार नै हो त ?

१९. के सूतूलूङ चै गर्न हुने र गर्न नहुने सत् असत् कर्म छु च्याउने, एउटा धर्म भाक्ने साछी बस्ने, कसम खाने सट बोल्ने प्रतिक स्थान हो त ।

२०. के किरात पूर्वजहरुले सूतूलूङ स्थापना गरी पूजा गर्नुका अर्थ आफ्नो आत्मालाई अग्निकुण्ड । यज्ञकुण्ड प्रति अठोटका साथ, समर्पित भै अर्पण गनु हो त ?

२१. के *सूतूलूङ पूजा*ले नै सम्पूर्ण/किरात राईहरुलाई चिताउने, पछि चान दिने, अस्तित्व जोगाउने, मूल आधार स्तम्भ हो त । यदि सूतूलूङलाई उखेली फ्याकेमा किरात संस्कार नै समाप्त भएर जाला त ?

२२. किरात इतर जातिका छोरीचेलीलाई बुहारी खाई, किरात मूद्‌दूम विधि अनुसार सूतूलूङमा चढाउन मिल्छ ? कि मिल्दैन

२३. किरात राईका छोरी चेलीहरु गैर किरातको केटाहरुसँग विवाह गरी गएमा, सूतूलूङलाई साक्षी राखी किरात मूद्‌दूम अनुसार सूतूलूङबाट निकाल्न मिल्छ ?

२४. किरातहरुको *सूतूलूङ पूजा*सँग, अन्य धार्मिक मठ मन्दिर चैत गुम्बा, मष्जिद, चर्च, मूर्तिपूजासँग जोड्न मिल्छ ? कि मिल्दैन ?

२५. के अन्तर जातीय विवाहको लागि, *सूतूलूङ पूजा* नै प्रमुख, वाधक बनेकोले, अन्य धर्ममा आश्रित हुने वा आफ्नो थात थलो छाडी वसाई सराई गर्नु परेको हौ त ।

२६. हाल कतिपय किरात राईहरु आफ्ना सूतूलूङहरु उखेल्दै अन्य धर्महरुमा आश्रित हुन थालेका छन् । यसको कारणहरु के के हुन् सक्छन् ?

२७. सूतूलूङलाई गैर किरात जातिहरुले छुनमा छेक थुन गर्नु हुन्छ ? कि हुँदैन ?

२८. के कस्तो खालको विधिविधान र पद्धतिहरु अपनाएमा यस सूतूलूङ दोप्मा परम्पराले हिजो चआियो, आज छँदैछ र भोली पर्सिका भविष्यका कालान्तरसम्म जीवन्त पाइरहला ?

## परिशिष्ट ख

## अन्तर्वार्ताका लागि छनोट भएका व्यक्तिहरुको विवरण

अन्तर्वार्ताकर्ता :

मितिः

स्थान :

समय :

परिवेश

| क.सं. | नाम | वर्ष | विशेषज्ञ | ठेगाना |
|---|---|---|---|---|
| १ | दल बहादुर राई | ८१ | कुविमी / तयामी | खोटाङ्ग वासपानी गाविस ५ हाल गोंगबुं काठमाडौं |
| २ | भरम ब. राई | ७३ | कुविमी / धामी | संखुवासभा दिदिङ गाविस केहिदिन हात्तिगौडा काठमाडौं |
| ३ | दुर्गा प्रसाद राई | ६७ | कुविनी | खोटाङ्ग वासपानी, केहि दिन भेटघाट एकान्तकुना काठमाडौं |
| ४ | दुर्गा ब. राई | ७४ | नागिरे कुविमी | भोजपुर साम्पाङ गाविस. १ सत्तल |
| ५ | बारध्वज राई | ६७ | तायमी मुक्तुमी | भोजपुर साम्पाङ गाविस. साम्पाङ ९ |
| ६ | पदम राई | ६४ | मुक्तुमी | भोजपुर, षडानन्द नगरपालिका ४, साल्मा |
| ७ | चक्रप्रसाद राई | ७० | जानफकार, मुक्तुमी | भोजपुर नगरपालिका ५, देउराली |

| | | | | |
|---|---|---|---|---|
| ८ | जित किरात राई | ६३ | किरात संस्कृत प्रति खोज र चासो राख्ने | भोजपुर, भैंसीपंखा गाउँ ५ |
| ९ | कमलजंग राई | ५६ | मूद्दूम लेखक प्रोफेसर पेसा | भोजपुर अन्नपूर्ण गाविस १, अन्नपूर्ण गाउँ |
| १० | रामप्रसाद राई | ६७ | मूद्दूम प्रति जानिफकार मुक्तुमी | सुनसरी, तराहरा, इटहरी २४ |
| ११ | महेन्द्र जंग राई | ४२ | किरात सम्बन्धी चासो खोज राख्ने | सुनसरी, धरान, १७ |
| १२ | भलाकाजी राई | ४८ | अनुसन्धानको किरात सम्बन्धी | खोटाङ्ग पाथेका गाविस ३ केही दिन मोरङ, विराटनगर |
| १३ | कृपाधन राई | ६० | किरात मूद्दूमी खोज कर्ता, भाषा खोज | भोजपुर, साम्पाङ गाविस ९, साम्पाङ |
| १४ | ध्रुव दाम्रेवा राई | ४८ | शिक्षक सेवा तायामी | भोजपुर देउराली गाविस ६, आउँबाट |
| १५ | काजीबहादुर राई | ७० | मुक्तुमी, तम्सवु | भोजपुर, साम्पाङ गाविस १ सत्तल गाउँ |
| १६ | सेरबहादु राई | ८६ | तायामी | भोजपुर षडानन्द न.पा. ६, सेमेङ्ग |
| १७ | खमान सिं राई | ६५ | जानिफकार | भोजपुर षडानन्द न.पा. सेभेङ |
| १८ | नन्दमणी राई | ६० | जानिफकार किरात सम्बन्धी मुक्तुमी | भोजपुर, अन्नपूर्ण गाविस १ अन्नपूर्ण नागी |
| १९ | हर्कराज राई | ४८ | विशेषज्ञता शिक्षक पेसा जाफिरकार | भोजपुर, षडानन्द न.पा. ६, सेभेङ्ग गाउँ |

| | | | | |
|---|---|---|---|---|
| २० | मचिन्द्र बहादुर राई | ५९ | जानिफकार/मुक्तुमी | भोजपुर देउराली गाविस ६ आरुबोटे गाउँ |
| २१ | देवराज राई | ५६ | शिक्षक सेवा कार्यरत | भोजपुर देउराली गाविस ६ आरुबोटे गाउँ |
| २२ | नारदमणि हतेम्दाली | ५९ | किरात संस्कृति कर्मी | भोजपुर देउराली गाविस भिरगाउँ |
| २३ | गुरुप्रसाद राई | ६८ | मुक्तुमी, बुढापाका, भुक्तभोगी, जानिफकार | भोजपुर नेपाल डाँडा २ हाल ज्ञानेखोर काठमाडौं |
| २४ | डा. भक्त राई | ४४ | किरात लोक संस्कृति सम्बन्धी बढी शोध खोजकर्ता | भोजपुर, भोजपुर न.पा. ५, भैसीपंखा गाउँ |
| २५ | बखत बहादुर राई | ५९ | शिक्षक सेवा तथा किरात संस्कृतिविद | भोजपुर षडानन्द नगरपालिका खाताम्छा गाउँ |
| २६ | हर्क राज राई | ४५ | शिक्षक पेसा र किरात संस्कृतिप्रति बढी रुचिकार | भोजपुर, षडानन्द नगरपालिका ९, खार्ताम्छा |
| २७ | कुमार राई | ७१ | किरात सम्बन्धी गहिरो चासो राख्ने मुक्तुमी, जानिफकार | भोजपुर, बैकुण्ठ गाविस ३, बैकुण्ठ गाउँ |
| २८ | गोपाल राई | ५५ | किरात संस्कृतिप्रति खोज, शोधकर्ता | सोलुखुम्बु, नेचा गाविस |
| २९ | चन्द्र कुमार हतुवाली | ४८ | किरात साँस्कृतिका बारेमा लेखनकर्ता | भोजपुर, रानीवास गाविस ३ दितेनी गाउँ |
| ३० | प्रेम कुमार राई | ६३ | मुक्तुमी, जानिफकार | ६ सेमेङ्ग, षडानन्द नगरपालिका, भोजपुर |

## परिशिष्ट ग

## शोधमा प्रयोग गरिएका किरात साम्पाङ भाषाका शब्दावलीहरुको नेपाली भाषामा रुपान्तरित अर्थ

सूतूलूङ : तीनओटा ढुँगाहरु तीनतिर पारी बराबरी दुरीमा राखि गाडिएको चुला अगेना जसले आफू, म, तिमीहरु, वंशहरु, उनीहरु, कुल, कुटुम्बहरु, नातागोताका सम्पुर्ण पूर्खा परिवार प्रतिकको साझा घर

दप्लँ : अगेना

पापालूङ्ग : सूतूलूङको दक्षिण पश्चिमतिर च्यापेर उठाको ढुँगो जसले पिता, पूर्खा, पारुहाङ्ग प्रति सम्मान

मामालूङ : सूतूलूङको पूर्वबाट उत्तरतिर च्यापेर उठाको ढुँगो जसले माता, मुमा र सुम्निमा प्रति सम्मान

छेकमालूङ : पश्चिम उत्तरी कुनालाई च्यापी उठाएको ढँगो जसले नातागोता, धन सम्पत्ति, कुटुम्बप्रति सम्मान

मिचेलुङ : तीनओटा चुलो ढुँगाहरुका माझमा राखिउका चप्लेटी ढुँगा

तारालूङ : तीनओटा चुलोढुँगालाई चारैतिरबाट बार लगाएको चार चप्लेटी ढूँगाहरु

मीयालूङ : सूतूलूङको छेऊमा राखिएको दल्सिङ्ग ढँगा (जो आगोको माउँ मानिन्छ)

सप्सलूङ : सत्ययुगको / उत्पत्ति युगका ढुगाहरु

ओलुलुङ : ओल्लो डाडा, पल्लोडाँडाका ढुँगाहरु

थमलुङ : उठाइएको, ठड्याइएको ढुँगाहरु

सकुलूङ : जिजु बाजेप्रतिक ढुँगाहरु

दिपालूङ : बाबुभन्दा माथिका ढुँगाहरु

कुविलूङ : होमे पुजारी जानिफकार मुक्तुमी र तम्सबु प्रतिक ढुँगाहरु

चसुमलूङ : अन्नपानीको सह वा भण्डार प्रतिक ढुँगाहरु ।

छेवेलूङ : धनसम्पत्ति आयआर्जन लक्ष्मी, धन, धान्य प्रतिक

च्योरी साँ : सबै जीवजन्तु चराचुरुङीका कान खूर, खुट्टा पखेटा पोलेको चढाउने ( छिक्मासा)

पोखेमादम् : उसिनेको मास

आरावादम् : केराको पातमा राखिएको चामल

तुप्ला : केटाको पात टुप्पा नकाटेको

विछुखो : अदूवाको चाना दूनामा

सुविखो : दुनामा राखिएको केही चामल

सोलेवा : कोदोको जाडले भरिएको चिण्डो

लिङ्गमादी : जाँडले भरिएको चिण्डोको मुखमा लगाएको केराको पातको सोली धारा दिने खालको

सुङदिदि पारुँदि : जाँड रक्सीहरु

दँःवाङ : उभौली

दँःदाप : उधौली

दोप्मा : पूजा गर्नु, आवाहान गर्नु

सीबूना : तितेपानी

चारी : दूवो

बुङ्ग : फूल

माछ्याम् : मातृप्रधान पूर्खाहरु

विछ्याम् : पुरुष प्रधान पूर्खाहरु

सोलेवा : जाँडले भरिएको चिण्डो जसले किराँत पितृ (पुरुष) लिङ्ग प्रतीक वा ( आगो) को गुण संकेत

तुप्ला : केराको पातको टुप्पोको भाग जसले किरात मातृ (स्त्री) लिङ्ग प्रतीक वा (पानी) को गुण संकेत

न्वाँगी : नयाँ अन्नबाली पाकेपछि आफूले खानु भन्दा आडि आफ्ना मातृ वा पितृ पूर्वजहरु र सिमे भूमेलाई पूजा गरी चणएर मात्र आफूले खानको लागि गरिने दोप्माक पूजा

पित्रा : उधौलीको समय सम्पूर्ण अन्नबालीहरु धान, कोदो पाकी भकारी वा ढिकुटीमा भण्डार गरी सकेपछि खान पाउँ भनी धान, कोदो वा भकारी वा ढिकुटीमा गरिने दोप्मा

छुनिमाङ : धान भण्डारण गरिएको ढिकुटीमा गरिने दोप्मा

रीवामाङ्ग : कोदो भण्डारण गरिएको ढिकुटीमा गरिने दोप्मा

तासमाङ : अलग्गै धानको भकारी राखी छोरी चेलीलाई माइतीपट्टिका कुल देवताहरु पच्छ्याएर आउने आईती देवताहरुको नाममा गरिने दोप्मा

सिमेभूमे : पानीको मूल नागनागेनी अन्नहरुका विज विऊहरु, फलफूल कन्दमूलको स्रोत/बोटविरुवाहरु, ढुँगा र माटो भूमिको नाममा गरिने दोप्मा

बाचीपा/तिते : कुखुराको प्वाँख वा भुत्लाहरुलाई डडाएर कालो भागलाई माडेर पिठो र भातलाई मिसाई अचारको जस्तो सूप वा गिलो खानालाई वाचीपा भनिन्छ । जाँड र वाचीपा खानाले शरीरलाई चङ्गा स्फूर्ति बनाउँछ । वाचीपा र जाँड, रक्सी किरात समुदायको एक मौलिक खावाको रुपमा स्वीकार्न थालिएको छ ।

डोमे : महिला साथी

बूभी : पुरुष साथी

सँरीवापा : कुखुराको भाले

ओकाक सँरीवापा : वासको भाले

पहमा : पोथी कुखुरा

वाइपो : सेउली

बीछूरी बाछूरी : हातहतियार

सूँवाचा : मृत पितापूर्खाहरुको नाममा अर्पण गरिने खाना

चूम्मा : थनक्याउनु सामानहरु

समा : श्वास

वफ्र : ड्याङ्गो

सूलूम : चिहान

हींसावगूना : जोडी कलश

वखाँप : काशेथाल

हीसा मीकूछू : जोडी दियो

धाईलो : दही

खामावा : रक्सी

छलासी : कोदाली

खोक्वा : कोक्रो

यायालाई हुम्मेमापीमाक ते-हामभ : शिशुलाई लगाइदिने लुगा भोटो

पायालाई लँ हूलो, छीप्तँरीपी वईमापीमाक दफूलीमी रीव = शिशुको हात खुट्टा र कम्मरमा लगाइदिने धागोको डोरी

बूँ:ङाखामा : साम्पाङ महिलाको साम्मे

बु:ङाछापा : साम्पाङ पुरुषको साम्मे

तँरेमाछा : छोरी

तँरेपाछा : छोरा

छाब्कुरी : भावी वा सृष्टिकर्ता

दब्चीखँ : मन्त्र

सप्तेमूलूङ : गाउँघर

कुवी : धामी बिजुवा

छँ, काल्ली : चुरा, कल्ली

कँरँवूङ : मामली

लासाईवूङ : मामली

बूबूनूछ : दाजुभाई

छेवा : माइती

छ्याकुमा : छोरीचेली

रुमीपमी : नरनाता

कुमीची : साथीभाई

सूवीमवा : भाञ्जाभाञ्जी

चूमालुङ : सगरमाथा

चसूमी : अन्नवाला

बूलूमी : धनसम्पत्ति वाला

खँ : रिषले गरेका कुकार्यहरु बगाउने दिवा र माफूई बगाउने काम

चुरीमुमा : वर्तमान र भविष्यको बारेमा बताउने

साम्दू : शरण पर्नु

सेम : सपना

लेम : पिना

छीः : कुवीले सपनामा पाएको ज्ञान विद्या

चूरी तईमा : भविष्यको बारेमा सोधनी गर्नु

तबुछी : निधार

दामछोमा : चढाउनु

सईमा : मन्साउनु, सार्नु

ही : रगत

थूङसूङपो : लिङ्गो

नाम्छुरी : आकाश

नाम्खू : इन्द्रेणी

पोमा : उठाउँनु

पोका : उत्पन्न भयो


चासीरुसी : फलफूल

सायाचँमा : शीर उठाउनी

थकूलू : चौतारो

कँवाध : पानी पँधेरो

# तस्वीरहरु




**चित्र नं. १. सूतूलूङ मण्डल**



**चित्र नं. २. शोधकर्ताको घरभित्रको सूतूलूङ दोप्मा गर्नलाई तयार पारिएको सरसामाग्रीको अवस्था**



चित्र नं. ३. शोधकर्ताको पुर्ख्यौली सूतूलूङ र माता जी ६ सेमेङ्ग, षडानन्द नगरपालिका, भोजपुर



चित्र नं. ४. (छुनिमाङ) धानको भकारी (ढिकुटी) दोप्मा गर्नुभन्दा अगाडिको पूजाका लागि आवश्यक सर सामानहरु तयार गरिएको अवस्था



चित्र नं. ५. (रीवामाङ) कोदोको भकारीमा पूजा गर्नुभन्दा अगाडिको थान थपना स्थापना गरेको अवस्था



चित्र नं. ६. (तासामाङ) छोरीचेलीलाई पछ्याई आउने माइतीपट्टिको कुलदेवता तामसमाङ दोप्मा गर्नुभन्दा अगाडिको थान थपना स्थापना गरिएको अवस्था



चित्र नं. ७. शोधकर्ताको घरभित्र सूतूलूङमा सम्बोधन गरी सकेपछि कुखुराको भालेलाई अदुवा, अक्षता र सोलेवाको जाँडले तर्पाउँदै गरेको अवस्थामा सूतूलूङको अगाडि



चित्र नं. ८. कोदोको भकारी, रिवामाङ पूजामा कुखुराको भाले र पोथीलाई अक्षता, अदुवा र सोलेवा चिण्डोको जाँडले तर्पाउँदै गरेको अवस्था



चित्र नं. ९. शोधकर्ताको सूतूलूङमा पूजा गरी सकि भूत प्रेत, देवीदेउराली वायु वरमंसी, हिल्लसी ममंसीहरुलाई, चारओटा केटाको पातहरुमा छिकमासाहरु जाँड रक्सी, सुँगुर र कुखुराको मासुहरु अन्साई पन्साई गरेको अवस्था ! सेमेङ गाउँ ६ षडानन्द नगरपालिका भोजपुर जिल्ला



चित्र नं. १०. सूतूलूङ दोप्मा पूजा गरिसकेपछि सबै कुलपितृहरु र सूतूलूङ्गसँग विदा माग्दै गरेको अवस्था स्थानः शोधकर्ताको घरभित्र



चित्र नं. ११. किरात साम्पाङ राई, दाम्रेवा पाछाको छोरी लोहोरुङ, राई वाछुक्वा पाछाका ज्वाईलाई दिई टिकाटालो सकि सूतूलूङबाट निकाल्ने वा क्रिया सार्ने अवस्थामा कुविमीद्वारा सूतूलूङमा जानकारी गराउँदै गरेको अवस्थामा ६ सेमेङ षडानन्द नगरपालिका, भोजपुर



चित्र नं. १२. कुविमीले छोरी र ज्वाईको नाममा कुखुराको भाले र पोथीलाई पाछा र सामेईद्वारा वखान गरी तपाई सूतूलूङ अगाडि साक्षी राख्दै भविष्यप्रति राम्रो नराम्रो छुट्याई हेङ्खुवा गर्ने क्रममा



चित्र नं. १३. ज्वाई तर्फको कुखुरा भालेलाई सूतूलूङमा तर्पाएर ढाडैमा हिर्काई मुखबाट रगत तुप्लामा मुछेकी झर्दैन । चिङवा (संकेत) हेर्दै गरेको अवस्था



चित्र नं. १४. आफ्नो छोरी तर्फको पोथी कुखुरालाई सूतूलूङमा सम्बोधन गरी तर्पाएर, ढाडमा हिर्काइ मुखबाट रगत तुप्लामा झर्छ कि झर्दैन बत्ती बालेर चिङवा (संकेत) हेर्दै गरेको अवस्था



चित्र नं. १५. भोजपुर सेभेङ्ग गाउँका किरात साम्पाङ राई, दाम्रेवा पाछा, बुँङाछामा सामईकी छोरी संखुवासभा पाङ्गमाका लोहरुङ राई वाछुक्वा सामेइका जवाईलाई आफ्नो छोरी सूतूलूङबाट निकाल्नु भन्दा केही छिन अगाडि टिका लगाई दिएको अवस्था



चित्र नं. १६. संखुवा सभा धूपू गा.वि.स.को याम्फू राई पाछा रुमाबेन्छा, सामेइ सूँसाकी छोरी भोजपुर साम्पाङ गाउँको साम्पाङ राई दूमाहा पाछाको छोरासँग विवाह भई सूतूलूङ देखाई सकेपछिको टिका लगाउँदै गरेको अवस्था



चित्र नं. १७. होमे, कुविमी श्री दुर्गा प्रसाद राई सूतूलूङ दोप्माका लागि सूतूलूङको अगाडि पूजाका लागि विधिविधान अनुसार सर सामग्रीहरु मिलाउँदै । सूतूलूङ दोप्मा स्थान मेजर विश्वनाथ साम्पाङ र्राको घरभित्र एकान्त कुना, ललितपुर २०७३।१२।७



चित्र नं. १८. साम्पाङ राईकै घरमा कुविमी श्री दुर्गा प्रसाद राई सूतूलूङको अगाडि बसेर सूतूलूङलाई कुईमा गरी सूतूलूङसँग दोप्माक सम्बोधन वा आह्वान गर्दै गरेको अवस्था, स्थान : विश्वनाथ



चित्र नं. १९. कुविमी श्री दुर्गाप्रसाद राई, सूतूलूङ दोप्माक पूजा गरिसक्ने अवस्थामा घर बाहिर भूतप्रेत, सिए वायु बरमङसी आसेपासे हिल्लसी र ममंसीहरुलाई अन्साई पन्साई गर्दै गरेको अवस्थामा



चित्र नं २०. कुविमी, ६८ वर्षिय दुर्गाप्रसाद राई फेदी गा.वि.स.

वडा नं. २, खोटाङ



चित्र नं. २१. कुविमी, तायामी, सखेवा पुजारी ८१ वर्षिय श्री दल बहादुर राई, वासपानी गा.वि.स. वडा नं. ५, खोटाङ्ग जिल्ला, हाल: गोंगबुँ



चित्र नं. २२. कुविमी सेलेमी ७३ वर्षिय श्री भरम बहादुर साम्पाङ राई, दिदिङ गा.वि.स. वार्ड नं. ३, दिदिङ्ग, संखुवासभा जिल्ला



चित्र नं. २३. नागिरे, कुवमी ७४ वर्षिय श्री दुर्गाबहादुर राई "दुमाहा.. सूतूलूङ्मा नयाँ बुहारी भित्र्याउँदाको अवस्थामा अक्षता र अदूवाले तन्त्रमन्त्र गर्दै गरेको अवस्थामा । साम्पाङ गा.वि.स., साम्पाङ सत्तल १ भोजपुर जिल्ला ।



चित्र नं. २४. किरात मूद्दूमविद् श्री ६७ वर्षिय बारध्वज साम्पाङ राई,

साम्पाङ गा.वि.स., वडा नं. ९



चित्र नं. २५. यो "सूतूलूङ" शिक्षक श्री बखत बहादुर साम्पाङ्ग राईको घरभित्रको हो । तर वि.सं. २०५२-२०६२ साल बीचमा माओवादी द्वण्द्वकालमा विटुलो बनाइदिए पछि सार्वजानिक रुपमा अगेना वा चुनोको रुपमा प्रयोग गरेका छन् ।



चित्र नं. २६. शिक्षक श्री वखत बहादुर राईको पहिलेको पुर्ख्यौली सूतूलूङलाई विटुलो र अपवित्र पारिदिएपछि फेरि अर्कै ठाउँमा नयाँ चुलो स्थापना गरी किरात मूद्दूमका विधिविधान अनुसार कुलपितृ पूजाका लागि अर्को नयाँ सूतूलूङको स्थापना गरिएको पाइयो । एक घरमा एक चुलो र अर्को सूतूलुङ्ग भएको देखिन्छ । वडा नं. १० खाताम्छा गाउँ षडानन्द नगरपालिका, भोजपुर

## नेपालमा किरात राईहरुको प्रमुख बसोबास क्षेत्र र अन्य जिल्लाहरु





संकेत

१. सिमाना: अन्तरराष्ट्रिय, अञ्चल, जिल्ला-

२. किरात राईहरुको प्रमुख बसोबास क्षेत्र- \\\

३. दुई सयभन्दा बढी राईहरु बसोबास भएका अन्य जिल्लाहरु-

० ५० १०० कि. मि.


नेपालमा किरात साम्पाङ राईहरुको आदिमथाले र बसोबासका अन्य जिल्लाहरु
उ
चीन
भारत
दार्चुला
बझाङ
बाजुरा
हुम्ला
मुगु
बैतडी
डडेल्धुरा
डोटी
अछाम
कालिकोट
जुम्ला
डोल्पा
मुस्ताङ
दैलेख
जाजरकोट
कैलाली
रुकुम
सुर्खेत
सल्यान
बर्दिया
रोल्पा
बाँके
दाङ
प्युठान
गुल्मी
अर्घाखाँची
पाल्पा
कपिलवस्तु
रुपन्देही
नवलपरासी
बागलुङ
म्याग्दी
पर्वत
मनाङ
कास्की
लमजुङ
गोरखा
स्याङ्जा
तनहुँ
चितवन
रसुवा
धादिङ
नुवाकोट
सिन्धुपाल्चोक
दोलखा
सोलुखुम्बु
काठमाडौं
भक्तपुर
ललितपुर
काभ्रे
मकवानपुर
रामेछाप
ओखलढुंगा
सिन्धुली
खोटाङ
भोजपुर
संखुवासभा
ताप्लेजुङ
तेह्रथुम
पाँचथर
इलाम
धनकुटा
पर्सा
बारा
रौतहट
सर्लाही
धनुषा
महोत्तरी
सिराहा
उदयपुर
सप्तरी
सुनसरी
मोरङ
झापा
संकेत
१. सिमाना: अन्तरराष्ट्रिय, अञ्चल, जिल्ला-
२. किरात साम्पाङ राईहरुको आदिमथलो मानिएको क्षेत्र-
३. किरात साम्पाङ राईहरु बसोबास रहेका अन्य जिल्लाहरु-
० ५० १०० कि. मि.